रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ६, अङ्क ७, पूर्णाङ्क २४० | २०७७ भदौ २४ गते बुधबार | Wednesday, 9 Sep 2020 | www.eratokhabar.com | मूल्य रु. १०

रातो खबर साप्ताहिकका निर्देशक अनिल शर्मालाई रिहाइको आदेश

काठमाडौं : रातो खबर साप्ताहिकका निर्देशकसमेत रहेका मार्क्सवादी लेखक एवम् साहित्यकार अनिल शर्मा 'विरही' लाई जिल्ला अदालत धनुषाले धरौटीमा रिहा गर्न आदेश दिएको छ । अदालतमा मङ्गलबार भएको बहसपछि न्यायाधीश विनोद खतिवडाको इजलासले शर्मालाई रिहाइको आदेश दिएको हो ।

शर्माका तर्फबाट नेपाल

... बाँकी पृष्ठ ७ मा

नेकपाको चेतावनीपछि रेलमार्गको अवैध ठेक्का रद्द

■ **अम्बिका चन्द**/काठमाडौं

राज्यकोषको ठूलो रकम लागानी हुने भनिएको पूर्व-पश्चिम विद्युतीय रेलमार्गको काँकडभिट्टा-इनरुवा खण्डका सबै ५४ वटा ठेक्काहरू अन्ततः रद्द गरिएको छ । रेल विभागले मङ्गलबार सूचना प्रकाशित गर्दै असार १३ र १७ गते निकालिएको ५४ वटै प्याकेजको ठेक्का रद्द गरेको जनाएको हो ।

रेल आयोजनाका लागि मुआब्जा वितरण नगरी प्राविधिक एवम् आर्थिक मूल्याङ्कनबिनै आफ्नै राज्यको कानुनविपरीत रेल आयोजनाको ठेक्का आह्वान गरिएपछि राष्ट्रको ठूलो सम्पत्ति हिनामिना हुनसक्ने भन्दै चौतर्फी विरोध र आलोचना भएपछि उक्त रेल ठेक्का निकै विवादित बनेको थियो । उक्त रेल मार्गमा ठूलो परिमाणमा राष्ट्रको ढुकुटी सक्ने खेल भएको भन्दै नेपाल कम्युनिस्ट पार्टीले रेल विभागका महानिर्देशक र ठेकेदार गिरोहलाई कारबाही गर्ने कडा चेतावनी दिएको थियो ।

नेकपाका प्रवक्ता प्रकाण्डले शनिबार विज्ञप्ति जारी गर्दै रेलमार्ग निर्माणका नाममा अर्बौं रकम भ्रष्टाचारको खेल गर्ने रेल विभागका महानिर्देशक र ठेकेदार गिरोहलाई सरकारले तुरुन्तै कारबाही नगर्ने हो भने जनताको आक्रोश र कारबाहीको मागको नेतृत्व नेपाल कम्युनिस्ट पार्टीले गर्ने बताएका थिए । उनले त्यो बेला राज्यका सञ्चालकहरूले नेपाल कम्युनिस्ट पार्टीलाई कानुन हातमा लियो, आतङ्क मच्चायो, लोकतन्त्रलाई चुनौती दियोलगायत तथानाम आरोपहरू लगाउन नपाउने विज्ञप्तिमा उल्लेख गरेका थिए ।

राष्ट्रको सम्पत्ति दोहन गर्ने भ्रष्टाचारीलाई कारबाही गर्दा पार्टीमाथि लगाइने आरोप र षड्यन्त्रका विरुद्ध आमनेपाली जनतालाई प्रतिरोध आन्दोलनमा उत्रिन आग्रह गर्दै प्रकाण्डले विज्ञप्तिमा भनेका थिए, 'कथित पूर्व-पश्चिम रेलमार्गको परियोजनाका नाममा काँकडभिट्टा-इनरुवा खण्डमा माटो भर्ने योजना सरकारको यातायात मन्त्रालयअन्तर्गतको रेल विभागले ३३ अर्बमाथिको ठेक्का मुआब्जा वितरण नगरी, प्राविधिक एवम् आर्थिक मूल्याङ्कनबिनै, आफ्नै राज्यको कानुनविपरीत यातायात मन्त्रालय, रेल विभागको महानिर्देशक बलराम मिश्र, कथित सिन्डिकेटधारी ठेकेदार एवम् कम्पनी शर्मा एन्ड कम्पनीका रमेश शर्मा, गोल्डेन गुड्स कम्पनीका ग्याल्जे शेर्पा, कालिका कम्पनीका विक्रम पाण्डे, लामा कम्पनीका जिपछिरिङ लामालगायत गिरोहले ६ अर्बभन्दा माथिको कमिसनको खेल र सेटिङमा नेपाली जनताको सम्पत्ति लुटखसोट गर्ने डिजाइन गर्दा र सञ्चारमाध्यममा छताछुल्ल हुँदासमेत सरकार नसुने-नदेखेझैं गरिरहेको र नेपाल वायुसेवा निगमको वाइडबडी भ्रष्टाचार काण्डलाई समेत माथ गर्ने रेल भ्रष्टाचार र कमिसन काण्ड कुनै पनि मूल्यमा सैह्य हुनेछैन ।'

यस्तै देशैभरिका किसानहरू मलको समस्याले गर्दा छट्पटाइरहेको बेला सरकारले भने भ्रष्टाचारी र बदनामहरूलाई नै मल खरिदको ठेक्का दिएको भन्दै प्रकाण्डले विज्ञप्तिमा भनेका थिए, 'आपूर्तिका निम्ति भनेर सरकारले ठेक्का आह्वान गरेर सरकारी नेकपा र नेपाली काङ्ग्रेसका नेताहरूका रक्षाकवच, शैलुङ कन्स्ट्रक्सन कम्पनीका शारदाप्रसाद अधिकारी र होबिको मल्टिपल कम्पनीका होमनाथ कोइरालालाई कथित सस्तो दरमा मल आपूर्ति गर्ने नाटकमा ठेक्का दियो । जुन कम्पनी निर्माण क्षेत्रमा दर्जनौं पुल र सडकहरू बर्सौंसम्म अलपत्र पार्ने कम्पनी हुन् भने ठेकेदारहरू राज्यको ढुकुटी लुटेर नेता र आफ्ना व्यक्तिगत सम्पत्तिमा बदल्ने भ्रष्ट, कमिसनखोर र बदनाम तत्वहरू हुन् । बोलकबोलअनुसार सम्बन्धित ठेकेदारहरूले मल आपूर्ति नगर्दा लाखौंलाख किसानको धानबाली बिग्रिंदा र देशको उत्पादनमा ठूलो नोक्सानी हुँदासमेत

... बाँकी पृष्ठ ७ मा

नेकपाका कार्यकर्ता गिरफ्तार गर्न गोली प्रहार

नेपाल कम्युनिस्ट पार्टीको जनकपुर ब्युरोले सिन्धुलीबाट आफ्नो पार्टीका ८ जना कार्यकर्तालाई प्रहरीले ८ राउन्ड गोली चलाएर गिरफ्तार गरेको भन्दै त्यसको विरोध तथा भर्त्सना गरेको छ ।

पार्टीका जनकपुर ब्युरो इन्चार्ज अरुणले बुधबार प्रेस विज्ञप्ति जारी गरी उक्त घटनाको विरोध गर्दै आफ्नो पार्टीका कार्यकर्ता अखण्डलाई प्रहरीले गिरफ्तारीका क्रममा खुट्टा भाँचिदिएको बताएका छन् । साथै अरुणले विज्ञप्तिमा आफ्नो पार्टीले शिक्षकलाई अपहरण गरेको भन्ने सार्वजनिक अभिव्यक्ति कपोलकल्पित भएको भन्दै शिक्षक अपहरण गर्ने

... बाँकी पृष्ठ ७ मा

सर्वोच्चको आदेशमा रिहा हुनासाथ नेकपाका नेता बीसी पुनः गिरफ्तार

सर्वोच्चअदालतको रिहाइ आदेशपछि रिहा भएलगत्तै नेपाल कम्युनिस्ट पार्टीका चितवन जिल्ला इन्चार्ज लालबहादुर बीसीलाई प्रहरीले पुनः गिरफ्तार गरी सुनसरी लगेको छ ।

सर्वोच्च अदालतमा

... बाँकी पृष्ठ ७ मा

जनगणतन्त्र कोरियाको ७२ औं स्थापना दिवस मनाइयो

■ **गोपाल गिरी**/काठमाडौं

सेप्टेम्बर ७ तारिख अर्थात् भदौ २२ गते नेपालस्थित जनगणतन्त्र कोरियाली राजदूतावासले कोरिया स्थापनाको ७२ औं वर्षगाँठ मनाएको छ ।

नेपालस्थित जनवादी गणतन्त्र कोरियाका राजदूत जो योङ मामले कोरियाली राजदूतावासमा आयोजना गरेको वर्षगाँठ कार्यक्रममा कोरियासँग सम्बन्धित नेपालका विभिन्न सामाजिक तथा मैत्री सङ्घसंस्थाका प्रमुखहरूले जनगणतन्त्र कोरियाका संस्थापक तथा राष्ट्रपति किम इल सुङप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै कोरियाका सर्वोच्च नेता मार्सल किम जोङ उन र कोरियाली जनताप्रति हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

उक्त कार्यक्रममा कोरियाको समृद्धि तथा स्थायी शान्ति तथा बलियो समाजवादी व्यवस्थाका लागि उपस्थित सबैले हार्दिक शुभकामना व्यक्त गर्दै कोरियाका संस्थापक महान् नेता किम इल सुङको तस्बिरमा माल्यार्पण गरिएको थियो ।

उक्त भेटघाट कार्यक्रममा रातो खबर प्रकाशन गृहका प्रबन्धनिर्देशक भीमप्रसाद चापागाईं, सङ्गुन समर्थन समूहका अध्यक्ष तथा नेपाल कोरिया मैत्री सङ्घका केन्द्रीय उपाध्यक्ष माणिक लामालगायत विभिन्न सङ्संस्थाका प्रमुखहरूको उपस्थिति थियो ।

... बाँकी पृष्ठ ७ मा

सुरेश वाग्ले 'वासु' को २२ औं स्मृति दिवस

तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीका पोलिटब्युरो सदस्य सुरेश वाग्ले 'वासु' को २२ औं स्मृति दिवस देशभर मनाइएको छ । जनयुद्धका क्रममा २०५६ साल भदौ २३ गते नेता वासुले गोरखामा सहादत प्राप्त गरेका थिए ।

सहिद वासुको सम्झनामा नेकपाले देशैभरि विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको छ । यसैबीच नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयले कार्यक्रम आयोजना गरी सहिद वासुका योगदानहरूको स्मरण गरेको समाचारमा जनाइएको छ ।

त्यसैगरी नख्खु कारागारमा रहेका नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' ले सहिद वासुप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन् । जनयुद्धकालमा माओवादी पार्टीको उच्च तहबाट बलिदान गर्ने वासुको सपना र आदर्शअनुसार आफ्नो पार्टी अघि बढिरहेको भन्दै नेकपा नेता सुदर्शनले नक्कली नामधारी कम्युनिस्टहरूले वासुलगायत सहिदहरूको रगतको ब्याज मात्र खाने गरेको बताएका छन् । उनले आफ्नो पार्टी मात्र सहिदहरूले मार्गनिर्देशन गरेको बाटोमा अघि बढेको पनि प्रस्ट पारेका छन् ।

नेपाल कम्युनिस्ट पार्टीले देशका विभिन्न ठाउँमा सहिद वासुको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गरेको समाचारमा बताइएको छ ।

रोल्पाली युवाहरूको उद्घोष– नेपालमा हुने नयाँ क्रान्तिका लागि हामी तयार छौं

■ **रातोखबर संवाददाता**/रोल्पा

क्रान्तिको अभेद्य किल्ला रोल्पाका युवाहरूले प्रचण्ड-बाबुरामले क्रान्तिलाई अधुरो छोडेर आमजनता र युवाहरूलाई निराश बनाइरहेको अवस्थामा विप्लवले पुनः क्रान्तिको झन्डा उठाएर यसको नेतृत्व गरेकाले जनतामा ठूलो आशा पलाएको बताएका छन् । उनीहरूले पार्टी र क्रान्तिका लागि आफूहरू जस्तोसुकै जोखिम मोल्न पनि तयार रहेको बताएका छन् ।

रोल्पाका युवा नेता तथा नेकपाका रोल्पा सचिव दिनेशविक्रम चन्दले त्यहाँ आयोजित युवाहरूको भेलालाई सम्बोधन गर्दै युवाहरू नै देश परिवर्तनको मुख्य संवाहक भएकाले सबै तह र तप्काका युवाहरू एकजुट भएर सहिदहरूका अधुरा सपना पूरा गर्न नेपाली जनताको न्याय, मुक्ति, स्वतन्त्रता, समानता, स्वाधीनता, राष्ट्रियता, जनतन्त्र, जनजीविकाका निम्ति एकीकृत जनक्रान्तिको महान् अभियानमा लामबद्ध हुनुपर्ने बताए । दलाल संसदीय व्यवस्थाको अन्त्य गर्दै वैज्ञानिक समाजवादी राज्य व्यवस्था स्थापना गर्न युवाहरूको महत्वपूर्ण भूमिका हुने भएकाले युवाहरू सचेत ढङ्गले अगाडि बढ्नुपर्नेमा सेक्रेटरी चन्दले जोड दिएका छन् ।

अहिले समाजमा देखिएका विकृति, विसङ्गति, स्थानीय तहहरूमा भैरहेको भ्रष्टाचार, अनियमितता, लुटपाट, ढिलासुस्ती, अन्याय, अत्याचार, विभेद स्थानीय जनप्रतिनिधिहरूको दादागिरीलाई अन्त्य गर्न र जनताको आवश्यकताअनुसार जनसेवाको कार्यमा एकजुट भएर जुट्न उनले युवाहरूलाई निर्देशन पनि दिएका

... बाँकी पृष्ठ ७ मा

पेट्रोलमा गरिएको मूल्यवृद्धि तत्काल फिर्ता लिन अखिल क्रान्तिकारीको माग

■ **जिपी चौलागाईं**/काठमाडौं

नेपाल आयल निगमले इन्डियन आयल कर्पोरेसनको हवाला दिँदै पेट्रोलको मूल्य बढाएपछि अखिल (क्रान्तिकारी) ले आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको छ ।

क्रान्तिकारीका अध्यक्ष चिरञ्जीवी ढकालले बुधबार प्रेस विज्ञप्ति जारी गर्दै पेट्रोलको मुल्य बढाउने निर्णयप्रति आफ्नो सङ्गठनको गम्भीर ध्यानाकर्षण भएको बताएका हुन् ।

क्रान्तिकारीका अध्यक्ष ढकालले विज्ञप्तिमा भनेका छन्, 'विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना सङ्क्रमण, त्यसपछि निर्विकल्प रूपमा वली सरकारद्वारा लादिएको निरन्तर बन्दाबन्दी र निषेधाज्ञाले जनताको दैनिक जीवन धान्नसमेत ज्यादै कठिन रहेको समयमा गरिएको मूल्यवृद्धिको हामी घोर निन्दा एवम् भर्त्सना गर्दछौं । आफ्ना जनताको कमजोर अवस्थाको हेक्का नै नराखी केवल भारतीयहरूले पठाएको पत्र देखाउँदै मूल्यवृद्धि गर्नुले भ्रष्टाचारमा चुर्लुम्म डुबेको वली सरकार एउटा नैतिकहीन व्यापारीको स्तरमा गिर्न पुगेको कुरा छर्लङ्ग भएको छ ।'

साथै क्रान्तिकारीका अध्यक्ष ढकालले सरकारले गरेको मूल्यवृद्धिको निर्णय तत्काल फिर्ता लिन वली सरकारलाई चेतावनी दिएका छन् । साथै उनले जनताका विरुद्ध अनेकौं षड्यन्त्रमा तल्लीन रहेको भ्रष्ट, नैतिकहीन र जनमारा दलाल संसदीय शासन व्यवस्था अन्त्यका लागि सङ्घर्ष गर्न सम्पूर्ण युवा विद्यार्थीहरूमा अपिल गरेका छन् ।

सरकारी उदासीनताकै

... बाँकी पृष्ठ ७ मा

नेपालका कम्युनिस्टहरूले बुझ्नुपर्ने कुरा

देश/परिवेश

■ विप्लव

नेपालमा कम्युनिस्ट प्रभाव बलियो भएको देखेर विश्वभरिका पुँजीवादीहरू हैरान छन् । उनीहरू यो प्रभावलाई कमजोर बनाउन र सकेसम्म समाप्त नै पार्न अनेकौं राजनीतिक, आर्थिक, सांस्कृतिक चालहरू चलिरहेका छन् । नामधारी कम्युनिस्ट केपी-प्रचण्डहरूका गलत आर्थिक एवम् राजनीतिक क्रियाकलापले पुँजीवादीहरूका चालहरूलाई सहयोग पुऱ्याइरहेका छन् । इमानदार कम्युनिस्टहरूले वस्तुवादी भएर कदम नचाल्ने हो भने नेपालको कम्युनिस्ट आन्दोलनले केही वर्षमै रुसको गोर्बाचोभ र भारतको ज्योति वशुका कारण सिङ्गो कम्युनिस्ट आन्दोलनले क्षति भोग्नुपरेकै जस्तो अवस्था आउन सक्छ तर वस्तुवादी नीति, योजना निर्माण गरेर जाँदा नेपालले विश्वलाई वैज्ञानिक समाजवादको मार्गमा हिँड्न उत्प्रेरणा दिन सक्छ ।

पुँजीवादीहरूले नेपालका कम्युनिस्टहरूलाई सक्नका लागि तात्कालिक र दीर्घकालिक अर्थराजनीतिक कदमहरू चालिरहेका छन् ।

पुँजीवादीहरूको दीर्घकालीन योजना कम्युनिस्टहरूलाई पाइला-पाइलामा बदनाम गर्ने, होच्याउने, जुधाउने, फुटाउने, जनताका दृष्टिमा असफल भएको देखाउँदै गएर समाप्त पार्नेछ भने तत्कालको योजना कम्युनिस्टहरूलाई फकाउने, लोभ्याउने, फसाउने, दलाल पुँजीवादको रक्षक बनाउने र क्रान्तिबाट विमुख गर्ने रहेको छ ।

हामी देखिरहेका छौं- तत्काल केपी-प्रचण्डबाट दलाल पुँजीवादी राज्यसत्ता र पुँजीवादी संसदीय व्यवस्थालाई संरक्षण गर्न संसदीय व्यवस्थाको महिमागान गर्न लगाउने, यो व्यवस्था नै जनताको व्यवस्था हो भन्न लगाउने, वैज्ञानिक समाजवाद सम्भव छैन, क्रान्ति गरेर वैज्ञानिक समाजवाद आउँदैन भनेर बोल्न लगाउने, लेनिन, माओका विरुद्ध बोल्न र लेख्न लगाएर साम्यवादकै विरुद्ध उभ्याउने कार्य गरिरहेका छन् । उनीहरू कम्युनिस्टकै नामबाट क्रान्तिकारी एवम् इमानदार कम्युनिस्टहरूलाई दमन गर्न उक्साइरहेका छन् ।

पुँजीवादीहरूले राजनीतिक उद्देश्य पूर्ति गर्नका लागि आर्थिक क्षेत्रबाट सबैभन्दा बढी हमला गरिरहेका छन् । उनीहरूले कम्युनिस्ट पार्टीका नेतालाई भित्रभित्रै भ्रष्ट पार्ने, व्यक्तिगत स्वार्थको लालचमा फसाउने, श्रमिक जनताको सम्बन्धबाट थुतेर अभिजात वर्गमा पतन गराउने, दलाल पुँजीवादी दलालमा बदल्ने, विभिन्न गैरसरकारी संस्था लगाएर

... बाँकी पृष्ठ ३ मा

सम्पादकीय

मानवीयता र संवेदनशीलता मरेको सरकार

जब मानिस गम्भीर गल्ती गर्छ ऊ सबैसँग डराउन थाल्छ । सच्याउनै नसकिने गल्तीहरू दोहोऱ्याउन थालेपछि ऊ कतिसम्म कायर हुन्छ भने अगाडि जे देखे पनि तर्सिन थाल्छ । कायरहरू मानिसको छाया देखे पनि आफूलाई आक्रमण गर्ने शक्ति सामुन्ने आएको ठान्छन् र भाग्न थाल्छन् वा आवेशमा आएर जथाभाबी आक्रमण गर्न थाल्छन् । धेरै गल्ती गर्ने र गल्ती दोहोऱ्याइरहनेहरू विपनामा मात्र होइन, सपनामा पनि बर्बराउन थाल्छन् र आफ्नो वरिपरिका सबै चीजवस्तुहरूसँग तर्सिन थाल्छन् । बच्चाहरूलाई डराउन शिशु अवस्थादेखि नै अभिभावकहरूले हाल्ने भूतप्रेतका बेतुकका त्रासद् कथाका कारण मानिस किशोर र युवा मात्र होइन, वृद्धावस्थासम्म पनि कुनै अमूक आकृतिसँग तर्सिरहन्छन् । यो कुरा व्यक्तिमा मात्र होइन, सत्ता र सरकारमा पनि लागू हुन्छ, हुँदो रहेछ ।

साम्राज्यवादले देखाएको कम्युनिस्टविरोधी भूतका कारण आज पनि शासकहरू वैज्ञानिक समाजवादका पक्षधरहरूसँग तर्सिरहेका छन् । उनीहरू कि त लुकिरहेका छन्, भागिरहेका छन् कि त जथाभाबी आक्रमण गरिरहेका छन् । आज कम्युनिस्ट खोल ओढेर नक्कली समाजवादको जामा पहिरिँदै देश र श्रमिक वर्गमाथि ब्रह्मलूट मच्चाइरहेको केपी वली सरकार कम्युनिस्टको भूतले तर्सिरहेको छ किनकि हिटलर र मुसोलिनीहरूले, डोनाल्ड ट्रम्प र नरेन्द्र मोदीहरूले उसलाई कम्युनिस्ट देख्नासाथ कि भाग्नू कि आक्रमण गर्नू भनेर सिकाएका छन् । आफ्ना अग्रज र गुरुहरूको उत्तरदानका रूपमा वली सरकार कम्युनिस्ट पार्टी, कम्युनिस्ट नेता-कार्यकर्ता मात्र होइन, मार्क्सवादी लेखक, स्रष्टा र संस्कृतिकर्मीहरूसँग कि लुकिरहेको छ, भागिरहेको छ कि त अन्धाधुन्ध आक्रमण गरिरहेको छ । उसको आक्रमणको शैली कहिले आवेग र क्रूरतापूर्ण हत्या हुन्छ, कहिले अन्धाधुन्ध गिरफ्तारी, यातना, जेलनेल र हिरासत हुन्छ । पछिल्लो समयमा मार्क्सवादी स्रष्टासमेत रहेका रातो खबर साप्ताहिकका निर्देशक एवम् नेकपाका नेता अनिल शर्मा 'विरही' देखि नेकपाको सहायक सङ्गठन युवा सङ्गठन नेपाल सिन्धुलीका अध्यक्ष राजीव सुनुवार 'अखण्ड' सम्मको अशक्त र बिरामी अवस्थामै भएका कायरतापूर्ण गिरफ्तारीले वली सरकारको हिटलरपथलाई राम्ररी देखाउँछन् ।

केपी वली सरकार र रामबहादुर थापा प्रशासन यतिबेला निरन्तर हिटलरी फासिवादको उत्कृष्ट र निकृष्ट प्रयोग एकैचोटि गरिरहेको छ । आफ्ना विरोधीहरू हुर्किए भने सत्तामाथि खतरा हुन्छ भनेर विरोधीहरू, बलबालिकादेखि वृद्धवृद्धासम्म, रोगी, अशक्तदेखि अपाङ्गसम्म सबैलाई ग्याँस च्याम्बरमा हालेर मार्ने र प्रतिपक्ष समाप्त पारेर निष्कण्टक राज्यसत्ता सञ्चालन गर्ने हिटलरको फासिवादको उत्कृष्ट नमुना केपी वली सरकार बन्दै गएको छ । बिरामी, अशक्त, अपाङ्ग, अस्पतालमा उपचार गराइरहेका घाइते, स्रष्टा, लेखक, बुद्धिजीवीदेखि यो सत्ता र सरकारदेखि असन्तुष्ट कुनै पनि व्यक्ति दुस्मन हुन् र तिनलाई जरैदेखि उखेलेर समाप्त पार्नुपर्छ भन्ने वली सरकारको दर्शन र कार्यक्रम हो ।

हिटलर त बरु आफ्नो समूहका लागि, आफ्नो देशको रक्षाका लागि इमानदार थियो । विपक्षीहरू र विशेषगरी कम्युनिस्ट र यहुदीहरूलाई शत्रु देख्नु उसको सीमा थियो तर केपी वली सरकार न आफ्नो पार्टी, गुट र समूहभित्रै लोकप्रिय छ, न त आफ्नो देशप्रति इमानदार छ । जनताको जीविका अत्यन्त करुणादायी छ । वली सरकार चियापानी र 'दारुभोज' मा मुलुकको २० अर्ब रुपैयाँ स्वाहा पारिरहेछ । नेपालको राष्ट्रियता दाउमा लगाइरहेको छ सत्ताका लागि । भारतीय साम्राज्यवादले मिचेको भूमि फिर्ता गराउन पहल गर्नु छैन, महामारीका रूपमा फैलिरहेको कोरोना प्रकोप नियन्त्रणमा संवेदनशील हुनु छैन, महँगी, भ्रष्टाचार, कालोबजारी, कमिसनमा लिप्त र छ र त्यसको विरोध गर्नेहरू राजनीतिक पार्टी होऊन् वा स्रष्टा, आक्रोशित जनसमुदाय होऊन् वा संस्कृतिकर्मी जहाँ, जुन अवस्थामा भए पनि चिलले चल्ला टिपेझैँ टिप्यो, थुन्यो, झूट्टा मुद्दा लगाएर हिरासत र जेलमा कोच्यो, सडायो, बस् ! इतिहासमा योभन्दा दुर्दिन मुलुकका लागि कहिले आउँछ ? जनताका लागि यस्तो स्वेच्छाचारी र उन्मादी सत्ता कसको आउँछ ?

अघिल्लो साताको अन्त्यमा वली सरकारले रातो खबर साप्ताहिकका निर्देशक एवम् लेखक अनिल शर्मा 'विरही' लाई उपचार गराइरहेको अवस्थामा अस्पतालबाटै गिरफ्तार गऱ्यो । यद्यपि गत वैशाख २३ गते स्वास्थ्य अवस्था गम्भीर भएपछि उपचारका लागि अस्पतालमा भर्ना भएका विरहीलाई वली सरकारले अस्पतालको शैयाबाटै गिरफ्तार गरेर दुनियाँसामु कलङ्कित अनुहार प्रस्तुत गरिसकेको थियो । अदालतले बारम्बार बिरामी अवस्थामा गिरफ्तार नगर्न र रिहा गर्न आदेश दिएपछि पनि वली सरकारले विरही उपचाररत अस्पतालमा प्रहरी तैनाथ गरिरह्यो । न्यायकर्मी, संस्कृतिकर्मी, स्रष्टाहरू, अधिकारकर्मीहरू यस्तो अमानवीय कार्य नगर्न सरकारलाई सुझाव दिइरहे, आग्रह गरिरहे, चिन्ता र चासो व्यक्त गरिरहे तर पत्थरको हृदय भएको वली सरकारले सबै आग्रह र निर्णयहरूलाई बेवास्ता र तिरस्कार गर्दै एउटा घाइते र दीर्घरोगी स्रष्टालाई घेराउ गरिरह्यो । अन्ततः गत शनिबार अस्पतालले डिस्चार्ज गर्नासाथ सशस्त्र प्रहरी भ्यानहरूले घेरा हालेर उनलाई कायरतापूर्वक गिरफ्तार गऱ्यो र अन्यत्र राज्यविरुद्ध मुद्दा दर्ता भएका छन् भन्दै पूर्वतिर लग्यो । यो निन्दनीय घटना हो । विरही राजनीतिकर्मी त हुन् नै, उनी संस्कृतिकर्मी र मार्क्सवादी स्रष्टा पनि हुन् । अस्पतालको शैया नम्बर उल्लेख गरेरै उनी सिर्जना गरिरहेका थिए । एउटा दीर्घरोगी र कलम चलाएर अस्पतालको शैयामा उपचार गराइरहेको मानिसबाट पनि कति त्रसित छ वली सरकार ? मानिसहरू प्रश्न गर्न थालेका छन्- यो वली सरकारको मात्र समाप्तिको सङ्केत मात्र हो वा दलाल पुँजीवादी व्यवस्थाकै ?

लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– रातो खबर साप्ताहिक

..... गताङ्कबाट क्रमशः

अर्थव्यवस्थाका आधारभूत तत्व

धर्मेन्द्र बास्तोला 'कञ्चन'

उत्पादन सम्बन्ध र संस्कृति

उत्पादन सम्बन्धले जुन प्रकारको सामाजिक सम्बन्ध बनाएको हुन्छ त्यहीअनुसारको संस्कृति पैदा हुन पुग्छ । दासयुगमा पाइने संस्कृति र सामन्तवादी युगमा पाइने मानिसका संस्कृति बेग्लै थिए । दासयुगमा दासको परिवारमा जन्मेको मानिस दासमालिकका लागि खरिदबिक्री गर्न सकिने वस्तुका रूपमा प्रयोग गरिन्थ्यो । केवल नगरमा बस्ने नगरबासी जसलाई नागरिक भनिन्थ्यो, उनीहरू मात्र मानिस हुन् भन्ने मान्यता थियो । दासहरूमा पनि आफू दास भएको र मालिकका निम्ति बिक्री हुने वस्तु भएको स्वीकार गर्ने प्रवृत्ति हुन्थ्यो । त्यस समयको उत्पादन सम्बन्धले मानिसलाई दास संस्कृतिमा हुर्कने बनाएको थियो । सामन्ती युगमा पनि त्यही प्रकारले सामन्ती संस्कृति विकास भयो । यसप्रकारको संस्कृति त्यतिबेलाको उत्पादन सम्बन्धले प्रदान गरेको उपज हुन्थ्यो । शासक वर्गले जुन प्रकारको संस्कृति विकास गऱ्यो त्यही संस्कृति जनताको हुने भयो । त्यस्तैगरी पुँजीवादी व्यवस्थामा उपभोगवादी संस्कृति, पराधीनवादी संस्कृति, परजीवी संस्कृतिको विकास भएको छ र हरेक चीजहरू, विचार, सिद्धान्त, नीति, उत्पादन मरणासन्न अथवा कम समयका लागि टिक्ने अवस्थामा उत्पादन हुने गरेका छन् । त्यसको पछाडिको मुख्य कारण के हो भने पुँजीवादी उत्पादनमा पैदा हुने संस्कृति वस्तुको विकासको प्रक्रियाभन्दा उपयोग, उपभोग र मुनाफामा आधारित हुने गरेको छ जसले हरेक वस्तुको अस्तित्व, नीति, विधि र सामाजिक सम्बन्धहरूलाई अस्थायी र अस्थिर बनाइदिन्छ । यसप्रकारको संस्कृति पुँजीवादी संस्कृति हो जसमा मानवतावाद कम हुने गर्छ, मानवीय संस्कृतिको अभाव हुने गर्छ ।

उत्पादनका साधनहरू हातमा हुने अवस्थामा मात्र उत्पादक शक्तिले वास्तविक मानवीय संस्कृतिको अभ्यास गर्न पाउँछ । मानिसले आफ्नो हातमा उत्पादनका साधनहरू प्राप्त गर्न सकेको छैन भने अथवा उत्पादनका साधनहरू उत्पादक शक्तिको हातमा हुने अवस्था पैदा हुन सकेन भने त्यो मानिस केवल दास हुनलायक हुन्छ । १८७० मा फर्डिनान्ड लासालले जर्मन मजदुर आन्दोलनका लागि जारी गरेको गोथा कार्यक्रमको पहिलो वाक्यांशमा भनिएको थियो, 'सबै सम्पत्ति र संस्कृतिको स्रोत भनेको श्रम हो ।' त्यो कार्यक्रमको बयानमा निश्चित रूपले सतहमा श्रमलाई उच्च प्राथमिकता दिइएको थियो तर मार्क्सले यो भनाइमा सैद्धान्तिक गल्ती देख्नुभयो । उहाँले औँल्याउनुभयो- श्रमले सम्पत्ति र संस्कृति केवल उत्पादक शक्ति र उत्पादनका साधनहरूको समायोजनमा मात्र पैदा गर्न सक्छ । उत्पादनका साधनबिना र उत्पादनका साधनहरूको अधिकारबिना श्रमको के हविगत हुन्छ ? मार्क्सले सहज रूपमा औँल्याउनुभयो, 'जुन मानिसले आफ्नो श्रम शक्तिबाहेक अरू केही पनि सम्पत्ति आफ्नो बनाउन सक्दैन, सबै समाज र संस्कृतिमा, त्यो अरू ती मानिसहरूको दास भएको हुनुपर्छ जसले आफूलाई श्रमिकको मालिक बन्ने वस्तुगत अवस्था बनाइरहेका हुन्छन् । उसले उनीहरूको अनुमतिमा मात्र काम गर्न सक्छ र उनीहरूको अनुमतिमा मात्र जिउन सक्छ ।'

दासयुगीन समाजको संस्कृति र सामन्तीयुगीन संस्कृति मालिकको सेवा गर्ने, उसको इच्छाअनुसार काम गर्ने र उसको इच्छाअनुसार जिउने अवस्थामा रहेको थियो । त्यस्तै बुर्जुवा वर्गले संस्कृतिलाई जडका रूपमा प्रस्तुत गर्छन् र त्यो समाजभन्दा बेग्लै तरिकाले स्थापित भएको देखाउन खोज्छन् । यस विषयमा गहिराइ बुझ्ने र कम्युनिस्ट दृष्टान्त दिने काम कम्युनिस्टले मात्र गरे । समाजवादी रुस र समाजवादी चीनको विकसित संस्कृति, मानिसबाट मानिसमाथि शोषण-उत्पीडनको अन्त्य गर्ने संस्कृति, महिला र पुरुष बराबर हुने संस्कृति, संसारका सबै मानिसलाई कुनै जात-जाति वा कुनै रङ्गभेद र वर्णभेद नगर्ने संस्कृति, समस्त मानव जातिका लागि 'वसुधैव कुटुम्बकम्' भन्ने संस्कृतिको विकास भएको थियो । अहिलेको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा समाजवादी संस्कृतिको गहिराइलाई विश्लेषण गर्ने कोसिस क्रान्तिकारी कम्युनिस्ट पार्टी संयुक्त राज्य अमेरिकाका अध्यक्ष बब एभाकियनले गनुँभएको छ । एभाकियनले भन्नुभएको छ, 'यो कुरा सही हो, उदाहरणका लागि कलामा, संस्कृतिमा, हमेसा विषयहरूलाई यसरी प्रस्तुत गरिन्छ, उनीहरू वास्तविक वस्तुगत अवस्थाभन्दा फरक छन् ।' त्यसमा प्रस्ट गर्दै उहाँले भन्नुभएको छ, 'यसबारेमा मार्क्सले आलोचनात्मक रूपमा गहिराइमा देख्नुभयो र जसरी उहाँले प्रस्तुत गर्नुभयो, सही कुरा समाजको आर्थिक उपरिसंरचनाभन्दा कदापि माथि हुन सक्दैन र त्यसबाट संस्कृतिको अवस्था निर्धारण हुन जान्छ । यो कुरा अर्को तरिकाले भन्नु पर्दा सही कुराहरू समाजले निर्धारण गरेको व्यवस्थाले, आर्थिक व्यवस्थाले, उत्पादन सम्बन्धले, राजनीति र कानुनजस्ता उपरिसंरचनाले, साथसाथै विचार र संस्कृतिले निर्धारण र नियन्त्रित गरेको हुन्छ जुन त्यो उत्पादनसम्बन्धबाट पैदा भएका हुन्छन् र त्यो उत्पादनसम्बन्धले सुदृढ गरेको हुन्छ ।' पुँजीवादी संस्कृतिभन्दा समाजवादी संस्कृति उच्च हुनु, विकसित हुनु र मानव जातिका लागि निरन्तर विकास गर्न प्रेरणादायी हुनुको मुख्य केन्द्र त्यहाँको समाजवादी उत्पादन सम्बन्ध हो । उत्पादन सम्बन्धले संस्कृतिलाई निर्धारण गरेको हुन्छ ।

पुँजीवादी संस्कृति उपभोगवादी संस्कृति हो । पुँजीवादमा मानिस पुँजीपतिका लागि केवल एउटा मानवमेसिन मात्र हो जसले पुँजीपति वर्गको मुनाफाका लागि उसको आदेश र अनुमतिले काम गर्छ र उसको कामका लागि जिउने गर्छ । त्यो अवस्थामा मानिस पुँजीपति वर्गका लागि केवल यस्तो उत्पादनको साधन हो जसले आफ्नो सामानको उत्पादनका लागि, उत्पादित सामान वितरणका लागि र वितरित सामान उपभोगका लागि प्रयोग हुने गर्छ । पुँजीपति वर्गको यो विकृत संस्कृतिका कारण समाजमा तमाम प्रकारका विकृति मौलाउन पुग्छन् । साम्राज्यवादी उत्पीडनले समाजको कला, साहित्य, संस्कृतिलाई त्यही प्रकारको प्रभाव पारेको हुन्छ जुन पुँजीवादी साम्राज्यवादी उत्पादन सम्बन्धले निर्धारण गरेको हुन्छ । 'कला र संस्कृतिका सन्दर्भमा साम्राज्यवाद भित्री सारदेखि नै सडेको हुन्छ । चोरी, डकैतीजस्ता आपराधिक क्रियाकलापहरू, हुल्लडबाजी र दुर्व्यसनी सङ्कटको समानुपातिकमा पुगेका हुन्छन् ।' यसप्रकारका संस्कृति पुँजीवादमा किन हुर्कन्छन् ? किनभने पुँजीवादी उत्पादन सम्बन्धले मुनाफालाई पहिलो प्राथमिकतामा राखेको हुन्छ । मुनाफाका लागि उसले मानवताविरुद्ध जुनसुकै अपराध गर्नु बाध्यता हुन्छ । एरिक टाउसन्टले क्यङ्कोक्रेसी भन्ने पुस्तकमा लेखेका छन्, 'बेलायतको ठूलामध्येको एउटा बैङ्क एचएसबीसीले वार्षिक ४०० अर्ब डलर लागूपदार्थ व्यापारबाट कमाउने गर्छ । पुँजीवादी उत्पादन सम्बन्ध यसप्रकारको विकृत संस्कृतिको संवाहक हुन पुग्छ ।

नेपालमा सामन्ती राजसंस्था हुँदा पैदा भएको संस्कृति, संसदीय व्यवस्था हुँदा अभिव्यक्त संस्कृति अत्यन्त विकृत, भद्दा र प्रतिगामी प्रकारको रहने गरेको थियो । दरबारिया र दरबारसँग जोडिएका मानिसहरूको मुख्य पेसा लागूपदार्थको तस्करी गर्ने, युवाहरूलाई दुर्व्यसनी बनाउने, गुण्डागर्दी र मानिसको हत्या गर्ने संस्कृति रहेको थियो । संसदीय व्यवस्था स्थापना भएपछि यसप्रकारको विकृति तीव्र रूपमा बढेको छ । सरकारनजिक भएका मानिसहरू हत्या, हिंसा, तस्करी, भ्रष्टाचार, अन्याय, अत्याचार, षड्यन्त्र, बलात्कार, देशका प्राकृतिक स्रोतहरूको चोरी, बेचबिखन, पर्यावरण विनाशजस्ता तमाम विकृतिहरू पैदा गर्न र त्यसलाई प्रोत्साहित गर्न संलग्न भएका छन् । संसद्वादीहरूले साम्राज्यवादी संस्कृतिको अनुसरण गर्दै देशमा वेश्यालय खोल्न, यौनधन्दा गर्न युवतीहरूलाई बाध्य पार्ने, छोरीचेलीहरू विदेशी बजारमा बिक्री गर्ने, नेपाली चेलीहरू बलात्कार गर्ने, कतिलाई बलात्कार गरी हत्या गर्नेजस्ता प्रतिगामी संस्कृति मौलाएको छ । यसप्रकारको संस्कृति प्रतिक्रियावादी राज्यव्यवस्थाको मानक बनेको हुन्छ ।

नेपालको दलाल पुँजीवादी व्यवस्थामा साम्राज्यवादको चाकरी गर्नु र त्यसको भरमा आफूलाई सत्तामा सर्वेसर्वा बनाइराख्नु गौरवको विषय मानिन्छ । जनताका क्षेत्रमा यही संस्कृतिलाई प्रोत्साहित गरिन्छ । बढी खर्च गर्न पाएकोमा गौरव गर्ने, राष्ट्रिय सम्पत्ति व्यक्तिगत दोहनमा लगाउने दलाल पुँजीवादी शासक वर्गको संस्कृति हुने गरेको छ ।

देशमा काम नगर्ने, विदेशमा जुनसुकै काम गर्न पनि अग्रसर हुने, विवशतापूर्वक आफ्नो श्रम पुँजीपतिका लागि बिक्री गर्ने, विवशतापूर्ण जीवनयापन गर्ने दासत्ववादी संस्कृति बनेको छ । अन्यायका विरुद्ध विद्रोह गर्नेभन्दा प्रतिरक्षात्मक बन्दै जाने, राज्यव्यवस्थाले पैदा गरेका समस्याहरूलाई आफ्नो भाग्यको जिम्मा लगाउन प्रोत्साहित गर्ने संस्कृति नेपालका दलाल पुँजीवादीहरूमा देखापर्छ । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने लेनिनले भन्नुभएको थियो, 'जो उत्पीडित मानिस उत्पीडित भएर अन्यायका विरुद्ध हतियार उठाउन तयार हुँदैन, यो दासका रूपमा व्यवहार गर्न लायक हुन्छ ।' दास र मानिसका बीचको अन्तर सांस्कृतिक अन्तर हो र त्यो कुन प्रकारको उत्पादन सम्बन्ध स्थापना गर्न सङ्घर्ष गर्ने भन्ने कुराले निर्धारण गर्छ ।

कुनै पनि समाजमा रहेको संस्कृति त्यस समाजको उत्पादन सम्बन्धको कलात्मक अभिव्यक्ति हो । नेपाल र भारतको सामन्वयवादी उत्पादन सम्बन्धले प्रकृतिपूजनको संस्कृतिबाट वीर मानिसहरूको पूजा गर्ने संस्कृतिमा विकास गऱ्यो । आफ्नो समयका महापुरुषहरूलाई भगवान्का रूपमा पूजा गर्ने संस्कृति भारतवर्षमा रह्यो । यही संस्कृति इसाई र इस्लामपन्थीहरूले अपनाएको पाइन्छ । तर उत्पादनसम्बन्धको विकासअनुसार यसप्रकारका रीतिरिबाजमा फरक पाइन्छ । विभिन्न देश र महादेशहरूमा पाइने संस्कृति आधारभूत रूपमा त्यहाँको उत्पादन सम्बन्धका कलात्मक अभिव्यक्ति हुन् ।

जब समाजवादी व्यवस्थाले अन्तर्राष्ट्रवादको विकास गर्नेछ संसारभरका मानिसहरू एकै स्थानमा रमाउने उत्पादन सम्बन्ध र संस्कृति बन्नेछ । समाजवादी संस्कृतिमा श्रम न केवल जीवनको साधन (कमाउने र जिउने माध्यम) बन्नेछ तर यो जीवनको मुख्य माग पनि बन्नेछ । सम्पूर्ण विश्वले पूर्ण रूपले नयाँ झलक, नयाँ सोचाइ, नयाँ संस्कृति, नयाँ रीतिरिवाज प्राप्त गर्नेछ र सर्वहारा वर्गको नयाँ वैचारिक आचरण सम्पूर्ण मानिसको मानकका रूपमा साझा व्यवहार भएर आउनेछ । त्यसमा माओले भन्नुभएको थियो, 'विश्व-साम्यवादको महत्वपूर्ण समयमा त्यतिबेला पुग्नेछन् जब सम्पूर्ण मानिसहरूले स्वेच्छिक र सचेत रूपले आफैँलाई र विश्वलाई बदल्नेछन् ।' समाजवादी संस्कृति त्यतिबेला विस्तृत र व्यापक रूपमा विकास हुनेछ जब उत्पादक शक्ति र उत्पादनका साधनहरू एक ठाउँमा आउनेछन् । मानिस स्वयम् श्रम र औजारको मालिक हुने र समाजको विकास र उन्नतिमा श्रमको बिक्री गरी पुँजीपतिको आदेशमा जिउने साधनका रूपमा नभएर उसको स्वेच्छिक, सचेत र नैतिक कर्तव्य हुनेछ ।

मानिसको चेतना

हामीले माथि चर्चा गऱ्यौं- उत्पादन सम्बन्धले सामाजिक सम्बन्धको निर्धारण गर्छ । त्यो सामाजिक सम्बन्धले समाजको समग्र संस्कृतिको निर्धारण गर्छ र त्यो संस्कृतिले आफ्नो नीतिअनुसारको चेतना पैदा गर्छ । जस्तो प्रकारको उत्पादन सम्बन्ध सामाजमा रहेको हुन्छ त्यहीअनुसारको सामाजिक सम्बन्ध र त्यो सामाजिक सम्बन्धले पैदा गरेको चेतना समाजमा विकास भैरहेको हुन्छ । दासयुगीन समाजमा होस् वा सामन्ती युगमा होस्, पुँजीवादी युगमा होस् वा समाजवादी युगमा मानिसको चेतनाले जुन प्रकारको समाज रहेको अवस्था छ त्यही प्रकारको उत्पादन सम्बन्धलाई सहयोग गर्ने र त्यसमा सुधार गर्ने चेतना विकास भएको हुन्छ । दासयुगमा सामान्यतया समाजमा दासयुगको सुधार गर्ने, सामन्ती युगमा त्यही युगलाई सुधार गर्ने र पुँजीवादी युगमा त्यही प्रकारको समाजलाई सुधार गर्ने चेतना सामान्यतया मानिसहरूमा पाइन्छ ।

ईश्वर, पाप, पुण्य, परलोक, स्वर्ग, नर्क, दासयुगीन समाजका चेतना हुन् । त्यस्तै राजा, महाराजा, सामन्त, महासामन्त, सामन्ती युगको चेतनाबाट पैदा भएका संस्थाहरू हुन् । पुँजीवादी समाजको चेतनाले दासयुगीन चेतना र सामन्ती युगीन चेतनालाई विस्थापित गर्छ । समाजवादी चेतनाले पुँजीवादी चेतनालाई पनि विस्थापित गर्छ र मानिसको चेतना पहिलेको भन्दा विकसित र उन्नत प्रकारको बन्दै जान्छ । दासमालिकहरू र त्यसप्रकारको उत्पादन सम्बन्धलाई प्रोत्साहित गर्ने मानिसले मानिसलाई दास बनाइरहनका लागि ब्रह्माण्ड, विश्व, प्राणीजगत्, मानिस, समाज तथा मानिसको दशा ईश्वरीय शक्ति अथवा विराट् चेतनाले निर्माण गरेको प्रचार गरे । मार्क्सले संश्लेषण गर्नुभएको थियो, 'मानिसको अस्तित्वको निर्धारण गर्ने उनीहरूको चेतना होइन तर त्यसको ठीक विपरीत जुन कुराले चेतनाको निर्धारण गर्छ त्यो सामाजिक अस्तित्व हो ।' समाजको विकासको विशिष्ट अवस्थाले मानिसको विशिष्ट र विकसित चेतना पैदा गर्छ । पुरानो उत्पादन सम्बन्ध नयाँ विकासका लागि अवरोधक भएपछि उत्पादक शक्ति नयाँ अवस्था निर्माण गर्नका लागि वैचारिक, दार्शनिक, राजनीतिक एवम् सङ्गठनात्मक रूपले खडा भएर उठ्न पुग्छ । नयाँ प्रकारको समाज वास्तवमा पुरानो समाजको गर्भमा विकास भैरहेको हुन्छ र त्यसले एउटा विशिष्ट अवस्थामा नयाँ समाजको जन्म दिन्छ । पुँजीवादी उत्पादन सम्बन्ध समाजको उत्पादक शक्तिको समग्र विकासको बाधक बन्न थाल्यो भने त्यसको विस्थापन गर्ने चेतना मानिसमा पैदा हुन पुग्छ । त्यसले समाजमा क्रान्तिको आवश्यकता पैदा गर्छ र क्रान्तिको जन्म हुन पुग्छ ।

यही प्रकारको विशिष्टता हामीले नेपालको राजनीतिक विकासमा पनि देख्न सक्छौँ । नयाँ परिघटनाहरू पुरानो समाजको गर्भबाट पैदा हुने गरेका हुन्छन् । केन्द्रीकृत शासनप्रणाली, विकेन्द्रित शासनप्रणाली, क्षेत्रीय सामन्तवाद, केन्द्रीकृत सामन्तवाद, दलाल पुँजीवाद मानिसका लागि तत्कालीन उत्पादन सम्बन्धबाट पैदा भएका सांस्कृतिक मानकहरू हुन् । नेपालका सन्दर्भमा हेर्यौं भने पनि हामी त्यही देख्न सक्छौँ । नेपालको राजतन्त्रात्मक व्यवस्थामा विभिन्न कालहरूमा विभिन्न प्रकारका संस्कृति र त्यहीअनुसारको राजनीतिक चेतना भएको पाइन्छ । करिब सन् ४०० देखि ८७८ सम्म चलेको लिच्छविकालमा दासप्रथा, झाराप्रथा, बिस्टीप्रथा चलेको देखिन्छ । सन ७८९ देखि १४८३ सम्मको मध्यकालमा दासप्रथा पहिलेको भन्दा फरक पाइन्छ । त्यसबेलाको राजनीतिक चेतनाले १४४८ देखि १७६८ सम्म देशलाई खण्डित अवस्थामा राखेको पाइन्छ । त्यतिबेला सामन्तवाद हाबी थियो र राजाहरूले देशलाई टुक्राटुक्रामा शासन गरेका थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाललाई 'एकीकृत' गरेपछि सन् १६६८ देखि १८४६ सम्ममा नेपालमा केन्द्रीकृत सामन्तवादको विकास भएको थियो । यो सामन्तवाद २००८ मा समाप्त भयो । नेपालमा चलेको राणाशासन काल एक प्रकारले सामन्ती व्यवस्थाभित्रको दासयुग थियो । यसरी समाज कहीँ अगाडि र कहीँ पछाडि धकेलिने गरेको छ । यो तथ्य नेपालको राजनीतिक इतिहासमा देख्न सकिन्छ ।

बेलायती साम्राज्यवादले भारतमा उपनिवेश बनाएपछि नेपालमा पनि एकता गर्नुपर्ने चेतना त्यतिबेला पृथ्वीनारायण शाहमा पैदा भयो । त्यो समयको विकसित चेतना त्यही थियो र जनताको आवश्यकता पनि जसको कारण

... बाँकी पृष्ठ ३ मा

नेपालका कम्युनिस्टहरु ...

कार्यकर्ताहरूलाई भ्रष्टीकरण गर्ने गरिरहेका छन् । सांस्कृतिक रूपले विभिन्न गोष्ठी, कार्यक्रम, भोजभतेर लगाएर कम्युनिस्ट संस्कृतिबाट पतन गराउने, देशविदेश घुमाएर डलर थमाइदिने, पार्टीलाई होइन, व्यक्तिलाई आर्थिक सहयोग दिएजस्तो गरेर पतीत गराउने, विभिन्न असांस्कृतिक कार्यमा संलग्न गराउने, कम्युनिस्ट भनिनेहरूलाई नै धर्मकर्ममा लगाएर समाप्त पार्ने कार्य गरिरहेका छन् ।

अर्कोतिर केपी-प्रचण्डहरूले पुँजीवादी शासकहरूको प्रभावमा परेर संसदीय व्यवस्थाका पक्षमा लाज लाग्ने गरी प्रशंसा र महिमागान गर्दै, पुँजीवादी संसदीय व्यवस्था लोकतान्त्रिक र जनताको व्यवस्था भएको प्रचार गर्दै हिँडिरहेका छन् । दलाल पुँजीवादी राज्यसत्ताका विरुद्ध क्रान्ति गर्नु आतङ्कवाद हो भन्दै यसका विरुद्ध क्रान्तिमा बढिरहेको हाम्रो पार्टीविरुद्ध प्रतिबन्ध लगाइरहेका छन् । कम्युनिस्ट नै झन्डा बोकेर क्रान्तिकारी नेता-कार्यकर्ताहरूको हत्या गर्ने, गिरफ्तार गर्ने र दमन चलाइरहेका छन् । अमेरिका र भारतले कतै अविश्वास गर्छन् कि भन्ने डरमा आफूहरू संसदीय व्यवस्थाको पूरा अनुयायी भएको कसम खाइरहेका छन् ।

आर्थिक रूपले दस्तुर लिन, अतिरिक्त मुनाफा र आयआर्जनका लागि देशका नदीहरू नै बेचिरहेका छन् । उनीहरूका आसेपासेहरूले गाउँदेखि केन्द्रसम्म भ्रष्टाचारको जालो खडा गरेर जनताको करबाट उठेको राज्यकोष उडाइरहेका छन् । पैसाकै लागि धर्मजस्तो उत्पीडनको हतियारलाई प्रयोग गरिरहेका छन् । शिक्षा-स्वास्थ्यलाई निजीकरण र व्यापारीकरण गर्नमा संलग्न भइरहेका छन् ।

वास्तविक कम्युनिस्टहरूले पुँजीवादीहरूका चाल र केपी-प्रचण्डहरूका विचलनकारी गतिविधिविरुद्ध वैचारिक, राजनीतिक, आर्थिक, सांस्कृतिक सङ्घर्ष सञ्चालन गर्दै कम्युनिस्ट प्रभावलाई वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने स्तरमा विकास गर्नु पर्दछ । यसका लागि कम्युनिस्टहरूले आफ्नो राजनीतिक सत्तासम्बन्धी विचारलाई जनताका बीचमा सशक्त तरिकाले निरन्तर प्रवाह गर्नुपर्छ । कम्युनिस्टको राजनीतिक व्यवस्था पुँजीवादी संसदीय व्यवस्था होइन, वैज्ञानिक समाजवादी- साम्यवादी व्यवस्था हो, जहिलेसम्म पुँजीवादी सत्तालाई फालेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गरिँदैन मानव जातिले मुक्ति, समानता र स्वतन्त्रता जीवनमा प्राप्त गर्न सक्दैनन् भन्ने विचारलाई जनतामा राखिरहनुपर्छ । हाम्रो देशमा दलाल पुँजीवादी सत्तालाई मिल्काउने र वैज्ञानिक समाजवादी सत्ता प्राप्त गर्ने सम्भावना भएकाले सबै क्रान्तिकारीहरूले दलाल पुँजीवादी सत्ता र पुँजीवादी संसदीय व्यवस्थाका विरुद्ध मिल्न सकिनेजति सबै देशभक्त, वामपन्थी, लोकतन्त्रवादी मित्रशक्तिहरूलाई एकताबद्ध गर्दै क्रान्तिमा अगाडि बढाउन मेहनत गर्नुपर्छ । त्यसैगरी कम्युनिस्टहरूले विदेशी हस्तक्षेप, अतिक्रमण, घुसपैठविरुद्ध निरन्तर सङ्घर्षहरू सङ्गठित गर्नुपर्छ । कम्युनिस्टहरूलाई फसाउने र फुटाउने पुँजीवादी, संशोधनवादी खेल चलिरहेकाले क्रान्तिकारीहरूले एकता र क्रान्तिलाई केन्द्रबिन्दुमा राखेर रोजगारी, गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, जनसंस्कृतिका पक्षमा संयुक्त सङ्घर्ष गर्न पहल गरिरहनुपर्छ । आर्थिक रूपले मित्रहरूसँगको सहकार्यलाई बढाउँदै आत्मनिर्भर अर्थसम्बन्धको विकास गरेर क्रान्तिलाई बेरोकटोक हाँक्न सकिन्छ भन्ने सोचाइलाई पकड्न जरुरी छ । कम्युनिस्टहरू विश्व-साम्यवादी मानवसभ्यताका लागि लड्ने भएकाले पुँजीवादी विश्व-व्यवस्थाका विरुद्ध सम्भव भएसम्म सबै कम्युनिस्टहरूसँग सहकार्य गर्दै आआफ्नो देशमा क्रान्ति सम्पन्न गर्ने र सबै देशका क्रान्तिलाई सहयोग गर्ने कार्य गर्नु पर्दछ ।

हामी कम्युनिस्टहरूले इमानदारीपूर्वक यी कामहरू गर्न सक्यौँ भने वास्तविक कम्युनिस्ट राज्यव्यवस्था चाहने बौद्धिक एवम् श्रमिक नागरिकहरूलाई कम्युनिस्टप्रति निराश हुनबाट बचाउन सक्छौँ । पुँजीवादीहरूका कम्युनिस्ट समाप्त पार्न चाहने षड्यन्त्रबाट कम्युनिस्ट आन्दोलनलाई रक्षा गर्न र कम्युनिस्टको निरन्तर प्रभावलाई अरू सुदृढ गर्न सक्छौँ । पुँजीवादीहरूको मोहपाशमा परेर कम्युनिस्ट आन्दोलनलाई बदनाम गर्न पुगेका विचलित कम्युनिस्टहरूभित्रैका इमानदार कम्युनिस्टहरूलाई त्यसबाट बाहिर ल्याउन, क्रान्तिकारीहरूलाई एकताबद्ध पार्न र कम्युनिस्ट समर्थक जनतालाई आशावादी बनाइरहन सक्छौँ ।

जहाँ भए पनि इमानदार कम्युनिस्टहरूले बुझ्नुपर्छ पुँजीवादी विषालु हावाविरुद्ध लड्न चुनौतीहरू छन् । कम्युनिस्ट आन्दोलनबाट भागेका कथित कम्युनिस्टहरूका विरुद्ध सङ्घर्ष गर्दै क्रान्तिलाई अगाडि बढाउन जटिलताहरू छन् । तर पुँजीवादी चुनौती र भगौडा कम्युनिस्टहरूका अवरोधहरू मक्किएका चुनौती र अवरोधहरू हुन् । विश्व-पुँजीवाद आफ्नो पतनशील एवम् मरणशील जीवन बोकेर अनेकौँ सङ्कटमा लर्खराइरहेको छ । मानवजगत् वैज्ञानिक साम्यवादको नजिक पुग्दै गरेको छ । भगौडा कम्युनिस्टहरू भनेका स्वतन्त्र अस्तित्व गुमाइसकेका विश्व-पुँजीवादका सेटेलाइटभन्दा केही होइनन् । यिनीहरूसँग वैज्ञानिक समाजवादी क्रान्तिलाई रोक्नसक्ने तागत छैन जब कि कम्युनिस्ट विचार र वैज्ञानिक समाजवादी क्रान्ति जिउँदो भविष्य बोकेर बढिरहेको विचार आन्दोलन हो । हामी कम्युनिस्टहरूले धैर्य, दृढता, निष्ठा र समर्पणभावका साथ क्रान्तिकारी आन्दोलनमा जीवन समर्पित गर्यौँ भने नेपालमा कम्युनिस्ट मास्न पसेका पुँजीवादीहरू आफैँ नाश भएर समाप्त हुनेछन् । कम्युनिस्टलाई पुँजीवादी फोहोरमा हिसारेर खतम गर्न खोज्ने नेपाली पुँजीवादीहरू आफैँ पातालमा भासिनेछन् । साथै पुँजीवादीहरूसँग मिलेर वास्तविक कम्युनिस्ट र वैज्ञानिक समाजवादलाई रोक्न चाहने भगौडा कम्युनिस्टहरू नसच्चिएमा पुँजीवादीहरूसँगै चितामा खरानी भएर जानेछन् । एक्काईसौँ शताब्दीमा नेपालमा कम्युनिस्ट फैलिएकोमा अचम्मित हुने होइन, वैज्ञानिक समाजवादी सत्ता स्थापना भएर कम्युनिस्ट प्रवाहलाई उत्साह र ऊर्जा भर्न सक्छ । नेपाल सानो भए पनि यसभित्र हुर्किरहेको कम्युनिस्ट प्रवाहले विश्व-मानवसभ्यताको अग्रगामी दिशाको भल्को दिन सक्छ । हामी कम्युनिस्टहरूले मनन गर्नुपर्ने गुदी कुरा यही हो ।

अर्थव्यवस्थाका ...

देशलाई एकताबद्ध गर्न र टुक्राहरूमा विभाजित देशलाई एकताबद्ध गर्न आवश्यक भएको थियो । केन्द्रीकृत राज्यव्यवस्थाभित्र पैदा भएका अन्तरविरोधहरूले राणाहरूको जन्म लिन पुग्यो । सन् १८४७ देखि १९५१ करिब १०४ वर्षसम्म निरङ्कुश प्रधानमन्त्री शासन चल्यो । यो समय अर्धऔपनिवेशिक काल थियो जसले देशलाई पराधीन बनायो । पराधीन देशमा जनताको चेतना पनि त्यही प्रकारको विकास हुनु स्वाभाविक थियो । त्यसकारण एकातिर दमनको चक्रमा परेको बृहत् मानिसमा गरिबी, उत्पीडन र परम्परावादी चेतना थियो भने त्यही उत्पीडनको गर्भमा नयाँ परिवर्तनकामी चेतना विकास भइरहेको थियो जसको कारण नेपालमा राणाविरोधी आन्दोलन मात्र भएन, नेपालमा राजतन्त्रको अन्त्य गरी समाजवाद स्थापना गर्ने कम्युनिस्ट पार्टीको समेत जन्म हुन पुग्यो । सामन्तवादी सत्ता र नवऔपनिवेशिक उत्पीडनका विरुद्धको सङ्घर्षबाट पैदा भएको चेतनाले दस वर्षसम्म माओवादी जनयुद्ध चल्यो र त्यसले १९५१ देखि १९९० सम्म चलेको केन्द्रीकृत र मजबुत सामन्ती राजतन्त्रको अन्त्य गऱ्यो । यसले सामान्यतया करिब ४ हजार वर्षको र विशेषतः २५० वर्षको राजतन्त्र समाप्त भयो ।

नेपालमा गणतन्त्रको स्थापना भए पनि जनताको राजनीतिक क्रान्ति पूरा हुन सकेन र त्यसले आर्थिक आधारमा पनि परिवर्तन गर्न सकेन जसको कारण नेपाली जनताको जीवनमा नयाँ प्रकारको चेतना पैदा भएको छ र त्यसले अहिलेको दलाल पुँजीवादी व्यवस्थाको अन्त्य गरी वैज्ञानिक समाजवाद स्थापना गर्नेछ । यो मार्क्सले भनेजस्तै विकासको निश्चित चरणमा आएर पुरानो प्रकारको उत्पादन सम्बन्धलाई बदल्ने चेतना समाजमा पैदा हुन पुग्छ । अहिले एकीकृत जनक्रान्तिको कार्यदिशाभित्र नेपाली जनतामा त्यही चेतना पैदा भएको छ । यो अहिलेको समाजमा चलेको उत्पादन सम्बन्धको राजनीतिक, वैचारिक र सङ्गठनात्मक अवस्थाको विकसित चेतनाको अभिव्यक्ति हो ।

मार्क्सले स्पष्ट गर्नुभएको छ, 'विकासको निश्चित चरणमा पुगेर समाजको वस्तुगत अवस्थाले उत्पादक शक्ति उत्पादनप्रक्रियाको विद्यमान उत्पादन सम्बन्धमा अथवा -- त्यो केवल त्यही चीजको वैधानिक अभिव्यक्ति मात्र हुन्छ -- त्यो सम्पत्तिको सम्बन्ध जुन संरचनाभित्र अहिलेसम्म उनीहरूले काम गरिरहेका थिए द्वन्द्वमा आउँछन् । उत्पादक शक्तिको विकासले विद्यमान उत्पादन सम्बन्ध उनीहरूको बन्धनमा परिणत हुन पुग्छ । त्यही समयमा सामाजिक क्रान्तिको सुरुआत हुन्छ । आर्थिक आधारमा भएका परिवर्तनले सम्पूर्ण उपरिसंरचनालाई बिस्तारै वा तीव्र रूपमा रूपान्तरित गर्छ । यस्ता रूपान्तरणका सन्दर्भमा हमेसा यो कुरा छुट्ट्याउन आवश्यक हुन्छ- उत्पादनको आर्थिक रूपान्तरणको वस्तुगत रूपान्तरण जुन प्राकृतिक विज्ञानको बिल्कुल सही मान्यताबाट र वैधानिक, राजनीतिक, धार्मिक, कलात्मक वा दार्शनिक, छोटोमा भन्दा, वैचारिक, त्यो रूपहरू जसबाट मानिस जुन द्वन्द्वका बारेमा र जसका लागि लडिएको हो भन्नेबारेमा सचेत हुनेबाट निर्धारित भएको हुनुपर्छ ।' यसले स्पष्ट गर्छ- मानिसको चेतनाको वस्तुगत अवस्थाले मानिसको विद्रोहको चेतना पैदा गर्छ । मानिस सचेत रूपले किन विद्रोहमा लागिरहेको छु भन्ने कुराको पूर्ण ज्ञान प्राप्त गर्छ र उसले न केवल आर्थिक आधारका लागि अथवा अर्थवादका लागि सङ्घर्ष गर्छ । त्यसको ठीक विपरीत राजनीतिक, सैद्धान्तिक, नैतिक, सांस्कृतिक, धार्मिक र समग्रमा वैचारिक रूपले सङ्घर्षका लागि र सम्पूर्ण रूपले आर्थिक-राजनीतिक रूपान्तरणका लागि तयार हुन्छ ।

नेपालमा अहिले हामीले देखिरहेका छौँ, हरेक मानिसले नेपालको एकातिर दलाल पुँजीवादी व्यवस्थाको तीव्र विरोध गरिरहेको छ र अर्कोतिर सामाजिक दलाल पुँजीवादीहरूको भन्डाफोर भइरहेको छ । नेपाली जनताले केका लागि विरोध, किन विरोध, केका लागि लडाइँ र किन लडाइँ भन्ने तथ्यलाई पूर्ण विश्वासका साथ आत्मसात गरेको छ । कुन उद्देश्यका लागि सङ्घर्ष भन्ने विषय पनि नेपाली जनताको चेतनाले ठम्याइसकेको छ । वास्तवमा नेपालमा राजतन्त्रको निरङ्कुशता हुन्नथ्यो भने, दलाल पुँजीवादी उत्पीडनको प्रताडना हुँदैनथ्यो भने त्यसका विशेषताहरूलाई औँल्याउने चेतना पनि पैदा हुन सक्दैनथ्यो र त्यसप्रकारको चेतनाका लागि हामीले विश्वका घटनाहरूलाई सापटी लिनुपर्ने हुन्थ्यो । नेपालको राजनीतिक विकासको चेतनाले अब देशमा वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्नका लागि प्रोत्साहित गर्नेछ र नेपाली जनतालाई सङ्गठित गर्नेछ ।

पुँजी उत्पादन

पुँजी उत्पादन एउटा महत्वपूर्ण सामाजिक काम हो । आधुनिक जीवनमा मानिसको दैनिक जीविका सञ्चालनदेखि बृहत् सामाजिक काम, राजकीय सत्ता, धरातलदेखि अन्तरिक्ष अध्ययन र विचरणका लागि मानव पुँजी आवश्यक हुन्छ । पुँजीको प्रयोग मानिसको व्यवहार, ज्ञान र आवश्यकताले विगतको भन्दा पछिल्ला दिनहरूमा बढी हुन्छ । पुँजी मानिसको जीवन सहज, सुखी र समृद्ध बनाउनका लागि एक अपरिहार्य साधन हो । मानिसको श्रमबाट जति पुँजी धेरै जम्मा हुँदै गयो त्यसले जीवन पनि विकसित हुँदै गयो र त्यसबाट पुँजीको महत्व धेरै बढ्दै गयो । पुँजीको निर्माणप्रक्रियाले समाजको अवस्थाअनुसार मानिसको जीवनलाई सहज मात्र बनाएन, त्यसले मानिसलाई ठूला-ठूला युद्ध, कठोरभन्दा कठोर विपत्ति र विशालभन्दा विशाल सामाजिक रूपान्तरणमा धकेल्दै पनि गऱ्यो । विश्वमा हरेक दिन हुने युद्धहरू, समाजमा पैदा हुने द्वन्द्व, मानिसको हरेक दिनको क्रियाशीलता पुँजी उत्पादन गर्ने प्रक्रियाका परिणाम हुन् । दासयुगमा मानिसको पुँजीभन्दा बढी सम्पत्ति रहन्थ्यो । जमिनदेखि दाससम्म दासमालिकका सम्पत्ति थिए । सामन्ती युगमा जमिन मानिसको सम्पत्ति थियो तर पुँजीवादी युगमा सामूहिक सम्पत्ति व्यक्तिगत नियन्त्रणमा रहने व्यवस्था भयो र त्यो पुँजीको लगानीबाट अरू पुँजी उत्पादन गर्ने चक्र चल्यो । सामूहिक रूपमा उत्पादन गरिएको पुँजीलाई कुनै मानिसको निजी सम्पत्तिका रूपमा प्रयोग गरिने व्यवस्था पुँजीवादी व्यवस्था हो र सामूहिक रूपमा उत्पादन गरिएको पुँजी सामूहिक स्वामित्वमा रहने व्यवस्था समाजवादी व्यवस्था हो ।

पुँजीको सम्बन्ध श्रमसँग जोडिएको हुन्छ । श्रम नगरीकन मानिसले पुँजी निक्षेप गर्न सक्दैन । पुँजी र सम्पत्तिका बीचको अन्तर के हो ? सम्पत्ति भन्नाले मानिसले आर्जन गरेको वस्तु हो र पुँजी भनेको मानिसले आर्जन गरेको मुनाफा हो । तर समग्रमा पुँजी भनेको सम्पत्ति उत्पादन गर्नका लागि लगानी गरिने सम्पत्ति हो । श्रम र सम्पत्तिले नै मानिसलाई जनावरबाट अलग गऱ्यो । एङ्गेल्सले भन्नुभएको थियो, 'श्रम मानवजीवनको आधारभूत अवस्था हो । केही हदसम्म यो सत्य हो, हामीले एउटा निश्चित अवधारणामा मान्नैपर्छ, श्रमले नै मानिसको निर्माण गरेको हो ।' यसरी मानिस श्रमको प्रक्रियाबाट वास्तविक मानिस बन्यो र सम्पत्तिले मानिसलाई जनावरबाट अलग गऱ्यो । श्रम मानिसको केवल मानिसको शारीरिक, मानसिक एवम् बौद्धिक दक्षतामा मात्र होइन, उसको समग्र विकास र समृद्धिका लागि आधारभूत आवश्यकता हो । मानिसको श्रम नै मानिसको, समाजको र देशको पुँजीको स्रोत हो ।

समाजको चरित्रअनुसार पुँजी परिचालनमा मानिसका फरकफरक व्यवहार हुने गरेका छन् । आदिम समाजको जनजीवन दासयुग, सामन्ती युग र समाजवादी युगभन्दा फरक थियो । लुइस एच मोर्गनले अमेरिकी आदिवासीहरूको जीवनसम्बन्धी अध्ययनबाट भनेका थिए, अमेरिकी महादेशमा रहेका लाल भारतीयहरूको आदिम जीवनमा 'सम्पूर्ण मानिसहरू स्वतन्त्र व्यक्ति थिए, उनीहरू एकअर्काको स्वतन्त्रताप्रति आदर गर्थे । हरेक व्यक्तिको समान अधिकार थियो । यतिसम्म कि कबिलाको मुख्य मानिस वा सेनापतिले समेत कसैसँग पनि आफ्नो इच्छाएको विशेष अधिकारको माग गर्दैनथ्यो । उनीहरू रगतको नाताले समान बन्धु थिए ।' त्यस्तै दासयुगमा दास मालिकहरूले न केवल उत्पादनका साधनहरूमाथि कब्जा जमाएका थिए, उनीहरूले दासमाथि पनि नियन्त्रण जमाएका थिए । दासहरू दास मालिकका लागि जीवित औजारभन्दा केही पनि थिएनन् । श्रमको प्रयोग र पुँजी उत्पादनको विकाससँगै समाजमा दासयुगको अन्त्य भयो र सामन्ती युग प्रारम्भ भयो । यो युगमा विगतका दास मालिकहरू जमिनदारमा बदलिए र दासहरू किसानमा बदलिए । श्रमको प्रयोग र विकासको अर्को विशिष्ट चरणमा सामन्ती युगबाट समाज पुँजीवादी युगमा विकास भयो । पुँजीवादी उत्पादन सम्बन्धका दुई आधार भूत सर्तहरू रहेका हुन्छन् : पहिलो, ठूलो मात्रामा सर्वहारावर्ग हुनुपर्छ जसले स्वतन्त्रतापूर्वक आफ्नो श्रम बेच्न सक्छ । दोस्रो, पहिले नै ठूलो मात्रामा लूटबाट जम्मा गरिएको सम्पत्ति हुनुपर्छ । सामूहिक रूपमा उत्पादन गरिएको सम्पत्तिलाई व्यक्तिगत निजीकरण गर्ने प्रक्रियाले ठूलो मात्रामा श्रमशक्ति बेरोजगार हुने अवस्था बन्छ र त्यो सर्वहारा वर्ग श्रमबजारमा श्रम बिक्री गर्न बाध्य हुन्छ जसको परिणाम पुँजीपतिसँग श्रमशक्तिको लुटपाटबाट जम्मा गरिएको ठूलो सम्पत्ति जम्मा हुन पुग्छ । नेपालमा पुँजीको उत्पादन, विस्तार, संरक्षण र उपयोग वा परिचालनका बारेमा निकै बहस चलेको छ । यी विषयहरू देशको उन्नति र प्रगतिका लागि महत्वपूर्ण कार्यहरू हुन् । यसका नियमहरू समाजको चरित्रअनुसार निर्धारण गरिएको हुन्छ ।

नेपाली समाज पनि विभिन्न चरणहरू भएर अघि बढेको छ । युरोप, अमेरिका र अफ्रिकी महादेशका देशहरूमा जस्तो दास व्यवस्था नेपालमा नभए पनि यहाँको समाज विभिन्न चरणहरू भएर विकास भएको हो । नेपाल कुनै समयमा सार्वभौम सत्ता सम्पन्न थियो । नेपालको अर्थव्यवस्था कुनै विदेशी शक्तिको हस्तक्षेपबिना आफ्नै प्रकारले विकास भएको थियो । समाजको विकाससँगै यसप्रकारको अवस्थामा परिवर्तन हुन पुग्यो । यसप्रकारको परिवर्तनमा सामन्ती उत्पादन सम्बन्ध बिस्तारै दलाल पुँजीवादी उत्पादन सम्बन्धमा विकास भएको हो । अहिले नेपालको अवस्था अर्धसामन्ती तथा अर्धऔपनिवेशिक रहेको छ । परम्परागत औपनिवेशिक अवस्था नरहे पनि देश नवऔपनिवेशिक अवस्थामा रहेको छ । देशको यो अवस्थाले पुँजीको चरित्रलाई निर्धारण गरेको हुन्छ ।

पुँजीवादी समाज र पुँजीको विकास

पुँजीवादी समाज समाजिक उत्पादनको उच्च विकास भएको विकसित समाज हो । पुँजीवादले उत्पादनलाई तीव्र बनायो । सामन्ती समाजमा हुने उत्पादनभन्दा फरक रूपमा यसले उत्पादनलाई कैयौँ गुणा विकास गऱ्यो । औद्योगिक क्रान्तिका साथसाथै यसले औजारहरूको विकास गऱ्यो । वाष्प इन्जिनको विकास, बिजुलीको विकास, वैज्ञानिक अन्वेषण, विभिन्न औजारहरूको विकासले पुँजी उत्पादनको प्रक्रियालाई तीव्र बनायो । यहाँ पुँजी भन्नाले केवल मुनाफा वा मुनाफाका लागि जोडिएको सम्पत्ति मात्र होइन, मानिसले सामाजिक प्रयोजनका लागि विकास र उत्पादन गरेको सामाजिक सम्पत्ति हो ।

पुँजीवादी उत्पादन प्रणालीले उत्पादक शक्तिको तीव्र रूपमा विकास गऱ्यो र त्यही मात्रामा उत्पादनका साधनहरू पनि विकसित हुँदै गए । समाजवादी समाजको उत्पादनप्रणाली इतिहासको सबैभन्दा उच्च प्रकारको भए पनि सम्पूर्ण सामाजिक श्रमलाई कहिल्यै पनि योजनाबद्ध तरिकाले एकीकृत गर्न सकेन । पुँजीवादी उत्पादनको उद्देश्य कहिल्यै पनि मानव जातिका लागि आवश्यक सामानको आवश्यकता पूरा गर्ने रहेन, यसको मुख्य उद्देश्य उत्पादित वस्तुको मूल्य आफ्नो मुनाफाका लागि प्रयोग गर्ने रह्यो । पुँजीवादीहरू अकुत मुनाफाका लागि आपसमा जीवन-मरणको सङ्घर्ष गर्छन् । साम्राज्यवादीहरूले आफ्नो अकुत मुनाफाका लागि झिँगाले फोहोर पछ्याएजस्तै गरी आफ्ना सामानहरू कहिले कहाँ र कहिले कहाँ गरी विश्वभर चाहार्ने गर्छन् । यसरी मुनाफाका लागि बजार पछ्याउँदा उनीहरूले अन्तर्राष्ट्रिय नियम, कानुन, विधिविधान, नैतिकता र मान्यताहरू हमेसा तोड्ने गर्छन् । उनीहरूले कहिलेकहीँ मात्र स्वस्फूर्त रूपमा यसरी उल्लङ्घन गरेका मान्यताहरूलाई स्थापित गरेको देखाउने गर्छन् । यही कारण हो, साम्राज्यवादीहरूका बीचमा हमेसा विश्वबजारको बाँडफाँट र मुनाफा सुनिश्चित गर्नका लागि जीवन-मरणको सङ्घर्ष चलिरहेको हुन्छ । त्यसले अन्ततः विश्वयुद्धमा विकास गर्ने खतरा सधैँ रहिरहन्छ । साम्राज्यवादले विश्वमा गडबडी मच्चाइरहेको हुन्छ किनकि गड्बडी र त्यसले पैदा गर्ने आर्थिक सङ्कट उसको मुनाफाका लागि एउटा महत्वपूर्ण साधन हो । लेनिनको भनाइ उद्धृत गर्दै चिनियाँ समाजवादी बौद्धिकहरूले बहस गरेका थिए, 'पुँजीवादका लागि सन्तुलनमा बारम्बार गड्बडी ल्याइरहनका लागि समयसमयमा सङ्कट आइरहनु आवश्यक भैरहन्छ ।' उत्पादनका साधनहरूमाथि निजी स्वमित्व कायम गर्ने व्यवस्थाअन्तर्गत पुँजीवादले उत्पादनलाई निजी मामिला बनाउने गरेको हुन्छ । उत्पादित वस्तु एकल व्यक्तिको सम्पत्तिका रूपमा मानिन्छ । त्यसकारण पुँजीवादी व्यवस्थामा उत्पादन एक व्यक्तिको निजी मामिला बन्न पुग्छ । पुँजीवादी व्यवस्थामा उत्पादन मात्र निजी सम्पत्ति हुँदैन, उत्पादित वस्तु पनि निजी हुने गर्छ । अर्थशास्त्रमा जब उत्पादित वस्तु उत्पादकको उपभोगका निम्ति नभएर अर्को उत्पादित वस्तुसँग विनिमय गर्नका लागि उपयोग गरिन्छ त्यति बेला त्यो उत्पादित वस्तु माल बन्छ । यसरी उत्पादित वस्तु जो मालका रूपमा आउँछ त्यो पनि पुँजीवादमा निजी सम्पत्तिका रूपमा प्रयोग हुन्छ । यसको सामाजिक चरित्र पनि त्यही प्रकारले बनेको हुन्छ । यसरी 'पुँजीवादी उत्पादन निजी माल उत्पादनको अत्यन्त विकसित रूप हुन आउँछ ।' पुँजीवादी व्यवस्थाले उत्पादनपद्धति, उत्पादित वस्तु, उत्पादित माल, उत्पादित वस्तुको वितरण गर्नका लागि बजार र उत्पादित वस्तुबाट आर्जन हुने सम्पत्ति जमिन, उत्पादक शक्तिको श्रम, प्राकृतिक स्रोतहरू निजी सम्पत्ति बनाइराख्न यो व्यवस्थामा निरन्तर सुधार र क्रान्तीकरण गर्दै लगेको हुन्छ जसको कारण पुँजीवादी समाजमा पुँजीको विकास विभिन्न चरणमा भएको देखिन्छ । पुँजीको विकास सुरुमा औद्योगिक पुँजी, पछि बाजार पुँजी, त्यसपछि वित्तीय पुँजी र पछिल्लो चरणमा उदार पुँजीका रूपमा विकास भयो । त्यस्तै राजनीतिक रूपले प्रतिस्पर्धात्मक पुँजी, पछि एकाधिकारवादी पुँजी र पछि उदारवादी भूमण्डलीकृत निजी पुँजीका रूपमा विकास भयो ।

पुँजीवादको विकास हुनुभन्दा पहिले निश्चित रूपमा पुँजीको विकास भएको थियो तर पुँजीवादी व्यवस्थापछि मात्र अथवा पन्ध्रौँ र सोह्रौँ शताब्दीमा विकास हुन पुग्यो । त्योभन्दा पहिले दासयुगीन पुँजी र सामन्ती युगीन पुँजी थिए । तिनका आफ्नै प्रकारका विशेषताहरू थिए । पुँजी भन्नेबित्तिकै व्यक्तिगत रूपमा होस् वा सामाजिक रूपमा, मुनाफा र निक्षेप गर्नका लागि जम्मा गरिएको सम्पत्तिलाई बुझाउँछ । यसरी मुनाफा र निक्षेपका लागि सम्पत्ति जम्मा गर्ने व्यवस्था दासयुग र सामन्तवादी युगमा पनि थियो ।

पुँजीवाद भनेको यस्तो सिद्धान्त हो जसले जसरी भए पनि मुनाफाका लागि सम्पत्ति लगानी गर्ने, मुनाफा आर्जन गरी त्यसको निक्षेप गर्ने र त्यसलाई पुनः बजारमा प्रवाहित गरी बढी मुनाफा गर्ने व्यवसाय गर्छ । यो प्रक्रियाले पन्ध्रौँ शताब्दीदेखि अहिलेसम्म आउँदा कैयौँ चरणहरू पार गरेको छ र यसले आफ्नो मुनाफा सुनिश्चित गर्न एकपछि अर्को गरी आउने सङ्कटहरूमा एकपछि अर्को क्रान्ति पनि गर्दै आएको छ ।

यसरी पुँजीको सुरुआत औद्योगिक क्रान्तिबाट भएको थियो र औद्योगिक पुँजी प्रमुख पुँजी हुने गरेको थियो । यो औद्योगिक पुँजी वास्तविक प्रकारको प्रतिस्पर्धामा आधारित थियो । यसको दायरा पनि सानो थियो । तर यो पुँजी पछि बजार पुँजीमा विकास भयो । बजार पुँजीमा विकास भएपछि यसको प्रतिस्पर्धा बजारका लागि हुन पुग्यो । बजारको प्रतिस्पर्धाको कारण अन्य देशहरूलाई उपनिवेश बनाउने, त्यहाँको कच्चा पदार्थको दोहन गर्ने र उत्पादित वस्तु त्यही देशमा बिक्री गर्ने प्रक्रिया चल्यो । यसका कारण ठूलाठूला युद्धहरू भए । पहिलो र दोस्रो विश्वयुद्धहरू त्यसैका कारणहरू थिए ।

बजार पुँजी वित्तीय पुँजीमा विकास भयो । वित्तीय पुँजीको खास चरित्र कुनै पुँजीपतिले कुनै देशमा पैसा लगानी गर्ने, सामानको उत्पादन गर्ने, त्यही देशमा बिक्री गर्ने र मुनाफाजति आफ्नो देशमा जम्मा गर्ने रह्यो । यो प्रतिस्पर्धा पुँजीवादीहरूका बीचमा चल्यो र त्यसले बजार नियन्त्रण र मुनाफा सुनिश्चित गर्न उत्पादन र वितरणमा 'सिन्डिकेट' र 'कर्टेल्स'हरूको विकास भयो । पुँजी अन्यत्र केन्द्रीकृत हुन पुग्यो । उन्नाईसौँ शताब्दीको सुरुआतमा लेनिनले पुँजीवादको व्याख्या गर्दै यो केन्द्रीकृत, परजीवी, पतनशील र मरणासन्न भएको व्याख्या गर्नुभयो । अहिलेको युगलाई साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग भन्नुभयो ।

क्रान्तिकारी कम्युनिस्टहरूले पुँजीवादको विकासको अवस्थाअनुसार क्रान्तिको रणनीति र कार्यनीति बनाउन सक्दा ती देशहरूमा क्रान्ति सम्पन्न भएका छन् । त्यसमा रुस, चीन, क्युबा, कोरिया प्रमुख रहेका छन् । तर पुँजीको विकासअनुसार रणनीति र कार्यनीति तय गर्न नसकेका देशहरूमा क्रान्ति सम्पन्न हुन सम्भव थिएन । यही कुरा क्रान्तिकारी आन्दोलन असफल भएका देशहरूको उदाहरण हो । उन्नाईसौँ शताब्दीको सुरुआतदेखि मध्यसम्म युरोपका ग्रिस, फ्रान्स, स्पेन, इटाली, जर्मनीलगायत देशहरूमा क्रान्ति हुन नसक्नु त्यसैको परिणाम थियो ।

अहिलेको विश्वमा उदार पुँजीवाद चलिरहेको छ । भूमण्डलीकृत उदार पुँजीवाद उत्पीडनका लागि भूमण्डलीकृत, उदार र निजीकृत भएको छ । उत्पादनका लागि अन्तर्राष्ट्रियतावादी चरित्र रहेको छ र निक्षेप र वितरणका लागि अन्धराष्ट्रवादी चरित्र रहेको छ । यही चरित्रअनुसारको व्याख्या गर्ने एकथरी पलायनवादी कम्युनिस्टहरू नेपालमा क्रान्ति हुन नसक्ने तर्क गर्दै क्रान्तिबाट पर भागिरहेका छन् र विगतका भगौडाहरूको आत्मसमर्पणकारी पुरानो डोला समात्न पुगेका छन् । हामी कम्युनिस्टहरूले यो कुरा बुझ्न आवश्यक छ- अहिलेको पुँजीवादको विशेषता, त्यसले नेपालमा पारेको प्रभाव र त्यसको वास्तविक चरित्रको विश्लेषण गरेर त्यसअनुरूपको रणनीति र कार्यनीतिले मात्र क्रान्तिको जन्म दिन सक्छ । त्यसकारण अहिले नेपालका सन्दर्भमा एकीकृत जनक्रान्तिको रणनीति र कार्यनीति त्यो ऐतिहासिक कार्यभार पूरा गर्न सक्षम रहनेछ ।

साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा पुँजी जतिसुकै विकसित र परिमार्जित गरे पनि बिरामी परेको जनावरलाई औषधि गरेर केही समय बचाउनुजस्तै हो र यसको मृत्यु अनिवार्य सर्त हो ।

सङ्गठनात्मक सिद्धान्त : प्रयोग र विकास

प्रकाश शाही

मानवसमाजको प्रारम्भबाहेक सिकारमा आधारित ढुङ्गेयुग, फ़ौज (जत्था) मा आधारित दासयुग, कृषिमा आधारित सामन्ती युग र अहिलेको पुँजीवादी युग यी सबै युगहरूमा मानवले आफूलाई सधैँ समूहमा राखेर आफ्ना समस्याहरू समाधान गर्दै आएको इतिहास छ। मानिसले आफूले थाहा पाउने भएदेखि नै समुदायको महत्व बुझेर वा आवश्यकताले हो, कुनै न कुनै समूहमा रहेर नै काम गऱ्यो। समयहरू बित्दै जाँदा काम गर्ने तौरतरिका र माध्यमहरू फरकफरक र परिष्कृत पनि बन्दै गए। सिकारमा आधारित ढुङ्गे युगभन्दा दासयुगमा धेरै विकास र जटिलता थप्यो। त्यसभन्दा बढी कृषिमा आधारित सामन्ती युगमा थपिए। श्रमको विविधीकरण र त्यसले बनाएको समाजले विकास र विभेद दुवै सँगै लिएर आयो। यो प्रक्रियासँगसँगै राज्यमा अनेक जटिलताहरू पैदा हुँदै जान थाल्यो। अब राज्यलाई हिजोको परम्पराबाट अगाडि बड्न समस्या हुन थाल्यो अनि राज्य प्रमुख वा अगुवाहरूले राज्यका दैनिक काम व्यवस्थापन गर्न जिम्मेवारी विभाजन गर्न थाले। त्यही कार्यविभाजनलाई दिशानिर्देश गर्न शासकहरू विभिन्न धर्म, तिकडम र षड्यन्त्रको सहारा लिन थाले जसले राजनीतिक प्रणालीलाई जन्म दियो। अहिलेको आधुनिक राजनीतिक प्रणालीको प्रारम्भ त्यही चरणबाट भएको मान्न सकिन्छ। त्योभन्दा अगाडिका समाजहरू विशेषतः भौतिक बलमा आधारित थिए। जो बलियो हुन्थ्यो ऊ नै समूह वा कबिलाको अगुवा हुन्थ्यो। उसले आफ्ना समूहका मानिसहरूको रक्षा गर्ने, समूहलाई काममा लगाउने र व्यवस्थापन गर्ने गर्दथ्यो। त्यो बेला समूहका अगुवाहरू बेलाबेलामा परिवर्तन भइरहन्थे। बलियाहरूले विद्रोह गर्ने, अलग्गै समूह निर्माण गर्ने, लडाइँ जितेर समूहको मुखिया बन्ने हुन्थ्यो तर पछि विशेषतः दासयुगको अन्त्य र खेतीमा आधारित सामन्ती युगको सुरुआतसँगै संसारभर हिजोका घुमन्ते समूहहरू स्थायी बसोबास र आफ्नो समूहको नेतृत्व र परिचालन वंश परम्पराअनुसार बुबा पछि छोरा वा नातेदारबाट खोज्न थालियो। यसलाई थप बलियो धर्म र श्रमका आधारमा कार्य विभाजन गरिएको जात व्यवस्थाले गऱ्यो। जसका कारण संसारभर राजामहाराजाहरू, उनका उत्तराधिकारीबाट राज्यहरू सञ्चालन हुने अवस्था आयो। यो प्रक्रिया केही हज्जार वर्ष चल्यो। यो प्रक्रियाभित्र भएको संस्कृति र श्रम विभाजनले निर्माण गरेको संरचनाले समाजको बनोट तथा उत्पादक शक्ति र साधनहरूमा व्यापक हेरफेर ल्यायो जसको परिणाम सेवाका लागि घरघर धाउने बालीघरे कामदारले अब निश्चित ठाउँमा जाने र निश्चित समय व्यापार गर्ने हुँदै घुमन्ते (हाटबजार) व्यापारको सुरुआत भयो। सायद यही समय हो संसारभरि सिन्धुघाँटी, ह्वाङ्हो, मिश्र, रोमन साम्राज्यलगायत ठूलाठूला सभ्यताहरूको जग बस्न थालेको। अब नगरहरूमा ससाना व्यापारिक बजारहरू निर्माण हुन थाले। यसले एउटा समुदाय र सम्बन्धको निर्माण गऱ्यो। यसले राज्य सञ्चालन, काम र आवश्यकतामा अझ विविधता ल्यायो। अब हिजोको वस्तु विनिमय अब जटिल र झन्झटिलो हुँदै जान थाल्यो। यसले मुद्राको आविष्कार भयो। यो इतिहासकै युगान्तकारी परिघटना थियो।

अब राज्यराज्यबीच कृषि, पशुपालन, हस्तकला र अन्य व्यापारहरू मुद्रामा हुन थाले। यसले विनिमय प्रक्रियालाई अझ सहज र व्यापक बनायो। अब यिनै कुराहरूमा राज्यराज्यबीच युद्ध, कूटनीति र सम्झौताहरू हुन थाले। यसले राज्यहरूलाई स्वार्थकेन्द्रित र जटिल प्रक्रियामा लग्यो। अब राज्य सञ्चालनका लागि छुट्टै नीतिहरूको आवश्यकता पर्न थाल्यो। त्यसका लागि पुरानो सत्ता सञ्चालनका विरासतका रूपमा रहेको धार्मिक मान्यता, आन्तरिक कलह, दाउपेच र षड्यन्त्रले नयाँ राज्य सञ्चालनसम्बन्धी नीतिहरू निर्माण र परिचालनमा सहयोगी भूमिका निर्वाह गऱ्यो। यसले राज्य सञ्चालनसम्बन्धी नयाँ मान्यताहरू स्थापित गऱ्यो। पोप, पादरी र भक्तहरूले प्रभु, भगवान् र अल्लाहका नाउँमा शासन गरे। यो आर्थिक संरचनाले निर्माण गरेको सम्बन्ध थियो। उता माग र पूर्तिको सिद्धान्तअनुसार वस्तुहरूको अभाव हुन थाल्यो। अब आजको आवश्यकता हिजोको तरिकाले नथेगिने भयो। हस्तचालित उद्योगबाट यन्त्रीकरणमा राज्यहरू जान बाध्य भए जसले वाष्प इन्जिनलाई आविष्कार गर्न सहयोग गऱ्यो। यो अर्को ऐतिहासिक फड्को थियो। यन्त्रीकरणसँगै उद्योगहरू नयाँ रूपमा विकास भए। हिजोका कृषि कामदारहरू अब औद्योगिक मजदुर भए। औद्योगीकरणको यो प्रक्रियाले मजदुरहरूलाई सर्वहाराकरण गऱ्यो। हिजोका गाउँको कृषि श्रमको ठाउँ सहरमा औद्योगिक श्रम र सम्बन्धले लियो। यो सामन्ती कृषि श्रमभन्दा निर्मम र उपयोगमा आधारित थियो। अब मजदुर हरूसँग केवल श्रमका लागि दुई हात र कामका लागि उद्योगको विकल्प रहेन। उद्योगहरूमा अब हजारौँ मजदुरको फौज कामदारका रूपमा भर्ती हुने र मालिकको इच्छामा मजदुरको जीवन चल्ने भयो। यसले श्रमिकहरूको अत्यधिक दोहन गऱ्यो जसका कारण श्रमिकहरू रोग, भोक र अभावले ग्रस्त हुँदा परिवार पाल्न समस्या हुने स्थिति पैदा हुँदै गयो भने मालिक धनकुवेरमा परिणत हुँदै गए। यो अवस्थाले राज्यमा नयाँ अभिजात वर्गको जन्म गराइदियो जसले नयाँ सामाजिक संरचना निर्माण गऱ्यो। राज्यका स्रोत, साधन र अर्थ सीमित मानिसहरूमा केन्द्रित हुने युगको सूत्रपात भयो अर्थात् पुँजीवादी युग जहाँ वर्ग, वर्गीय पक्षधरता, विचार, दृष्टिकोण, दर्शन अब यी तत्वका आधारमा समाजको सम्बन्ध निर्माण, परिचालन र व्यवस्थापनको सिलसिला सुरुआत भयो। यो प्रक्रियाले समाजलाई दुई कित्तामा विभाजन गरिदियो : पुँजीपति वर्ग र सर्वहारा वर्ग। अब संसारभर विशेषतः पश्चिम युरोपमा यी वर्गका बीच बहसहरू हुन थाले। मेहनतकस जनताका प्रतिनिधिहरूले समानतामूलक राज्यको परिकल्पना गर्ने र पुँजीपतिहरूले आफ्नो अनुकूल राज्य चाहने। यो सिलसिला लामै चल्यो। यसैबीच समाजवादी विचारकहरू हेगेल, फायरबाखलगायत मेहनतकस जनताका राज्यको कल्पनासहित राज्यसम्बन्धी धारणाहरू सार्वजनिक गरे जसले यी विचारकहरूको धारणामा त्यति बेलाका बुद्धिजीवी, प्राध्यापक, वकिल, विद्यार्थी, कलाकार, मजदुरहरू र पुँजीपतिहरूबीच विचारका आधारमा ध्रुवीकृत हुने अवस्था आयो। यही प्रक्रियाका बीच सर्वहारा वर्गका महान् गुरुहरू कार्ल मार्क्स र एङ्गेल्सको उदय भयो। उहाँहरूले भन्नुभयो, 'हिजोसम्म दर्शन र विचारकले संसारलाई बुझ्ने र व्याख्या मात्रै गरे तर मुख्य कुरो बदल्नु हो।' यसरी संसारलाई हेर्ने, बुझ्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विचार र दृष्टिकोण प्रस्तुत गर्नुभयो। यो विषयले हेगेलको टाउकाले टेकेको भौतिकवादलाई आफ्नो खुट्टामा उभिन सहयोग मात्र गरेन, भौतिक परिस्थितिले चेतनाको निर्माण गर्दछ भन्ने मान्यतालाई स्थापित गरिदियो। त्योभन्दा अगाडि चेतनाले वस्तुको निर्माण गर्छ भन्ने अज्ञेयवादी उल्टो मान्यता थियो। यसैका आधारमा उहाँहरूले कम्युनिस्ट घोषणापत्रमा भन्नुभयो, 'आजसम्मको विद्यमान समाजको इतिहास वर्गसङ्घर्षहरूको इतिहास हो।' यो विषयले संसारको हिजोका परम्परागत नक्सामा फेरबदल गरिदियो। अब मानिसहरू विचार, दर्शन, राजनीति र वर्गका आधारमा सङ्गठित हुने, आफ्ना अधिकारहरूका लागि बोल्ने, सङ्घर्ष गर्ने र आन्दोलित हुने युगको प्रारम्भ भयो। सन् १८४८ को कम्युनिस्ट घोषणापत्र, औद्योगिक श्रमको व्याख्या र अनुसन्धानसहित पुँजीजस्तो सर्वहारा साहित्यको रचना र यसको प्रभावले औद्योगिक श्रमको शोषणले थलिएका श्रमजीवी वर्गमा जन्मिएको विद्रोही चेतना र एकताको जगमा स्थापना भएको सर्वहारा वर्गको पहिलो सङ्गठन प्रथम इन्टरनेसनल गठन, सन् १८७१ मा भएको फ्रासको राज्यक्रान्ति र विजय त्यसको अवसान र त्यसबाट सर्वहारा वर्गले लिएको प्रेरणा र शिक्षा। यी घटना र परिदृश्यले विश्वव्यापी प्रभाव पाऱ्यो र यसले सर्वहारा वर्गसङ्घर्ष र आन्दोलनलाई संसारभर विस्तार गर्न मद्दत मिल्यो। यसले व्यापक रूपमा कम्युनिस्ट पार्टीको गठन, सन् १९१७ मा कमरेड लेनिनको नेतृत्वमा अक्टोबर क्रान्ति सम्पन्न भयो। सोभियत रुसमा सर्वहारा वर्गको सत्ता वैज्ञानिक समाजवादको स्थापना र व्यावहारिक अभ्यास गर्ने तहमा पुऱ्यायो जुन कुराले विश्व-सर्वहारा वर्गमा आशा, उत्साह र समाजवादी राज्य निर्माणको लहरसँगै विश्वको दुईतिहाइ भूभागमा विस्तार हुन सक्यो। यो ऐतिहासिक महत्वको परिघटना थियो। त्यसमा कमरेड लेनिनको दर्शन, राजनीतिक वैचारीक नेतृत्वसँगै मुख्य साङ्गठनिक योगदान अतुलनीय रह्यो। विश्वभर अहिले पनि कम्युनिस्ट आन्दोलनमा मार्क्स-एङ्गेल्सपछि लेनिनको समग्र योगदान साथै सङ्गठनात्मक योगदान विशेष छ। उहाँले सर्वहारा वर्गको वैज्ञानिक समाजवादलाई पहिलोपटक व्यावहारिक रूपमा यस धर्तीमा कार्यान्वयन गर्नुभयो र पार्टीभित्र साङ्गठनिक संरचनामा पनि नयाँ अवधारणा ल्याउनुभयो जसका आधारमा संसारभरका कम्युनिस्ट पार्टी र सङ्गठनहरू चल्ने गर्दछन्। यो कमरेड लेनिनको मुख्य योगदान हो जसले सर्वहारा वर्गको अग्रदस्तालाई शक्तिशाली पार्टी दियो।

कम्युनिस्टहरूका आदर्श कमरेड लेनिनको मुख्य योगदान दर्शन, राजनीति र विचारमा रह्यो नै, त्योसँगै पार्टीलाई एकरूपतामा सङ्गठित र परिचालित गर्न सङ्गठनका क्षेत्रमा गरेको योगदान पनि कम महत्वको छैन। त्यो समयमा रुसका सन्दर्भमा मार्क्सवाद लागू गर्ने र पार्टी संरचना कस्तो बनाउने भन्ने विषय निकै चुनौतीपूर्ण थियो। सन् १९०३ मा सम्पन्न दोस्रो महाधिवेशनमा सङ्गठनात्मक प्रश्नमा व्याप्त अवसरवादका विरुद्धको सङ्घर्षले पार्टीमा फुट निम्त्यायो जसको कारण सन् १९०५ को क्रान्ति सफल हुन सकेन। यसमा मार्तोभहरूले पार्टीसम्बन्धी, त्यसमा पनि सङ्गठन निर्माण र परिचालनमा गम्भम्र मतभेद राखेका थिए जुन पार्टी फुटपछि मेन्सेबिक (अल्पमत) पार्टीका नामले चिनियो। उनीहरूको जोड सङ्गठनभन्दा राजनीतिक क्रियाकलापमा हुन्थ्यो जसलाई लेनिनले 'पुच्छरवाद' भन्नुभयो अर्थात् सङ्गठनात्मक पछौटेपन राख्न चाहने प्रवृत्ति। यो (मेन्सेबिक पार्टी) सोभियत क्रान्तिपछि घोर दक्षिणपन्थी पार्टीमा रूपान्तरित हुँदै प्रतिक्रियावादी कित्तामा उभीन पुग्यो भने अर्कातर्फ कमरेड लेनिनले विकास गर्नुभएको साङ्गठनिक संरचनालाई मार्क्स कालभन्दा माथि उठाउँदै यस क्षेत्रमा नयाँ मान्यताहरू स्थापित गर्दै बलियो बोल्सेबिक (बहुमत) पार्टी बनाउनुभयो जसले सन् १९१७ मा सर्वहारा वर्गलाई सफल अक्टुबर क्रान्ति दियो। यसको अन्तर्यमा उहाँले विकास गर्नुभएको विचारसँगै साङ्गठनिक संरचनाको मुख्य योगदान थियो जहाँ पार्टी र सङ्गठन जनवादी केन्द्रीयताका आधारमा चल्ने, अल्पमत बहुमतका आधारमा चल्ने तर फरकमतको सम्मान गर्ने, तल्ला कमिटी माथिल्ला कमिटी मातहत रहने, सम्पूर्ण कमिटी केन्द्रीय कमिटी मातहत रहने, केन्द्रीय कमिटी महाधिवेशन अधीनस्थ र महाधिवेशन सम्पूर्ण पार्टी सदस्यहरूको अधीनस्थ रहने विधि निर्माण गरियो। योसँगै मानिसहरू सङ्गठित हुन अनिवार्य

> मोर्चाहरूले आफ्नो नेतृत्व निर्माण र आफ्नो वर्ग-समुदायका मुद्दाहरूमा पार्टीको अधीनस्थ रहे पनि स्वतन्त्र पहलकदमी लिन सक्नुपर्छ जसले भोलिको वैकल्पिक नेतृत्वको विकास र संयुक्त मोर्चाहरूका आन्दोलनलाई उठाउन सकोस्। यसो गर्दा सङ्गठनसम्बन्धी मार्क्सवादी मान्यताभन्दा बाहिर जाने छूट कसैले पाउनु हुँदैन जसले अराजकता निम्त्याओस्।

पार्टीको नीति तथा कार्यक्रम मान्नुपर्ने, पार्टीको निश्चित कमिटीमा बस्नुपर्ने, पार्टीलाई निश्चित लेबी तिरेको हुनुपर्ने, गोपनीयता र अनुशासनको ख्याल गर्नुपर्ने जस्ता आधारभूत नियमहरूले पार्टी र सङ्गठनलाई शक्तिशाली र दिगो बनायो। यही साङ्गठनिक प्रक्रियाका आधारमा संसारभर कम्युनिस्ट पार्टी र सङ्गठनहरू निर्माण र सञ्चालन हुँदै आएका छन् तर पछिल्लो समय यो मान्यतामा ह्रास आउँदा र कतिपय कुरामा नेतृत्व अभिधूतवादी हुँदा टर्की, फिलिपिन्स, पेरू, भारत र नेपालकै पार्टी आन्दोलनहरू सफल हुन सकेनन् भने सोभियत सङ्घलगायत संसारभर समाजवादी राज्यको पतन र कतिपय नेतृत्वको अधिनायकवादी प्रवृत्ति र वैकल्पिक नेतृत्वको अभावका कारण विश्वभर कम्युनिस्ट पार्टी र सङ्गठनहरूले क्षति र अलोकप्रिय बेहोर्नुपऱ्यो। यसो हुनुमा लेनिनवादी सङ्गठनात्मक सिद्धान्तको गलत प्रयोग र समयअनुसार थप विकास हुन नसक्नु मुख्य समस्या रह्यो। यी अनुभवहरूबाट सिक्दै कम्युनिस्ट पार्टीहरूले नेतृत्वको निश्चित समयमा अध्यावधिक गर्ने, महिला सहभागिता सुनिश्चित गर्ने, तल्ला जाति र समुदायको उपस्थिति तोक्ने र क्षेत्रीय उत्पीडनमा परेका भूगोलको प्रतिनिधित्व गराउने अभ्यासहरू पछिल्ला समयमा नेपाललगायत दक्षिणएसियाका देशहरूले गरिरहेका छन्। यसका सकारात्मक र नकारात्मक दुवै अनुभवहरू हामीमाझ छन्। सकारात्मक यस अर्थमा कि पार्टी सङ्गठनभित्र हुने यसकिसिमको प्रतिनिधित्वले श्रमजीवी वर्गको आवाज, क्षमता र नेतृत्वको विकासमा केही हदसम्म यसले सम्बोधन गरेको छ तर नयाँ पुस्तालाई सङ्गठित गर्ने, राजनीतिक स्कुलिङ, विचार, दृष्टिकोण र वर्गप्रतिको निष्ठा र इमानदारीको अभावमा यो संरचनाको सङ्गठन वर्गभन्दा आम पार्टी बन्ने र नेतृत्व फरक वर्गबाट फरक स्वार्थसहित निर्माण र परिचालित हुने समस्या रह्यो जो मुर्दाशान्तिको वकालत गर्ने, गुटगत स्वार्थमा रमाउने र चुनावका लागि पुँजीपति वर्गको हितमा फस्दा पार्टी संशोधनवादमा गएर टुङ्गिएको छ जसको मार विश्व कम्युनिस्ट आन्दोलन र सर्वहारा वर्गले बेहोरेको छ। त्यसको ज्वलन्त उदाहरण दक्षिणी भारतमा २५ वर्ष शासन सत्तामा रहेका ज्योति वासुहरूको पतन (जो आफू पनि सकिए र अन्य कम्युनिस्टहरूलाई पनि दमन गरेर सके) र नेपालमै पनि केपी-प्रचण्ड नेतृत्वको सत्तापक्षीय कम्युनिस्ट पार्टीको सरकार, नेतृत्व र सङ्गठनको अवस्थालाई लिन सकिन्छ। सङ्ख्याको हिसाबले हेर्दा करिब आठ लाख दाबी गर्ने पार्टीका सदस्यहरू कम्युनिस्ट विधि, पद्धति, अनुशासन र वर्गीय मुद्दामा भने खुला रूपमा दलाल पुँजीवाद पक्षपोषण र प्रतिनिधित्व गर्दछन् भने पार्टीभित्र जनवादका नाउँमा व्यक्तिगत स्वार्थ र केन्द्रीयताका नाउँमा गुटगत निर्देशन छन्। यस्तो अवस्थाले श्रमजीवी जनता र इमानदार नेता-कार्यकर्ताहरूमाथि धोका भएको छ र मेहनतकश वर्गका मुद्दाहरू ओझेल परेका र पार्टी आन्दोलनप्रतिकै विश्वास हराउँदै गएको स्वयम् त्यही पार्टी नेताहरू आफ्ना भाषण र आलेखहरूमार्फत सार्वजनिक गरिरहेका छन् जुन कुराको थप पुष्टि पार्टीको शीर्ष नेतृत्व र सरकारका गतिविधिले गरेको छ। पार्टीको विधान र प्रतिवेदनमा समाजवाद उन्मुख जनताको जनवाद भनिएको छ। यो समाजवाद बर्नस्टिनले अघि सारेको संशोधनवादी समाजवाद हो जसले वर्गसमन्वयको कुरा गर्दछ। यहाँ शिक्षा, स्वास्थ्यमा खुला व्यापार छ। सरकारी सञ्चार, उद्योगधन्दा, सेवाको निजीकरण गरिँदैछ र कम्युनिस्ट क्रान्तिकारीहरूमाथि प्रतिबन्ध, हत्या र धरपकड जारी छ। आफ्नै वर्गप्रतिको विश्वासघात र देशका ८० प्रतिशत श्रमजीवी जनताको अवस्थाले विधान-प्रतिवेदनमा जे लेखे पनि यी कम्युनिस्ट र समाजवादी दुवै होइनन् भन्ने कुरा प्रमाणित गर्दछ। अर्को यसको मूल नेतृत्व निगम साम्राज्यवादको खुला दलाली, फाउन्डेसनपथ र एनजीओकरणमा डुबेको छ जसको प्रमाण अमेरिकाले अघि सारेको हिन्द-प्रशान्त रणनीतिअन्तर्गतको आर्थिक विकास परियोजना मिलिनियम च्यालेन्जर कर्पोरेसन (MMC) लाई हेर्ने सरकार र पार्टीको दृष्टिकोण, प्रधानमन्त्री केपी वलीको राम जन्मभूमि विवाद र होली वाइन प्रकरणले थप पुष्टि गर्दछ। यी सबै कम्युनिस्ट मूल्य-मान्यताभन्दा बाहिरका कुरा हुन् र यो सामूहिक नेतृत्वको अभावमा लेनिनवादी साङ्गठनिक संरचनाको विपरीत र विचार, वर्ग र समाजवादी मूल्य-मान्यताबाट अलग भई व्यक्तिगत र गुटगत स्वार्थलाई केन्द्रमा राख्दा उत्पन्न भएका परिणामहरू हुन्। यसलाई कम्युनिस्ट नामभित्रको संशोधनवादी प्रवृत्तिका रूपमा हामीले बुझ्नु जरुरी छ। यसले समाजवादको नारा दिएर समाजवादीहरूकै हुर्मत लिइरहेको छ। यस किसिमको प्रवृत्तिले सच्चा कम्युनिस्ट आन्दोलन र समाजवादप्रति नै जनतामा घोर निराशा र थुप्रै प्रश्न खडा गरिदिएको छ। यो प्रवृत्ति र पार्टी दलाल पुँजीवादमा पतन भएर ढिलोचाँडो सिद्धिने निश्चित छ। अहिलेको सरकारी नेकपाभित्रको विवाद र स्वार्थहरूको टकराव त्यही प्रक्रियाको सुरुआत हो। क्रान्तिकारीहरू यो प्रवृत्तिबाट सचेत यसविरुद्ध निर्मम हुन जरुरी छ।

यी सबै संरचना र दृष्टान्तले क्रान्ति निर्विकल्प र अनिवार्य गरिदिएको छ। यहाँ लेनिनको भनाइ विशेष स्मरणीय छ, 'सत्ताका लागि सङ्घर्षमा सर्वहारा वर्गसित सङ्गठनशिवाय अर्को कुनै हतियार छैन।' यसले सङ्गठनको महत्व दर्साउँछ। त्यसकारण नेपाली श्रमजीवी जनताको असली प्रतिनिधित्व गर्ने नेपाल कम्युनिस्ट पार्टी कमरेड विप्लवको नेतृत्वमा नेपाली जनताको जनजीविका, राष्ट्रिय स्वाधीनता र वैज्ञानिक समाजवादको पक्ष र भ्रष्टाचार, कालोबजारी, हस्तक्षेप र दलाल संसदीय व्यवस्थाविरुद्ध निरन्तर सङ्घर्षरत छ। यो लेनिनवादी सङ्गठनात्मक पद्धतिमा रही सामूहिक नेतृत्व र व्यक्तिगत उत्तरदायित्वको समाजवादी मान्यताका आधारमा आफ्नो वर्गको बीचबाट सङ्गठित र परिचालित भएको कम्युनिस्ट पार्टी हो। यो वर्गसङ्घर्ष र श्रमजीवी जनताको शक्तिमा विश्वास राख्दछ। यसैकारण राज्यको प्रतिबन्ध, गिरफ्तारी र षड्यन्त्रको सामना गर्दै नेपाली समाजको मौलिक कार्यक्रम एकीकृत जनक्रान्तिको कार्यदिशासहित अघि बढिरहेको छ। यसले हाम्रो समाजका तत्कालीन विशेषताहरू १. नगर उन्मुख समाज २. मध्यम वर्गको विकास ३.जाति-जनजातिको मिश्रित बसोबास ४. विज्ञान प्रविधिको विकास र पहुँच ५. देशभक्तहरूको बाहुल्य ६.देशको भूपरिवेष्ठित अवस्था र ७. दलाल पुँजीको विकासजस्ता विषयहरूलाई समेटेर कार्यदिशा निर्माण गरिएको छ। यसमा रोजगारीका लागि बिदेसिएका लाखौँ श्रमिकहरू र त्यसले उत्पन्न गरेको सामाजिक, आर्थिक सम्बन्धसमेतलाई कार्यदिशामा जोडेर पार्टीको सार (पार्टीको क्रियाकलाप) र रूप (सङ्गठनात्मक पक्ष) एकीकृत रूपमा निर्माण र परिचालन गर्ने दिशामा हाम्रो पार्टी नेतृत्वले कामहरू अघि बढाइरहेको छ। यसो हुँदा यो हिजो जनयुद्धको सङ्गठन र कार्यदिशा होइन। यसबारे हामी भ्रममा पर्नु हुँदैन। त्यसकारण हाम्रो कार्यदिशा चीनको जस्तो दीर्घकालीन जनयुद्ध र रुसको जस्तो सहरी विद्रोह मात्र होइन, यो ती सङ्घर्षका मान्यताहरूमा टेकेर विकास गरिएको नितान्त नौलो र अहिलेको विश्वपरिवेश, विज्ञान प्रविधि र हाम्रो सापेक्षतामा विकास गरिएको राजनीति र साङ्गठनिक योगको कार्यदिशा हो। यो हिजोको शास्त्रीय मान्यता र सुधारवादबाट अनुभव र शिक्षा लिएर द्वन्द्ववादको शृङ्खलाबाट निर्माण गरिएको छ। अहिले यो परीक्षणको चरणमा छ। यसले आंशिक सफलताहरू पनि हासिल गर्दै आएको छ र पनि यसलाई सङ्गठित र विस्तारित गर्नमा हाम्रा केही अपुगहरू छन् जसका कारण पार्टी गतिशील हुनमा विशेषतः प्रतिबन्धपछि केही समस्या उत्पन्न भएका छन्। यसो हुनुमा पार्टीको कार्यदिशाभन्दा पनि केही वस्तुगत कारण, व्यक्तिगत बुझाइ र मार्क्सवादलाई आजको परिवेशमा लागू गर्ने रूढिवादी शैली, चिन्तन, प्रवृत्तिले काम गरेको छ जसलाई अविलम्ब हटाएर मार्क्सवादलाई आजको परिवेश र हाम्रो देशको मौलिकतामा लागू गर्न एकीकृत स्कुल निर्माण गर्नु अहिलेको पहिलो काम हो। यसो हुँदा पार्टीले प्रस्ताव र निर्णय गरेका सङ्गठन, स्कुलिङ, उत्पादन, न्याय, शिक्षा, अर्थ, सहकारी, प्रशासनलगायत सबै विभाग तथा अङ्गहरूलाई कसरी श्रमजीवी वर्गसँग जोड्ने, बलियो सङ्गठनको सञ्जाल निर्माण गर्ने र त्यसलाई पार्टीमार्फत एकीकृत रूपमा परिचालन गरी समाजवादी आन्दोलन निर्माण गर्ने भन्ने विषयमा हाम्रा सबै जनवर्गीय सङ्गठनहरू विशेषतः मजदुर, महिला, युवा, विद्यार्थी र अन्य सङ्गठनहरूले खोज, अनुसंधान र आफूलाई व्यवस्थित गर्न जरुरी छ। क्रान्तिको पूर्वार्द्धमा जनवर्गीय सङ्गठनहरूले खुला मोर्चाका रूपमा पार्टीका विचार र कार्यक्रमहरूलाई आम स्तरमा लैजाने, क्रान्तिकारीबीच ध्रुवीकरणका लागि पहल गर्ने, जनताका मुद्दामा संयुक्त मोर्चा निर्माण र परिचालन गर्ने, जनसमुदायहरूको प्रतिक्रिया र सुझावहरूलाई पार्टीसम्म संस्थागत गर्ने, पार्टी निर्माणमा नयाँ जनशक्ति निर्यातका लागि कारखानाका रूपमा काम गर्नु पर्दछ। त्यसकारण पनि मोर्चाहरूले आफ्नो नेतृत्व निर्माण र आफ्नो वर्ग-समुदायका मुद्दाहरूमा पार्टीको अधीनस्थ रहे पनि स्वतन्त्र पहलकदमी लिन सक्नुपर्छ जसले भोलिको वैकल्पिक नेतृत्वको विकास र संयुक्त मोर्चाहरूका आन्दोलनलाई उठाउन सकोस्। यसो गर्दा सङ्गठनसम्बन्धी मार्क्सवादी मान्यताभन्दा बाहिर जाने छूट कसैले पाउनु हुँदैन जसले अराजकता निम्त्याओस्। यसमा पार्टी सचेत रहनु पर्दछ। त्यसकारण पार्टीले अब सङ्गठनसम्बन्धी लेनिननवादी मान्यतामा अहिलेका विशेषताहरूलाई समेट्न सक्ने गरी थप प्रयोग र विकास गर्नु आजको आवश्यकता भएको छ जुन सन् १९८० पछि संसारभर क्रान्ति उठ्न नसक्नुले पनि यसको महत्व उजागर गरेको छ। यसबारेमा पार्टीको आठौँ थबाङ महाधिवेशनले सङ्गठन सम्बन्धमा क्रान्तिपछि नेतृत्वको दुई कार्यकाल, निश्चित उमेरपछि विश्राम र अवकाशपछिको जीवनको सुनिश्चितता गर्नेबारे नीति बनाएको छ। त्यस्तै पार्टी निर्माण सम्बन्धमा पार्टी विपरीतहरूको एकत्वको होइन, बरु सजातीय वा सवर्गीयहरूको एकत्व हो भनेको छ। जहाँ मतभेद हुने कुरालाई स्वीकारिएको छ। यो कम्युनिस्ट आन्दोलनमा ऐतिहासिक महत्वको निर्णय हुनेछ। यसका साथै कम्युनिस्ट विचार र आन्दोलनलाई कसरी जनतासँग निरन्तर जोड्ने र त्यसको रक्षा, प्रयोग, थप विकास र विस्तार गर्ने भन्नेमा जोड दिएको छ र आर्थनीतिबारेमा महासचिव विप्लवले भन्नुभएको छ, 'उत्पादनमा जोड दिने र खर्चहरू संस्थागत र मितव्ययी गर्ने, बलियो संस्थागत पुँजी र सुखी निजी जीवन' समाजवादकै बारेको भ्रमबारे पनि प्रस्ट लेख्नुभएको छ, 'समाजवाद अभावको मात्र सिद्धान्त होइन, यो त बरु सचेतना र वास्तविक समृद्धिको सिद्धान्त पनि हो।' यी विषयको प्रयोग, विकास र थप खोजले सम्भवतः कम्युनिस्ट आन्दोलनलाई नयाँ उचाइ दिनेछ। त्यसकारण सबै पार्टी सदस्यहरूको ध्यान यी विषयहरूको कार्यान्वयनमा पुग्न जरुरी छ। अन्यथा कार्यदिशा सही हुँदाहुँदै पनि बुझाइ र व्यवहारमा एकरूपता नहुँदा वैज्ञानिक समाजवाद मृगतृष्णा रहने खतरा छ। त्यसैले वैज्ञानिक समाजवादको आधार निर्माण र त्यसअनुरूपको जनवादी केन्द्रीयतामा आधारित पार्टी, सङ्गठन र नेतृत्व निर्माणमा सर्वहारा वर्गका असली प्रतिनिधिहरूले ध्यान दिँदै नयाँ पुस्ताका कम्युनिस्ट क्रान्तिकारीहरूले आफ्ना सबै योगदानहरू श्रमजीवी वर्गको साझा भविष्य र पार्टीका लागि समर्पित गर्न जरुरी छ जसले विश्व कम्युनिस्ट र हाम्रो आन्दोलनलाई नयाँ उचाइमा पुष्टि गर्नेछ- वैज्ञानिक समाजवाद विश्वको निर्विकल्प सत्य र आवश्यकता हो जुन कोभिडपछि विश्वभरका तथ्य र प्रयोगहरूले यसका औचित्यहरूलाई थप सान्दर्भिक बनाइदिएको छ।

ऋणीहरूलाई धम्की दिने बैङ्क/वित्तीय संस्थाहरूलाई नेकपाले कारबाही गर्ने

नेकपा रूपन्देहीले कोरोना सङ्कटको बेला बैङ्क तथा वित्तीय संस्थाहरूले व्यवसायी तथा ऋणीहरूबाट किस्ता, ब्याज र हर्जनासमेत असुल गर्न ताकेता गर्ने, घरमा पुगेर मानसिक दबाब दिने र ब्याज र हर्जनासमेत असुल गर्न ऋणीहरूलाई धम्की दिएको विषयमा पार्टीको गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

जिल्ला सेक्रेटरी प्रभातले आइतबार प्रेस विज्ञप्ती जारी गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको यस्तो हर्कतले व्यवसायी तथा ऋणीहरू घरपरिवार र समाजबाटसमेत पलायन हुनुपरेको बताएका छन्।

कोरोना कहरको बेला जनताको गाँस, बास, कपास, स्वास्थ्यजस्ता आधारभूत आवश्यकताहरू राज्यले पूरा गर्नुपर्ने दायित्वबाट पन्छिएर केपी वली नेतृत्वको सरकारले उल्टै उठीबास पार्ने कार्य गर्नु निन्दनीय र खेदजनक रहेको भन्दै यस्तो हर्कत तत्काल बन्द गर्न नेकपा रूपन्देहीले चेतावनी दिएको छ। 'कोरोना सङ्कटको भयावह स्थितिमा श्रमजीवी जनतालाई गाँस, बास, कपास, स्वास्थ्यजस्ता आधारभूत आवश्यकता राज्यले पूरा गर्नुपर्ने दायित्वबाट पन्छिएर उल्टै धम्की दिने र उठीबास पार्नेजस्ता घृणित हर्कत गर्नु निन्दनीय र खेदजनक रहेको छ। बैङ्क तथा वित्तीय संस्थाले श्रमिक जनतामाथि गरेको यस्तो व्यवहारप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ र आगामी दिनमा यस्ता घटनाहरू नरोकिए जनस्तरबाट प्रतिरोध गर्ने र त्यसको प्रतिफल भोग्न तयार रहन सम्बन्धित निकायलाई जानकारी गराउँछौँ', विज्ञप्तीमा उल्लेख छ।

यस्तै कोभिड १९ को बहाना बनाई अत्यावश्यक सामानको नक्कली अभाव उत्पन्न गराई महँगो भाउमा व्यापार गर्ने दलाल, कोभिड १९ का नाउँमा अथाह रकम हिनामिना गर्ने, नक्कली बिलभर्पाई र कमिसनको भरमा फर्स्योट गर्ने नगरपालिका र गाउँपालिकालाई समेत कारबाही गरिने नेकपा रूपन्देहीले बताएको छ।

अखिल क्रान्तिकारीद्वारा विभिन्न ठाउँमा रक्तदान

काठमाडौँ : कोरोना भाइरस महामारीका कारण देशैभरि रगतको अभाव भइरहेको बेला अखिल (क्रान्तिकारी) ले देशव्यापी रूपमा रक्तदान कार्यक्रम गरिरहेको छ।

यसैबीच आइतबार अखिल (क्रान्तिकारी) लुम्बिनी क्षेत्रीय समन्वय समितिको आयोजनामा बुटवलमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। अखिल (क्रान्तिकारी) का १८ जना कार्यकर्ताले बुटवलस्थित ब्लड बैङ्कमा गएर रक्तदान गरेका हुन्। क्रान्तिकारीका क्षेत्रीय समन्वय समितिका संयोजक वीरेन्द्र विकका अनुसार लुम्बिनी ब्युरोअन्तर्गत विभिन्न जिल्लाहरूमा गरी अखिल (क्रान्तिकारी) ले ३५ पिन्ट रक्तदान गरेको छ।

बुटवलमा आयोजित रक्तदानका कार्यक्रममा कपिलवस्तु र रूपन्देहीबाट १८ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा युवा, विद्यार्थी, शिक्षक, अभिभावक, बुद्धिजीवीलगायत सहभागी रहेको अखिल (क्रान्तिकारी) केन्द्रीय सदस्य एवम् रूपन्देही इन्चार्ज रूपा बुढामगरले बताएकी छिन्।

रक्तदान गरेपछि आयोजित कार्यक्रममा नेकपा रूपन्देहीका सेक्रेटरी प्रभातले कोरोना सङ्कटले पुँजीवादको वास्तविक चरित्र उदाङ्गो भएको भन्दै केपी वली नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले कोरोना नियन्त्रण गर्न नसक्ने बताए।

कार्यक्रममा युवा सङ्गठन नेपालका लुम्बिनी ब्युरो इन्चार्ज विश्लेषण र अखिल (क्रान्तिकारी) लुम्बिनी क्षेत्रीय समन्वय समितिका संयोजक वीरेन्द्र विकले कार्यक्रममा सहभागीहरूलाई धन्यवाद व्यक्त गरेका थिए।

कोरोना सङ्कट गहिरिँदै गएपछि अस्पतालहरूमा रगतको समस्या रहेको बेला अखिल (क्रान्तिकारी) ले रक्तदान सम्पन्न गरेको हो।

यसैबीच अखिल (क्रान्तिकारी) नवलपुरले गैँडाकोट नगरपालिकामा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ।

जिल्ला पार्टीका नेताहरू र दर्जनौँ विद्यार्थीको उपस्थितिमा अखिल (क्रान्तिकारी) नवलपुरले कोरोना महामारीका कारण अस्पतालमा भइरहेको रगतको अभाव पूर्ति गर्ने उद्देश्यसहित उक्त कार्यक्रम आयोजना गरेको हो। जिल्ला रेडक्रससँगको समन्वयमा गरिएको उक्त कार्यक्रममा व्यक्तिगत दूरी कायम गर्दै सत्रजनाले रक्तदान गरेका छन्।

अखिल (क्रान्तिकारी) नवलपुरले यसअघि रुकुम हत्याकाण्डविरुद्ध प्रदर्शन, अनलाइन शुल्कविरुद्ध स्थानीय निकाय तथा शिक्षण संस्थामा मागपत्र पेस गर्नेलगायत विभिन्न सामाजिक कार्यक्रमलाई निरन्तरता दिएको छ।

उद्धारका नाममा मोटो रकम असुल्नेलाई कारबाही गरिने

वैदेशिक रोजगारीका लागि साउदी अरब गएका नेपालीहरूबाट उद्धारका नाममा बिचौलियाहरूले मोटो रकम असुलेको भन्दै नेपाली जनप्रगतिशील मोर्चा साउदीले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ।

अहिले अन्य मुलुकमा भन्दा साउदी अरबमा नेपाली श्रमिकहरूको अवस्था निकै नाजुक रहेको बेला बिचौलियाहरूले श्रमिकहरूलाई उद्धार गर्ने बहानामा अनेकौँ प्रलोभन र समस्या देखाई मोटो रकम असुली गरिरहेको भन्दै जनप्रगतिशील मोर्चा साउदीले विरोध गरेको हो।

जनप्रगतिशील मोर्चा साउदी अरबका अध्यक्ष कसम मगर र महासचिव टीकाराम ओली 'सुरेश' ले यही भदौ १२ गते प्रेस विज्ञप्ति जारी गर्दै साउदी अरबमा टिकट, होटेल र क्वारेन्टाइन गरी प्रतिव्यक्ति झन्डै नेपाली रुपैयाँ दुई लाख खर्च गरेपछि मात्रै आफ्नो देश आउन सक्ने वातावरण बनाइरहेको भन्दै पीडित मजदुरहरूलाई सरकारी खर्चमा उद्धार गर्न माग गरेका छन्।

मोर्चाको विज्ञप्तिमा भनिएको छ, ' यहाँको दूतावासले स्वीकृति दिएको साउदी अरबको राजधानी रियाद सहरको बथ्थास्थित Dhaka medical center मा कार्यरत नेपाली डाक्टर अनिरुद्र पाठकले नेपाली श्रमिकहरू उद्धारका नाममा एक त नेपाल सरकारबाटै अपहेलित र पीडित हुँदाहुँदै पनि अनेकौँ ऋण-धन गरी नेपाल जानलागेका हाम्रा दाजुभाइ तथा दिदीबहिनीहरूबाट कोरोना जाँच गर्ने बहानामा मोटो रकम प्रतिव्यक्ति ४,८०० देखि ६,४०० सम्म चार्ज लिँदै बिनाजाँच पीडितहरूलाई कोरोनाको पीसीआर रिपोर्ट नेगेटिभ दिँदै आएको खुलासा पीडित झपडबहादुर बस्नेतले नेपाल पुगिसकेपछि news 24 channel को issue of the day कार्यक्रममार्फत सार्वजनिक गरे। यस विषयमा दूतावास रियाद र नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गर्न र गराउन चाहन्छौँ! यो विषय एक व्यक्तिमाथिको मात्रै नभई समग्रमा सिङ्गो राष्ट्रमाथि नै घात रहेको ठहर हामी र हाम्रो मोर्चाले गरेको छ। यो विषयलाई सामान्य ठानी दूतावासले खरो रूपमा एक्सन नलिएमा नेपाली डाक्टर अनिरुद्र पाठकलाई जस्तोसुकै कारबाही चाहे भौतिक होस् वा कानुनी अथवा दुवै गर्न हाम्रो मोर्चाले कुनै कसर बाँकी नराख्ने जानकारी दूतावासलाई गर्न चाहन्छौँ। अनिरुद्र पाठकको इतिहास हामीले राम्रोसँग बुझेका छौँ। उनले पैसाका निमित्त साउदी अरबमा केकस्तो धन्दा हिजोको दिनदेखि गर्दै आएका छन् त्यो पनि हामीसँग प्रमाण सुरक्षित नै रहेको जानकारी दूतावासलाई गराउन चाहन्छौँ।'

अदालतको आदेशमा नेकपाका केही नेता रिहा

अदालतको आदेशमा विभिन्न ठाउँमा नेकपाका नेता-कार्यकर्ताहरू रिहा भएका छन्। यसैबीच नेपाल कम्युनिस्ट पार्टी निकट दलित मुक्ति मोर्चाका महासचिव रामलाल विश्वकर्मा र नेकपाका नारायणी ब्युरो सदस्य होमबहादुर खड्का रिहा भएका छन्।

सर्वोच्च अदालतमा बिहीबार बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि भएको बहसपछि सुनुवाइ गर्दै सर्वोच्च अदालतले दलित मोर्चाका नेता विक र ब्युरो सदस्य खड्कालाई रिहा गर्न आदेश दिएको थियो। प्रहरीले बिनाआधार र प्रमाण प्रवृत्त भावना राखेर गिरफ्तार गरेको भन्दै सर्वोच्चले जिल्ला अदालत धादिङका न्यायाधीशको रोहबरमा उनीहरूलाई रिहा गर्न आदेश दिएको थियो।

सर्वोच्च अदालतमा बिहीबार बन्दीहरूका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखेल, खिमानन्द अधिकारी, कान्तिराम ढुङ्गाना, राजु अधिकारी, सन्तोष कोइराला, चूडाबहादुर निरौला र चिरञ्जीवी ढकालले बहस गरेका थिए। उनीहरूलाई प्रहरीले साउन ३ गते गिरफ्तार गरेको थियो।

यसैबीच ४८ दिन लामो हिरासत तथा जेल जीवनपछि नेपाल कम्युनिस्ट पार्टीका तत्कालीन रोल्पा जिल्ला इन्चार्ज कमल थापा 'बिजुली' रिहा भएका छन्।

जिल्ला अदालत रोल्पाको आदेशमा बिहीबार साँझ उनलाई रिहा गरिएको हो। हातको अप्रेसन गरेर आराम गरी बसिरहेको बेला थापालाई प्रहरीले गिरफ्तार गरेको थियो।

यस्तै नेकपाका भेरी-कर्णाली ब्युरो सदस्य तथा जुम्ला जिल्ला सेक्रेटरी राजबहादुर भाव 'उदय' र युवा सङ्गठनका जुम्ला संयोजक नवीन पनि रिहा भएको समाचार प्राप्त भएको छ।



शुल्क नतिरेको भन्दै अभिभावकलाई नै कुटपिट गर्ने शिक्षकमाथि कारबाहीको माग

विद्यालयलाई शुल्क नतिरेको भन्दै अभिभावकलाई कुटपिट गर्ने शिक्षकमाथि कारबाही नभएको भन्दै अखिल क्रान्तिकारी जिल्ला समिति नवलपुरले आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएको छ।

अखिल क्रान्तिकारी नवलपुरका अध्यक्ष श्रीराम बस्यालले सोमबार प्रेस विज्ञप्ति जारी गर्दै नवलपुरको विनय त्रिवेणी गाउँपालिका ६ रानीनगर स्थित उज्ज्वल शिशु इङ्लिस बोर्डिङ स्कुलका प्रधानाध्यापक दीपक कुँवरले शुल्क नतिरेको भन्दै अभिभावक कृष्णप्रसाद शर्मा आचार्यलाई निर्घात कुटपिट गरी खुट्टा भाँचिदिएको र दोषीलाई हालसम्म पनि कारबाही नभएको घटनाप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन्।

कोरोना महामारीले गर्दा आमनागरिकलाई आत्महत्या गर्न बाध्य पार्ने गरी राज्यले देखाइरहेको गैरजिम्मेवारीपूर्ण हर्कतले यो व्यवस्थाको असफलतालाई उदाङ्गो पारिरहेकै बेला यस्तो घटनाले आफ्नो सङ्गठनलाई आक्रोशित बनाएको क्रान्तिकारीको विज्ञप्तिमा उल्लेख छ।

पीडित अभिभावकको क्षतिपूर्तिसहित उचित उपचार स्वयम् विद्यालयका प्रधानाध्यापकले गर्नुपर्ने तथा यस्ता हर्कत दोहोऱ्याएमा र पहुँचका आधारमा उन्मुक्ति दिन खोजिए यसविरुद्ध कारबाही गर्ने चेतावनी क्रान्तिकारीले दिएको छ।

पार्टीबाट कारबाही गरिएकाहरूले पार्टी छोडेका हुन् : शितल

नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य तथा नारायणी ब्युरो इन्चार्ज शितलले नेकपाका १३८ जना कार्यकर्ताले पार्टी परित्याग गरेको भनी दिइएको समाचार पार्टीविरुद्धको षड्यन्त्र र प्रचारबाजी मात्र भएको भएको बताएका छन्।

इन्चार्ज शितलले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै आफ्नो पार्टीका मकवानपुरका पूर्वसेक्रेटरी पासाङले पार्टी अनुशासनविपरीत तथा पार्टी र क्रान्तिविपरीत क्रियाकलाप देखाएकाले गत २०७७ भदौ १५ गते नै पार्टीको जिम्मेवारीबाट हटाइसकिएको प्रस्ट पारेका छन्।

यस्तै रेखा र विमल नाम गरेका व्यक्तिहरू पार्टीको सम्पर्कभन्दा बाहिर रहेर आफ्नो तरिकाले काम गरिरहेको पनि शितलले विज्ञप्तिमा स्पष्ट पारेका छन्। यस्तै आपच्याङ र किरण नामका व्यक्ति मात्र आफ्नो पार्टीको जिम्मेवारीमा रहेको भन्दै इन्चार्ज शितलले १३८ जनाले पार्टी छोडेको समाचार फर्जी, कपोलकल्पित र प्रचारबाजी मात्र भएको स्पष्ट पारेका छन्।

विज्ञप्तिमा उल्लेख भएका नामहरूबाहेक फोटोमा देखाइएका सबै मानिस सर्वसाधारण जनता भएकाले पार्टीपङ्क्ति र आमजनसमुदायमा उक्त षड्यन्त्रकारी प्रचारबाजीको भ्रममा नपर्न पनि इन्चार्ज शितलले आग्रह गरेका छन्।

बाढीपीडितलाई नेकपाले दियो राहत

नेपाल कम्युनिस्ट पार्टीले अछामको रामारोशनका बाढीपीडितहरूलाई राहत सामग्री वितरण गरेको छ। बाढीबाट प्रभावित परिवारलाई नेकपाले ५१ हजार नगदसहित कोरोना प्रतिरोध स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। नगदसहित मास्क सेनिटाइजर र साबुन उपलब्ध गराइएको नेकपाले जनाएको छ।

नेकपाका जिल्ला जनपरिषद् प्रमुख सौगातले मङ्गलबार कार्यक्रम आयोजना गरी राहत र स्वास्थ्य सामग्री बाढीपीडितलाई हस्तान्तरण गरेका थिए। राहत वितरण कार्यक्रममा नेकपा अछामका सेक्रेटरी लक्ष्मण, युवा सङ्गठनका सुमनसहितका नेता-कार्यकर्ताहरू सहभागी थिए। कार्यक्रममा नेकपाका नेताहरूले बाढीपहिरोमा पीर ज्यान गुमाउनेहरूप्रति पार्टीका तर्फबाट श्रद्धाञ्जली व्यक्त गर्दै परिवारप्रति समवेदना प्रकट गरेका थिए।

नेकपाका नेताहरूले बाढीमा प्रभावित परिवार हरूलाई राहत, घाइतेहरूको निःशुल्क उपचारको व्यवस्था गर्न पनि सरकारसँग माग गरेका थिए।

पार्टी नीतिविपरीत काम गर्ने कार्यकर्ता निष्कासनमा

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति दैलेखले जिल्ला सदस्य मदन शाहीलाई पार्टीबाट निष्कासन गरेको छ। जिल्ला इन्चार्ज दीपेन्द्र र सेक्रेटरी मादुरोले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै जिल्ला सदस्य शाही विगत लामो समयदेखि पार्टीको सम्पर्कमा नरही पार्टी नीतिविपरीत साङ्गठनिक एवम् आर्थिक अराजकता, गुटबन्दी र अनुशासनहीन गतिविधिहरू गरिरहेको पुष्टि भएकाले पार्टीको जिल्ला तथा जनपरिषद् प्रमुखबाट निष्कासन गरिएको जानकारी गराएका हुन्।

यस्तै पार्टीका नाममा ब्ल्याकमेलिङ गरेर चन्दा उठाउनेलगायत कुनै पनि गतिविधि गरेको पाइएमा पार्टीले कठोर कदम चाल्न बाध्य हुने कुरा पनि नेकपाले दैलेखको विज्ञप्तिमा उल्लेख गरिएको छ।

पार्टी नीतिविपरीत काम गर्नेहरू नेकपाबाट निष्कासित

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी मकवानपुरले पूर्वजिल्ला सेक्रेटरी पासाङले पार्टी नीतिविपरीत, अनुशासनहीन गतिविधि गरेकाले भदौ १५ गते नै पार्टीबाट निष्कासन गरिएको जनाएको छ।

नेकपाका मकवानपुर जिल्ला इन्चार्ज जमिनले शनिबार प्रेस विज्ञप्ति जारी गर्दै पार्टीका जिल्ला सदस्य जुरे घिसिङ (आपच्याङ) बाहेक आफ्नो पार्टीका कुनै पनि व्यक्ति आफ्नो पार्टीमा नरहेको स्पष्ट पारेका छन्।

नेकपाका १३८ जना कार्यकर्ता पार्टी परित्याग गरी स्वतन्त्र भएको भन्ने समाचार भ्रमपूर्ण रहेको भन्दै नक्कली नाम पेस गरी चर्चा कमाउन गरिएको प्रचारप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जमिनको विज्ञप्तीमा जनाइएको छ।

विज्ञप्तिमा पार्टी अनुशासनविपरीत कार्य गर्ने आपच्याङलाई पार्टीबाट निष्कासन गरिएको भन्दै अन्य कुनै पनि व्यक्ति नेकपामा नरहेको स्पष्ट पारिएको छ।

तत्कालीन जिल्ला सेक्रेटरी पासाङले पार्टी नीति, विधि र अनुशासनविपरीत कैलास गाउँपालिका ५ अन्तर्गत साना युवा व्यवसायीको जेसीबी मेसिनमाथि कारबाही गरेको, उक्त कुरा पार्टीमा जानकारी नदिई आर्थिक अनियमितता गरेको, पार्टी सूचनालाई दुस्मनसँग पुऱ्याएको, सांस्कृतिक विचलन गरेको घटनाले यो एक प्रकारको क्रान्तिप्रतिको षड्यन्त्र र धोका भएको भन्दै उक्त व्यक्तिका बारेमा भ्रममा नपर्न जनतालाई अपिल गरिएको छ।

प्रशासनले बेवास्ता गरेकाले दलितहरूले ज्यान गुमाउनुपऱ्यो : दलित मोर्चा

काठमाडौ : बागलुङमा बाढीपछि आएको पहिरोमा परी ज्यान गुमाउनेहरूप्रति दलित मुक्ति मोर्चाले दुःख व्यक्त गरेको छ। मोर्चाका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विश्वकर्माले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै बागलुङमा पहिरोमा पुरिई दलित समुदायका धेरै मानिसको ज्यान गएको र बेपत्ता हुनेहरू पनि अधिकांश दलित समुदायकै भएको भन्दै उक्त घटनाप्रति दुःख व्यक्त गरेका हुन्।

मोर्चाका अध्यक्ष डम्बरबहादुर विश्वकर्माको विज्ञप्तिमा राजनीतिक दलहरूले चुनावी भाषणमा दलित र पिछडिएका समुदायको मुक्तिको वकालत गरे पनि सत्तामा गइसकेपछि बेवास्ता गरेको उल्लेख छ।

सरकार र स्थानीय प्रशासनलाई वर्षाका कारण पहिरो गई भुजुङखोला थुनिएको थाहा हुँदाहुँदै पनि जोखिमयुक्त बस्तीलाई जोगाउनेतर्फ ध्यान नगएको भन्दै पीडित परिवारलाई राहत, दलित र जनजाति समुदायलाई सुरक्षित बसोबासको व्यवस्था र क्षतिपूर्ति, देशमा भैरहेको महामारी कोरोना भाइरस (कोभिड १९) का बारेमा जनतालाई सजगता, सुझाव र निर्देशन दिन मोर्चाले माग गरेको छ।

अभिभावक हर्कबहादुर शाहीलाई सम्झिँदा

सरला रेग्मी

२००२-४-१५ गते दैलेख क्षेत्र नं. २ तत्कालीन चामुण्डा गाउँ पञ्चायत वडा नं. ५ काफलरूख, हाल चामुण्डाविन्द्रसौनी वडा नं. ४ मा जन्मनुभएका हर्कबहादुर शाही सानैबाट समाजसेवी, जनपक्षीय र विद्रोही हुनुहुन्थ्यो । हुने बिरुवाको चिल्लो पात भनेझैँ २२ वर्षको किशोरै उमेरमा २०२४ सालमा बम्बई, भारतमा मजदुर आन्दोलनमा जोडिएर सक्रिय भैसक्नुभएको थियो । २०२८ सालमा रूपलालहरूको सङ्गतमा नेपाल मजदुर सङ्घमा आबद्ध हुनुभएको थियो । परिवर्तन र जनताको अधिकार कसरी, कहाँ प्राप्त हुन्छ, त्यसको खोजीमा उहाँ २०२८ सालको दरभङ्गा प्लेनममा २ महिना सहभागी भई पुष्पलालको स्पिरिट र इमानदारीलाई नजिकबाट नियाल्नुभयो । लगत्तै नारायणमान बिजुक्छेको पार्टीमा आबद्ध हुनुभयो । नेपाल मजदुर सङ्घसँग जोडिएर तमसुक च्यात्ने र २०२९ देखि २०३६ सालसम्म बहुदलका पक्षमा जनमतसङ्ग्रहमा पनि सक्रिय हुनुभयो । छुवाछूत प्रथा अन्त्यका लागि २०३५ सालमा अगुवाइ गरेको कुरा दैलेखी जनताले बिर्सन सकेका छैनन् । २०३७ सालमा कमाराकमारी नराख्ने आन्दोलन/हलीगोठाला र दलित जातिहरूलाई उत्पादनसँग जोड्न कपडा उद्योगको तालिम, काष्ठकला, उद्योगसम्बन्धी तालिम र उद्योगहरू सञ्चालनमा पनि जुट्नुभएको थियो । उहाँ सडकमा मात्र होइन, तत्कालीन पञ्चायती व्यवस्थाभित्र रहेर पनि परिवर्तन गर्न सकिन्छ कि भन्ने जिज्ञासासहित चामुण्डा गाउँ पञ्चायतको प्रधानपञ्चमा २०३८/३९ साल गरी दुईपटक स्थानीय चुनावमा विजयी हुनुभयो । जिविस सभापतिको पनि उहाँ प्रत्यासी हुनुभयो । २०३९ सालमा क्षेत्र नं. २ बाट माननीयको चुनावमा प्रत्यासी हुनुभयो । २०४० सालको रक्सी बन्द आन्दोलनमा संयोजक भएर जुट्नुभएको थियो । जनपक्षीय उभार र सक्रियताबाट डराएको तत्कालीन सत्ताले उहाँलाई हिरासतमा राख्यो । उहाँको पदीय जिम्मेवारीबाट बर्खास्त गरी मक्किएको सत्ता बचाउन उहाँलाई पटकपटक २०४१ सालमा प्रधानपञ्चबाट निलम्बन गरियो । तर उहाँ झन्झन् खारिनुभयो र जनताको प्यारो बन्नुभयो । परिणामस्वरूप फेरि पनि २०४२ सालको स्थानीय चुनावमा उहाँ उठ्नुभयो र जित्नुभयो । २०४३ मा नेपाल मजदुर किसान पार्टीको केन्द्रीय समितिमा बढुवा हुनुभयो । २०४६ सालमा नेमकिपाको दैलेख जिल्लाको अध्यक्ष पनि हुनुभयो । निरन्तर जिल्ला अध्यक्ष र केन्द्रीय सदस्यको भूमिकामा रहेर लामो समय काम गर्नुभयो ।

बहुदल आएपछि उहाँ उपाध्यक्षमा पनि विजयी हुनुभयो । सत्तामा रहे पनि, सत्ताभन्दा बाहिर रहे पनि उहाँको ध्येय भनेको एउटै थियो- जनताको मुक्ति र अधिकार र समानता सम्पन्न समाजको परिकल्पनालाई व्यावहारिक पूर्णता ।

त्यसैले नेपालमा परिवर्तनका लागि चलिरहेको जनयुद्धलाई भित्रभित्र समर्थन र सहयोग गर्न पुग्नुभएको थियो । खराब कुराको पहिचान र विरोध गर्दै असल कुरामा साथ दिनुभयो । माओवादीबाट सञ्चालित जनयुद्धका पक्षमा रेडियोमा फरक पार्टीका तर्फबाट पहिलो अन्तरवार्ता दिनुभएको थियो । यो नौलो र साहसिक काम थियो । तत्कालीन राज्यले टाउकाको मूल्य तोकेर हत्या गर्ने छूट पाएको समयमा अन्तरवार्ता दिनु चानचुने काम थिएन । सामान्य मान्छेबाट यो काम सम्भव पनि थिएन । २०५८ सालमा जनवादी आन्दोलनका पक्षमा सक्रिय र खुला समर्थन गर्नुभयो । दैलेखमा केही मै हुँ भन्नेहरू जनताका पक्षमा उभिन नसकेको समयमा उहाँको साहस सामान्य थिएन । जनतालाई उत्पादनमा जोड्न आधुनिक कृषि, पशुपालनलगायत कामहरूमा जनतासँग आफैँ सहभागी हुँदा गर्व गर्नुहुन्थ्यो । केही सानो चिन्तन भएकाले टिमुरे नेतासमेत भन्ने गरेको तीतो यथार्थ पनि भोग्नुभयो । आधुनिक बाख्रापालन, बाँस, केरा, कागती, अमिलो, रिठ्ठा, घाँसखेतीसमेत सिक्ने र सिकाउनु अभियानमा हुनुहुन्थ्यो । भेटमा प्रायः उहाँका कुरा चिन्ता, चासो, जिज्ञासा हुन्थे र भविष्यमा देशलाई आत्मनिर्भर बनाउने कुरामा नै केन्द्रित हुन्थ्यो ।

२०६४ साल चैतमा नेपाल मजदुर किसान पार्टी र नेकपा माओवादीबीच एकतापछिको केन्द्रीय सदस्य बन्नुभएका हर्कबहादुर शाहीसँग केन्द्रीय समितिको बैठक पेरिसडाँडा कार्यालयमा भेट भएको थियो जतिबेला कब्जा जग्गाका बारेमा नेकपा (माओवादी) मा बहस चलिरहेको थियो । योजनाविहीन ढङ्गले कुनै नेताले जग्गा फिर्ता गर्ने र कुनैले कब्जा गरिएको जमिन फिर्ता नगर्ने भन्ने मत आइरहेको थियो । उक्त जमिन बरु राज्यले राष्ट्रियकरण गरी त्यसमा ठूलाठूला उद्योग, कलकारखाना खोली देश र जनतालाई आत्मनिर्भर बनाउने भनेका थिए । यो रस्साकस्सी देखेर उहाँले भन्नुभएको थियो- सरला कमरेड, पार्टी त बिग्रिसकेको रहेछ । त्यो जमिन जनताको हो । देशका लागि लगाउनुपर्छ । यो व्यक्तिविशेषले मनपरी गर्ने र लगाउने गर्यौँ भने संस्था कमजोर बन्दछ । अझ अगाडि हाँस्दै मैले त यहाँ संस्था नै देखिनँ पनि भन्नुभएको थियो । उहाँले यसो भनिरहँदा मेरो मन अमिलो भएको थियो किनभने जनयुद्धमा गरेका कामहरू जनताले मन पराऊन् र ती कामहरू नेता अनि पार्टीले पनि मन पराऊन् अनि जनपक्षीय निर्णय होस् । मेरो यस्तो कामना हुन्थ्यो । जुन व्यक्ति र व्यक्तिगत स्वार्थभन्दा भिन्न थियो । हो, त्यही भेट र कुराले मलाई उहाँप्रति आदर अनि सम्मान जाग्यो । अझ उहाँजस्तो दमको बिरामी, उमेरले पनि पाको, उत्पीडित वर्गका पक्षमा स्पष्ट धारणा भएकाले हामी एउटा समूहमा जुट्यौँ । उहाँमा पछि त पूर्वपार्टी अनि समूहहरू हराएका थिए । उहाँ एक असल र स्पष्ट अभिभावक हुनुहुन्थ्यो ।

२०६९ सालमा लामो दुई लाइन सङ्घर्षपछि विभाजित नेकपा क्रान्तिकारीमा रहनुभयो । काम गर्दागर्दै र बोल्दाबोल्दै २०७५-१२-२६ गते आफ्नै निवास, टोखा नगरपालिका धापासीको नैनडोल काठमाडौँमा उहाँको निधन भयो । सधैँका लागि हामीले अभिभावक गुमायौँ । नेता अनि सच्चा देशको सपूत गुमायाँ तर उहाँका विचार अनि सपना हामीलाई छोडेर जानुभएको छ ।

हर्कबहादुर शाही स्मृति फाउन्डेसनले हर्कबहादुरको राजनीतिक, वैचारिक अनि सामाजिक मान्यतामा रहेर उहाँका योगदानलाई लिपिबद्ध गरी पुस्तकाकारमा प्रकाशित गर्दा र म पनि सहभागी हुन पाउँदा निकै खुसी छु । उहाँको पदचाप पहिल्याउने, उहाँकै उत्तराधिकारी दीपक शाहीले मलाई घचघच्याउनुभयो । उहाँलाई धन्यवाद नदिरहन सकिनँ । यतिबेला कलमबाट अनि आवाजबाट तर्सिएको राज्यले गुणराज लोहनीलगायत धेरै योद्धालाई कस्टडीमा राखेको छ । यो समयमा स्वभावैले हामी परिवारहरूले पनि मेरा नेता तथा अभिभावकका बारेमा केही लेख्न पाउँदा खुसी छु ।

मसँगै बसेका केही बैठकका अनुभूति पनि यति बेला सम्झिरहेकी छु । यतिबेला ममा एकप्रकारको उद्वेलन पैदा भैरहेको छ । उहाँजस्तो साहसी नेता र जिम्मेवार अभिभावकको अभाव मलाई खट्किरहनेछ । पछिसम्म पनि उहाँ मलाई फोन गरेर पटकपटक भेट्न बोलाइरहनुहुन्थ्यो । मैले समय दिन नसकेर आफ्नै उल्झनबाट बाहिर आउन सकिनँ । मलाई न्याउरी मारी पछुतोजस्तै भएको छ । मैले समयलाई चिन्न पनि सकेकी रहिनछु । आज मैले भेट्न चाहेर पनि हुँदैन । उहाँ हाम्राबीचमा हुनुहुन्न । उहाँका सुझाव अनि निर्देशनको अभाव जीवनभरि रहिरहनेछ । यो मेरा लागि नकारात्मक शिक्षा भैरहनेछ ।

२०६९-१०-१६ मङ्गलबार केन्द्रीय समितिको बैठकको तेस्रो दिनको निर्णयले अनुशासन विभागको प्रमुखमा उहाँलाई र सदस्यमा एकराज भण्डारी र नैनकला थापा पनि चुनिनुभयो । यो केन्द्रीय समितिको दोस्रो बैठक थियो । म पार्टीका खराब सोचाइ र तरिकालाई बढार्न र असल कम्युनिस्ट बनाउन लागिपर्नेछु भन्ने उहाँको प्रतिबद्धता थियो ।

२०६९-११-५ गते शनिबार । स्थान बाँकेको खजुरा कपास विकास समितिको हलमा हर्कबहादुर शाहीले दलालबारे आफ्नो धारणा यसरी राख्नुभएको थियो- दलालहरूले देश नै बाँडेर खान्छन् जसरी जर्मनी खाएका थिए । पार्टीले पार्टी मात्र बनाउने होइन । सङ्घर्षद्वारा सही पार्टी बनाउन प्रमाणित गर्नुपर्दछ । उहाँले यो कुरा भनिरहनुभएको मलाई भखरैजस्तो लागिरहन्छ । उक्त बैठकका मुख्य नेता धर्मेन्द्र बास्तोलाले दलालको व्याख्या गरिरहँदा हर्कबहादुर शाहीले यो कुरा भन्नुभएको थियो ।

२०६९-११-१५ मङ्गलबार दैलेख रामघाटमा अपर कर्णालीविरोधी जनसभा सम्पन्न गर्न जाने क्रममा गढीहरूमा स्याँस्याँ गर्दै दमलाई चुनौती दिनुभएको थियो । माधव पोखेल इलाका प्रहरी कार्यालय दुल्लुका इन्सपेक्टर हुनुहुन्थ्यो । उहाँ मेरो मामा पनि हुनुहुन्छ । तर उहाँले फोन मात्र गर्नुभएन, गाडी नै लिन पठाउनुभयो । त्यो गुण राष्ट्रियताको गुण थियो । हामी अनि कर्णालीले त्यो गुण सम्झिरहनेछौँ । तल्लो डुङ्गेस्वरबाट दुल्लु गयौँ । जमानामा दैलेख एक शक्तिशाली राज्य थियो । अमरसिंह थापा अछाम हान्दै दैलेखको दुल्लु बस्थे । दैलेख बेलासपुरका राजा र दुल्लुका राजा मित थिए । दुल्लुका राजाले अमरसिंहलाई साथ दिँदा बेलासपुरका राजालाई मितको भेष बदलेर मारेका थिए । यो इतिहास हर्कबहादुर शाहीले सुनाउनुभएको थियो ।

२०६९-११-१७ बिहीबार दैलेख सदरमुकामका महिला तथा बालबालिका कार्यालय, जिल्ला कारागार, पुरानो बजार, केही सरकारी कार्यालय र त्यहाँको पुरानो गढी हेर्दै टुँडीखेल गयौँ । जेलमा रहनुभएका कम्युनिस्ट पार्टीका संथापक जयबहादुर शाहीलगाएत ६० जनालाई भेट्यौँ । उहाँलाई चर्चित पत्रकार टेकेन्द्र थापाको हत्याको झूट्टा मुद्दामा जेल चलान गरिएको थियो ।

टुँडीखेलमा बसेपछि नेताहरू एक से एक कलाकार बने । जनउखानलाई जस्ताको तस्तै राख्दै पारसमणिले दुल्लुका उल्लु दैलेखी चोर भन्दै हाँस्नुभयो । हर्कबहादुर शाहीले सल्यानी हुलिया जाजरकोटी छलिया भन्दै जाजरकोटी नेता पारसमणिलाई व्यङ्ग्य गर्नुभयो ।

महिलानेत्री धीरेन्द्राले गीतको भाकामा बनिसकेका यी गढीहरू बनाउनु पर्दैन तर चारैतिर हेर्दा पनि जनयुद्धका केही छैन, सबै गुमायौँ भन्ने सुनाउँदा हामी स्तब्ध भयौँ :

बनैका बनाउन्या क्या छन् दैलेखका गढी
हेरेर केही नि छैन जनयुद्धका भरी

हामी भरत बम, जगत खड्का, रामबहादुर विक, अजित सिंह, चुनौती, विनय सबै रुन्चे हाँसो हास्यौँ ।

२०७०-३-१५ शनिबार मार्फा थकाली, चिसापानी, पोखरामा केन्द्रीय समितिको बैठक थियो । सबैले आफ्ना मतहरू राखिरहदा हर्कबहादुर शाहीको भनाइ थियो- क्रान्तिको मैदान पूरै खाली छ । यति बेला हामी दृढतापूर्वक लाग्ने हो भने क्रान्ति नजिकै छ । यो जनताको आवाज हो । देउवाले भनेछन् माओवादी नआए पनि अब चुनावमा जानुपर्छ । यो भन्नु उनीहरूको ठूलो सङ्कट हो । संसदीय व्यवस्थाकै सङ्कट हो ।

२०७०-४-११ शुक्रबार हर्कबहादुर शाही, हुकुमबहादुर सिंह, एकराज भण्डारी, नैनकला थापा र सरला रेग्मी रहेको ५ सदस्यीय अनुशासन आयोगको बैठकको अन्तिममा उहाँले भन्नुभएको मैले बिर्सन सकेकी छैन- कम्युनिस्टहरू नीतिले चल्ने जातिहरू हुन् । खराबीलाई संरक्षण गर्ने प्रवृत्तिलाई परास्त गर्न सक्नुपर्छ । कार्यविधि, आर्थिक अनुशासन कसरी कुन दायरामा ल्याउने रु छानबिन पनि उसैले गर्ने, कारबाही पनि उसैले गर्ने, नियमावली बनाउने, आर्थिकमा सम्पूर्ण अनुशासन, सांस्कृतिक विचलन : बहुविवाह, छुवाछूत, क्षेत्रीयता, जाँडरक्सी आदिलाई हामीले नीति बनाउनेछौँ । पार्टीमा निर्णय हुनेछ । पार्टी नेताहरूको पार्टी हो । हाम्रो कार्यान्वयन विधि हेर्न जनता आतुर छ । हामी पित्तल होइन, सुन भएर निक्लनेछौँ । दुस्मनका तीन सोच छन् : आत्मसमर्पण गराउने, दमन गर्ने, टुक्राटुक्रा पार्ने । त्यो हुन दिनु हुँदैन ।

२०७०-८-२३ गते आइतबार कुपण्डोल कार्यालयमा बसेको तेस्रो पूर्ण बैठकको चौथो दिन उहाँले भन्नुभएको थियो- उठेका कुराको जबाफ दिनुपर्छ । सानो, चुस्त र मिलिट्यान्ट पार्टी बनाउनुपर्छ । जनवादी केन्द्रीयताको आचरणमा बस्नुपर्छ ।

कहिले जनवादी केन्द्रीयताबाट विचलित हुँदा जोगाउने अनि कम्युनिस्ट आचरणबाट बाहिरिँदा खबरदारी गर्ने अभिभावक, लक्ष्य भेदन होइन, टुक्राबुक्रामा रमाउने सङ्कीर्ण सोचाइका विरुद्ध लड्दै एकताको महासागरमा पौडन सिकाउने अनि अँधेराहरूमा उज्यालो खोज्दैखोज्दै क्षणिक र रङ्गीन उज्यालो हटाउँदै वास्तविक उज्यालोमा पौडने नेता हुनुहुन्थ्यो हर्षबहादुर शाही । त्यही अप्ठेरोसँग जुध्ने एउटा वीर यतिबेला हाम्रो बीचबाट अस्ताएको छ । उहाँलाई अभिवादन छ । तर उहाँका निख्खर विचार उत्तिकै आवश्यक र मननयोग्य छन् । उहाँका सपना पूरा गर्न हामी सबै अब्बल हुनैपर्छ ।

पर्चा बोकेकी आमा

■ खोमा तरामु मगर

कारखानानजिकै रहेको एउटा गरिब बस्ती । जारको निरङ्कुश पुँजीवादी शोषणको जाँतोमुनि पिसिएको रुसी समाज । अर्थात् भोकले दाम्रिएको सोरमोभो बस्ती जहाँ प्रत्येक व्यक्ति जन्मिएपछि बाँच्नका लागि अनिवार्य कारखानामा भर्ना हुनुपर्छ । उनीहरू दिनरात कारखानाको मेसिनसित पौँठेजोरी खेल्छन् । उनीहरूको सम्पूर्ण जीवन कारखानामा बित्छ । साँझबिहानको बाँकी समय जाँडरक्सी र जुवातासको कुलतमा व्यस्त । सोरमोभो बस्तीको दैनिक जीवन असाध्यै दयनीय, दुःखद्, तिरस्कृत, पुराना बानीबेहोरा, संस्कार र विचार हरूको गाँठोमा बाँधिएको छ । बर्सौँदेखि अभ्यस्त यो जीवनपद्धति बदल्ने इच्छा कसैमा हुँदैन । यीमध्ये एउटा परिवार हुन्छ मिखाइल भ्लासोभको परिवार । अर्थात् मजदुरी गरी जीविकोपार्जन गरिरहेको एक दुःखी परिवार । प्रत्येक दिन रक्सीले माततिएका श्रीमान्बाट गालीगलौज र मारपिट सहेर दुःखको जीवन गुजार्दै आएकी ती महान् आमा थिइन्- पेलागिया निलोभ्ना अर्थात् एक महान् नायिका ।

महान् समाजवादी लेखक माक्सिम गोर्कीद्वारा लिखित कालजयी पुस्तक आमा उपन्याससित छु आज म । रुसी जनताका माझमा जन्मेर विश्वसाहित्यको चम्किलो अमर तारा बन्न सफल माक्सिम गोर्कीद्वारा लिखित आमा उपन्यास अत्यन्तै चर्चित पुस्तक हो । सन् १९०५ को अक्टोबर क्रान्तिपूर्वको रुसी मजदुर हरूको जीवन र सङ्घर्षको प्रतिबिम्ब उतारिएको यस उपन्यासमा तिनै मजदुरहरूको माझमा बाँचिरहेकी एक साधारण मजदुर नारीलाई आमाका रूपमा प्रस्तुत गर्दै गोर्कीले एक महान् आमाको जन्म दिएका छन् ।

यो पुस्तकको पहिलो प्रकाशन सन् १९०७ मा भएको थियो । पुस्तकमा तत्कालीन रुसी सामाजिक एवम् राजनीतिक परिवेशको घनीभूत चित्रण गरिएको छ । माक्सिम गोर्कीसँगको एक अन्तरवार्तामा कमरेड भीआई लेनिनले उपन्यासको महत्वबारे भनेका छन्, 'रुसी क्रान्तिमा धेरै मजदुरहरू सचेत रूपमा नभएर स्वतः स्फूर्त रूपमा भाग लिँदै आएका थिए । अब यो उपन्यास पढेर मजदुरहरूले धेरै फाइदा उठाउनेछन् । अतः यो अत्यन्तै जरुरी पुस्तक हो ।' कमरेड लेनिनको यो भनाइबाट पनि उपन्यासको महत्व प्रस्ट हुन्छ ।

०००

उपन्यासको प्रारम्भमा एक कारखानाको छेउमा रहेको सोरमोभो बस्ती र त्यहाँका मजदुरहरूले बाँचिरहेको दुर्दान्त समय र समाजको मर्मस्पर्शी जीवन दृश्य चित्रण गरिएको छ । ती महान् नायिका पेलागिया निलोभ्नाको लोग्नेको मृत्युपछि उनका छोरा पाभेल भ्लासोभले मजदुर बस्तीका बहुसङ्ख्यक मजदुरहरूले अपनाउँदै आएको खराब जीवनपद्धतिलाई छाडेर क्रान्तिकारी जीवनपद्धति अँगाल्न थालेपछि उनी पनि छोरासँग काँधमा काँध मिलाएर उभिन्छिन् । क्रान्तिकारी सङ्घर्षको सिलसिलामा प्रहरीद्वारा गरिएको फासिवादी दमन र असह्य यातनाको बीचबाट सत्य र न्यायका पक्षमा दृढतापूर्वक उभिएकी महान् आमाका महान् छोरा पाभेल जेल जीवनपछि प्रतिक्रियावादी अदालतको फैसलाबमोजिम हजारौँ किलोमिटर टाढा सधैँका लागि साइबेरिया निर्वासित हुन्छ । सत्य र न्यायका पक्षमा उभिएकै कारण निर्वासित हुन बाध्य पारिएका पाभेल नै उपन्यासको मुख्य पात्र हो ।

उपन्यासमा पुरानो संस्कार र मान्छेको दिमागमा बसेको जीर्ण जीवनपद्धतिको छापलाई मेटाउँदै पाभेलले कठिन तर गौरवपूर्ण यात्राको सुरुआत गर्दछ । कारखानाका अरू युवाहरूभन्दा ऊ बेग्लै छ । ऊ रक्सी पिउँदैन । जुवातास खेलेर समय खेर फाल्दैन । ऊ धेरै कम बोल्ने र गम्भीर छ । प्रत्येक दिन आमालाई काममा मद्दत गर्छ । ऊ घरमा किताबहरू लिएर आउँछ । लुकीछिपी ऊ 'गैरकानुनी' किताबहरू पढ्ने र लेख्ने गर्छ । उसलाई कसैको अन्याय सह्य हुँदैन । पाभेलका बुबा भ्लासोभ जँड्याहा हुन्छ र परिवारमा बुबाको दुर्व्यवहारप्रति पाभेलको हृदयमा घृणा उब्जन्छ । एक दिन जब पाभेललाई भ्लासोभले सधैँझैँ पिट्न खोज्छ तब पाभेलले प्रतिरोध गर्छ ।

पाभेल कारखानामा काम गर्ने मजदुरहरूको अगुवा हो । ऊ भन्छ, 'हामी जनावरहरूले जस्तै पेट मात्रै भरेर सन्तुष्ट हुन सक्दैनौँ । हामी मान्छे भएर बाँच्न चाहन्छौँ ।' सन् १९०५ को रुसी अक्टोबर क्रान्तिको तयारीको बेला आफू मान्छेजस्तै भएर बाँच्न चाहने र पार्टीको हरेक निर्देशनलाई स्वीकार गर्ने पाभेल जारको निरङ्कुश शासनबाट रुसी जनतालाई मुक्त पार्नका लागि क्रान्तिको अग्रभागमा उभिएको छ । रुसी मजदुर तथा नवयुवकहरूको प्रतिनिधि पात्रका रूपमा पाभेललाई उपन्यासको पात्रका रूपमा प्रस्तुत गरिएको छ । यसबारे माक्सिम गोर्कीले भनेका छन्, 'पाभेल कुनै दुर्लभ पात्र होइन । यस्तै नवयुवकहरूले बोल्सेभिक पार्टीको सिर्जना गरेका थिए ।'

०००

पाभेल पढ्दै गरेको साँझ आमा कोठाभित्र पस्दै भन्छिन्, 'पाभेल, तिमी हरसमय यो के पढ्दैछौ ?' जबाफमा पाभेल भन्छ, 'आमा, म 'गैरकानुनी' किताब पढ्दैछु । यो 'गैरकानुनी' यसकारण हो, यसमा मजदुर हरूका बारेमा साँचो कुरा लेखिएको छ । तर जारशाही सत्यलाई अपराध ठान्छ । त्यसकारण यो लुकाएर छापिन्छ । योसँग म पक्रिएँ भने जेल पठाइदिन सक्छ ।' पाभेलको कुरा सुनेर आमा डराउँछिन् र रुन थाल्छिन् । पाभेल आमालाई सम्झाउँदै भन्छ, 'नरुनु आमा ! एकपटक सोच्नु त, हाम्रो जीवन कति दुःखी छ ! तिमी चालीस वर्षकी भयौ । के तिमीले आफ्नो जीवनमा कहिल्यै सुख देख्यौ ?' पाभेलको कुरा आमा ध्यानपूर्वक सुन्छिन् तर उनको मुटुको ढुकढुकी भने शान्त भएको छैन । पाभेलले आमालाई आफ्ना 'गैरकानुनी' साथीहरूबारे पनि बताउँछ ।

मजदुरहरूका पक्षमा दिनरात काम गरिरहेका 'गैरकानुनी' मान्छेहरूलाई सरकार हिंस्रक पशुजस्तै पिछा गर्छ, पक्राउ गरी जेलमा थुन्छ र निर्वासित गर्छ । पाभेल गैरकानुनी मान्छेहरूबारे भन्छ, 'आमा, म यस्ता मान्छेहरूलाई चिन्छु । तिनीहरू धर्तीका उज्याला सूर्य हुन् ।' सुरुमा आमा पाभेलका ती साथीहरूदेखि डराउँछिन् । उनीहरूसँगको प्रत्यक्ष चिनापर्चीबाट आमाको पुरानो सबै धारणा परिवर्तन हुन्छ । आफ्नै घरमा भएको बैठकमा उनीहरूले गरेको श्रद्धा र बुद्धिमत्तापूर्ण मानवीय व्यवहारले आमाको मन जित्छ र उनी भन्छिन्, 'के गैरकानुनी र खतरनाक मानिसहरू भनेका यिनै हुन् त ? अहँ, म यो मान्दिनँ ।'

उपन्यासमा नारीको महानतालाई आमाको भूमिकाका रूपमा बेजोड ढङ्गले प्रस्तुत गरिएको छ । छोरा पाभेल जेलमा रहेको बेला दुस्मनका कडा निगरानीलाई छकाउँदै आमाले कारखानाभित्र मजदुरहरूका बीचमा पर्चाहरू पुऱ्याउँछिन् । आमाको आँखामा वेदना र विवशताले बगेको आँसु देखेर एउटा पुलिस अफिसरले तिरस्कार गर्दै भन्छ, 'महाशय ! अहिल्यै धेरै आँसु नबगाऊ । तिमीलाई पछि यो आँसुको अझ जरुरत पर्नेछ ।' आमा जबाफ दिन्छिन्, 'आमाको आँखामा कहिल्यै आँसुको कमी हुँदैन । तपाईंकी पनि आमा हुनुहुन्छ भने उहाँलाई यो कुरा थाहा हुनुपर्छ ।' आमाको जबाफले पुलिस अफिसर नतमस्तक हुन्छ ।

०००

हरेक शनिबार पाभेलको घरमा बैठक बस्न थाल्छ । बैठकमा आउनेको सङ्ख्या बढ्दै जान्छ । सबैजना आमालाई बडो सम्मान गर्छन् र आमा पनि उनीहरूलाई आफ्नै सन्तानझैँ माया गर्छिन् । कारखानामा पाभेलसँगै काम गर्ने उक्राइनी पनि हुन्छिन् । उक्राइनीका आमाबुबा हुँदैनन् । पाभेल र उक्राइनीबीचको मित्रता गाढा हुँदै जान्छ । उक्राइनी एक्लो भएको थाहा पाएपछि आमाले आफ्नै घरमा राख्छिन् ।

वर्गसङ्घर्षमा आमा जीवन र जगत्का बारेमा बुझ्दै जान्छिन् । उनी भन्छिन्, 'मैले सत्य बुझेकी छु । समाजमा धनी र गरिब वर्ग रहँदासम्म गरिबले सुख कहिल्यै पाउने छैनन्, न त न्याय नै । हरेक आमाले आफ्ना छोराछोरीलाई हाँसी-हाँसी फाँसीको तख्तामा पठाउनुपर्छ । हरेक आमाहरूको त्यस्तो प्रेम हुनुपर्छ जुन प्रेमी मान्छेका खुट्टा बाँध्ने सिक्री बन्नु हुँदैन ।' पाभेलका कठोर र तिखा वचन आमा सहजै आत्मसात मात्रै गर्दिनन् वैचारिक साथसमेत दिन्छिन् । आमा भन्छिन्, 'हाम्रो जिन्दगी नै हाम्रा बालबच्चाहरूका लागि हो । सारा संसार नै उनीहरूका लागि हो ।'

बैठकमा सहरबाट आउनेहरूमा सांसा र नातासा नामका दुई नौजवान महिलाहरू पनि छन् । उनीहरूलाई देखेर आमा चकित हुन्छिन् । उनीहरूमध्ये एउटाको बाबु निकै धनी जमिनदार र अर्काका बुबा उच्च सरकारी अफिसर थिए । सांसा र नातासा भने ससाना नोकरी गर्छन् । तिनीहरू बरफको तुफानी रातमा पनि एक्लै हिँड्छन् । आमा उनीहरूको साहसबाट निकै प्रभावित हुन्छिन् ।

बस्तीमा कारखाना मालिकहरूको विरोधमा छापिएको पर्चा र त्यसलाई छर्ने चर्चा चल्छ । पर्चामा मजदुरहरूलाई शोषणका विरुद्ध एकजुट हुन आह्वान गरिएको हुन्छ । प्रहरीबाट पाभेलको घरमा खानतलासी हुन्छ । प्रहरीले कुनै पर्चा भेटाउँदैन तर उक्राइनीलाई गिरफ्तार गर्छ । उक्राइनी यसअघि दुईपटक गिरफ्तार भइसकेकी हुन्छिन् ।

कारखानावरिपरिको

... बाँकी पृष्ठ ७ मा

रातोखबर साप्ताहिकका ...

बार एसोसिएसन चितवनका अध्यक्ष नारायण गिरी, निवर्तमान अध्यक्ष गोपीलाल देवकोटा र अधिवक्ता मुकेश कार्कीले बहस गरेका थिए ।

यसअघि प्रहरीले लामो समयदेखि चितवनको भरतपुर अस्पतालमा उपचार गराइरहेका शर्मालाई अस्पतालबाट डिस्चार्ज हुनेबित्तिकै धनुषामा अर्को मुद्दा रहेको भन्दै गिरफ्तार गरेको थियो ।

स्वास्थ्यमा गम्भीर समस्या आएपछि अस्पतालमा उपचार गराइरहेकै बेला प्रहरीले शर्मालाई वैशाख २३ गते गिरफ्तार गरेको थियो । शर्माका पक्षबाट जिल्ला अदालत चितवनमा दायर रिटउपर भएको बहसमा अदालतले उनलाई रिहा गर्न आदेश दिएको भए पनि प्रहरीले उनलाई अस्पतालमा घेरा हालिरहेको थियो । बिरामी अवस्थामा अस्पतालमै प्रहरीले घेरा दिएको भन्दै सरकारको चौतर्फी आलोचना भएको थियो ।

मानवअधिकारकर्मी, पत्रकार, कानुनव्यवसायी, लेखक, साहित्यकार सबैले शर्मालाई बिनासर्त रिहा गर्न र उपचाररत अवस्थामा प्रहरी लगाई घेरा नहाल्न यसअघि नै अनुरोध गर्दै आएका थिए ।

सर्वोच्चको आदेशमा ...

बिहीबार बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि भएको बहसपछि सुनुवाइ गर्दै सर्वोच्चले नेकपा नेता बीसीलाई रिहा गर्न आदेश दिएको थियो । प्रहरीले बिनाआधार र प्रमाण प्रवृत्त भावना राखेर गिरफ्तार गरेको भन्दै सर्वोच्चले चितवन जिल्ला अदालतका न्यायाधीशको रोहबरमा बीसीलाई रिहा गर्न आदेश दिएको थियो । तर सुनसरीमा हातहतियार र सङ्गठित अपराधसम्बन्धी अर्को मुद्दा रहेको भन्दै बीसीलाई बिहीबार साँझ नै गिरफ्तार गरेर प्रहरीले सुनसरी लगेको हो ।

सर्वोच्च अदालतमा बीसीका तर्फबाट वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ताहरू कपिलचन्द्र पोखेल, खिमानन्द अधिकारी, कान्तिराम ढुङ्गाना, राजु अधिकारी, सन्तोष कोइराला, चूडाबहादुर निरौला र चिरञ्जीवी ढकालले बहस गरेका थिए ।

जनगणतन्त्र कोरियाको ...

उक्त कार्यक्रममा प्रकाशनका तर्फबाट रातो खबर प्रकाशन गृहबाट प्रकाशित पुस्तक, पत्रिका तथा म्यागेजिनहरू प्रबन्धनिर्देशक चापागाईंले कोरियाली राजदूत जो योङ मामलाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा कोरियाली राजदूत जो योङ मामले रातो खबरले कोरियाका बारेमा भ्रमपूर्ण समाचार प्रकाशन गरेको गलत सूचना दूतावासमा आएको भनी राखेको जिज्ञासाका बारेमा जबाफ दिँदै प्रबन्धनिर्देशक चापागाईंले रातो खबरले कहिल्यै पनि कोरियाका बारेमा भ्रमपूर्ण समाचार नलेखेको प्रस्ट पारेका थिए । उनले आफ्नो प्रकाशनले जनगणतन्त्र कोरिया, कोरियाली जनता, कोरियाका संस्थापक नेता, सर्वोच्च नेता मार्सल किम जोङ उनको सम्मान र कदर गर्ने गरेको प्रस्ट पारेका थिए । उनले रातो खबर प्रकाशन र जनगणतन्त्र कोरियाबीचको लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध धुमिल पार्न साम्राज्यवादका एजेन्टहरूले कठिन समयको फाइदा उठाउँदै मिथ्या सूचना प्रवाह गरेको हुनसक्ने सङ्केत गर्दै त्यस्तो भ्रम र षड्यन्त्रलाई आफूहरूले खारेज गर्ने बताएका थिए ।

कोरियाली राजदूत जो योङ मामले कोरियाली जनताले साम्राज्यवादविरुद्ध गरेको सङ्घर्ष र कोरियाली सर्वोच्च नेता किम जोङ उनले गरेको अथक मेहनतले आज कोरियाले समृद्धि हासिल गरेकाले नेपालमा पनि यस्तै किमिमको अभियान थाल्नुपर्ने सुझाव दिँदै कोरियाले आफ्नै विशिष्टतामा क्रान्ति गरेर सफलता हासिल गरेकाले नेपालका क्रान्तिकारीहरूले पनि त्यसको अनुसरण गर्नुपर्ने बताएका थिए ।

प्रबन्धनिर्देशक चापागाईंले नेकपाका महासचिव विप्लवले संसारका क्रान्तिहरूबाट पाठ सिक्दै एकीकृत जनक्रान्ति अघि बढाइरहेकाले आम शोषितपीडित जनतामा देश र जनताको मुक्तिप्रति आशा पैदा भएको र यो अभियानले सार्थक रूप लिनेमा आफूहरू विश्वस्त भई काम गरिरहेको बताएका थिए ।

कार्यक्रममा सङ्गुन समर्थन समूहका अध्यक्ष तथा नेपाल कोरिया मैत्री सङ्घका केन्द्रीय उपाध्यक्ष माणिक लामाले नेपाल र कोरियाबीचको असल र मैत्रीपूर्ण सम्बन्ध युगयुगसम्म अटल रहनुपर्ने बताएका थिए ।

रोल्पाली युवाहरुको ...

छन् ।

यस्तै युवा सङ्गठन नेपाल रोल्पाका अध्यक्ष प्रज्वलले युवाहरू एक भएर दलाल संसदीय व्यवस्थालाई अन्त्य गरी वैज्ञानिक समाजवादी राज्यव्यवस्था स्थापना गर्न गाउँगाउँ र बस्तीबस्तीबाट जुर्मुराउनुपर्ने समय आएको बताए ।

यस्तै अखिल (क्रान्तिकारी) दाङ जिल्ला सदस्य देवराजले आवश्यक परेको खण्डमा युवा विद्यार्थीहरू कापीकलम र आफ्ना व्यक्तिगत काम छोडेर मुक्तिका निम्ति बलिदान गर्न तयार हुनुपर्ने बताए ।

युवा सङ्गठनको उक्त भेलामा विशेष अतिथि नेकपा रोल्पाका सल्लाहकार गणेश बुढा, परिवर्तन गाउँ समितिका सेक्रेटरी महेश, अखिल क्रान्तिकारी दाङ जिल्ला सदस्यहरू हिमाल, चूडामणि, नेकपा परिवर्तन गाउँ समिति सदस्य डायमन्ड, दलित मुक्ति मोर्चा नेपालका परिवर्तन गाउँ समिति अध्यक्ष वृहस्पति, लामो समय जेलजीवन बिताएका नेकपाका परिवर्तन गाउँ समिति सदस्य गणेश घर्ती, ४ नं वडाका सेक्रेटरी हिमाललगायत उपस्थित थिए ।

युवा सङ्गठन नेपाल रोल्पा जिल्ला समिति सदस्य तथा परिवर्तन गाउँ समितिका पूर्वअध्यक्ष सुरेन्द्र डाँगीको अध्यक्षतामा सम्पन्न भेलालाई युवा सङ्गठन नेपाल परिवर्तन गाउँ समितिका पूर्वसदस्य राजेन्द्र डाँगीले सञ्चालन गरेका थिए भने स्वागत मन्तव्य नेकपा परिवर्तन गाउँ समिति सदस्य जगतले गरेका थिए ।

परिवर्तन गाउँको उक्त दोस्रो भेलाले कुमारको अध्यक्षतामा १७ सदस्यीय परिवर्तन गाउँ समिति चयन गरेको छ । व्यक्तिगत दूरी कायम गर्दै करिब एक सयजना युवाहरूको उपस्थितिमा भेला भव्य रूपमा सम्पन्न भएको जनाइएको छ ।

पेट्रोलमा गरिएको ...

कारण हाल देशैभर रगत अभाव हुन पुगेको भन्दै उनले आफ्नो सङ्गठनका नेता-कार्यकर्ताहरूलाई सुरक्षित तवरले रक्तदान गर्न निर्देशनसमेत दिएका छन् । अध्यक्ष ढकालले भनेका छन्, 'कोभिड १९ को महामारी र सरकारी उदासीनताका कारण हाल देशव्यापी रूपमा अस्पतालहरूमा देखिएको रगत अभावलाई पूर्ति गर्न हाम्रो सङ्गठनका केन्दीय समिति, क्षेत्रीय समन्वय समिति, जिल्ला समिति र एकाइ समितिका कमरेडहरूलाई स्वास्थ्य परीक्षण गराई सुरक्षित तवरले रक्तदान गर्न र यससम्बन्धमा अन्य युवा विद्यार्थीहरूलाई समेत अभियानात्मक रूपमा सहभागी गराई रगत अभावमा जीवन जोखिममा रहेका जनताको जीवनरक्षाको कार्यमा जुट्न विशेष निर्देशन गर्दछौं ।'

नेपाल आयल निगमले गत मङ्गलबारदेखि लागू हुने गरी पेट्रोलमा २ रुपैयाँ मूल्य बढाएको छ ।

नेकपाका कार्यकर्ता ...

कार्य आफ्नो पार्टीको नीतिविपरीत रहेको पनि स्पष्ट पारेका छन् । साथै उनले गिरफ्तार कार्यकर्तालाई बिनाआधार र बिनाप्रमाण झूट्टा मुद्दामा फसाउने षड्यन्त्र भैरहेकाले त्यसलाई तत्काल रोक्न तत्काल सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराउँदै बिनासर्त रिहा गर्न सरकारसँग माग गरेका छन् ।

सिङ्गो देश कोरोना भाइरसले आक्रान्त भैरहेको बेला सत्ताधारी सामाजिक दलाल पुँजीपति सरकार रोगको उपचार र नियन्त्रणमा ध्यान दिनुको सट्टा भ्रष्टाचार, घूसखोरी, कमिसनको खेल, दमन तथा गिरफ्तार गर्ने काममा लिप्त भएको अरुणको विज्ञप्तिमा उल्लेख छ ।

नेकपाको चेतावनीपछि ...

सरकार र कृषि मन्त्रालय कारबाहीको त कुरा टाढा भयो, सोधपुछ गर्दैन । कृषिमन्त्री बङ्गलादेशबाट ५० हजार टन मल सापटी ल्याउने प्रयास सकारात्मक भएको फलाको फलाक्छन् । यो कार्य घोर आपत्तिजनक र किसानहरूको बालीनालीमाथिको खेलबाड हो ।'

यस्तै विज्ञप्तिमा भनएिको छ, 'रेल विभागको महानिर्देशक बलराम मिश्र, कथित सिन्डिकेटधारी ठेकेदार एवम् कम्पनी शर्मा एन्ड कम्पनीका रमेश शर्मा, गोल्डेन गुड्स कम्पनीका ग्याल्जे शेर्पा, कालिका कम्पनीका विक्रम पाण्डे, लामा कम्पनीका जिपछिरिङ लामालगायतको गिरोहले ६ अर्बभन्दा माथिको कमिसनको खेल र सेटिङमा नेपाली जनताको सम्पत्ति लुटखसोट गर्ने डिजाइन गरेको कुरा सञ्चारमाध्यममा छताछुल्ल हुँदासमेत सरकार नसुनेझैँ गरिरहेको छ । नेपाल वायुसेवा निगमको वाइडबडी भ्रष्टाचारसमेत माथ गर्ने रेल भ्रष्टाचार र कमिसनकाण्ड कुनै पनि मूल्यमा सैह्य नहुने कुरा हाम्रो पार्टी स्पष्ट गर्दछ ।'

प्रकाण्डले आफ्नो पार्टीको लोकप्रियताको फाइदा उठाएर पार्टीका नाममा चन्दा सङ्कलन गर्ने काम बढेको भन्दै पार्टीको बदनाम गर्ने तत्वले यस्तो कार्य गरेको बताएका छन् । प्रकाण्डले विज्ञप्तिमा भनेका छन्, 'हाम्रो पार्टीको लोकप्रियता बढेपछि र पार्टी नेपाली जनताको आँखाको नानी बन्दै गएपछि पार्टीलाई बदनाम गर्न पार्टीका नाममा चन्दाको आतङ्क मच्चाउने गुन्डा, लुटेरा, सुराकी, भगौडा र आपराधिक तत्वहरू ज्यान फालेर लागेको कुरा जनताले पार्टीलाई विविध माध्यमबाट जानकारी गराइरहेका छन् । क्रान्तिको नेतृत्व गरिरहेको पार्टी हुनुले नेपालका व्यापारी-व्यवसायी एवम् कर्मचारी क्षेत्रसँग पार्टीका जिम्मेवार निकायबाट सहयोगको अनुरोध गर्नेबाहेक चन्दाका नाममा आतङ्क मच्चाउने र जबर्जस्ती असुली गर्ने कार्य पार्टीको नभएको कुरा आमनेपाली जनतामा हाम्रो पार्टी विनम्र जानकारी गराउँछ । सहयोगदाता महानुभावहरूले पार्टीको आधिकारिकताबाहेक नठगिन र ठगहरूलाई पार्टीमा बुझाइदिन पार्टी विषेष अनुरोध गर्दछ । पार्टीले ठाउँको ठाउँ कारबाही गर्नेछ ।'

पर्चा बोकेकी ...

फोहोर सफा गर्ने मजदुरहरूको तलबमा पैसा कटाउने मालिकहरूको निर्णयविरुद्ध हडताल आह्वान गरिएको राती पाभेललगायत अन्य पचासजना मजदुरलाई गिरफ्तार गरिन्छ । पाभेलको गिरफ्तारीबाट आमा निकै दुःखी हुन्छिन् । पाभेलका सबैजसो साथीहरू पक्राउ पर्छन् र बाँकीमा सन्त्रास फैलाइएको हुन्छ । आमाको घरमा दुई दिनसम्म कोही आएका हुँदैनन् । तेस्रो दिनमा सहरबाट पाभेलका दुई साथीहरू येगोर र समोइलोब आइपुग्छन् ।

पाभेलका ती दुईजना साथीले आमालाई भन्छन्, 'आमा, तपाईंलाई थाहा छ ! यहाँका हाम्रा सबैजसो साथीहरू पक्राउ परेका छन् । अहिले यहाँ पर्चा बाँड्नेसम्म पनि साथीहरू कोही छैनन् ।' पाभेलका ती साथीहरूको कुरा सुनेपछि आमाले कारखानामा पर्चा छर्ने जिम्मा आफू लिन्छिन् र दृढतापूर्वक भन्छिन्, 'तिनीहरूले पनि देखून् पाभेलको हात जेलबाहिर पनि पुग्न सक्छन् ।'

आमा खाना बेच्ने बहानामा कारखानाभित्र पस्छिन् । लुकिछिपी पर्चा बाँड्छिन् । प्रहरी र मालिक छक्क पर्छन् । पर्चाले मजदुरहरूमा अन्यायका विरुद्ध लड्ने साहस पैदा गरिदिन्छ । मजदुरहरूको चर्को विरोधका कारण मालिकहरू तलबमा कटौती गर्ने निर्णय फिर्ता लिन बाध्य हुन्छन् र पक्राउ परेका मजदुरहरूविरुद्ध कुनै प्रमाण नभएपछि क्रमशः रिहा हुँदै जान्छन् ।

पाभेलभन्दा पहिला उक्राइनी (आन्द्रेई) जेलबाट छुट्छिन् र आमाले कारखानामा पर्चा बाँडेकोमा खुसी व्यक्त गर्दै सराहना व्यक्त गर्छिन् । आमा आफ्नो सफलतामा निकै खुसी हुन्छिन् ।

आमा पाभेललाई जेलमा भेट्न जान्छिन् । पाभेल जेलमा भए पनि साथीहरू छुटेकाले आमाको घरमा पहिलेजस्तै बैठक बस्न थाल्छ । आमाले ध्यानपूर्वक सुन्छिन् तर सबै नबुझ्दा दुःखी हुन्छिन् । आमा आफूले राम्रो पढ्न नजानेकोमा पछुताउँछिन् । तैपनि आमा पढ्ने प्रयत्न गर्छिन् । बिस्तारै भुलेका अक्षरहरू सम्झिन थाल्छिन् ।

०००

मिखाइल रिविन आमाकी छिमेकी हुन् । सुरुमा उनको धर्मविरोधी कुराबाट आमालाई चित्त बुझेको थिएन तर बिस्तारै बुझ्दै गएपछि रिविनलाई मन पराउँछिन् । रिविन किसानहरूमा जागृति ल्याउने उद्देश्यले कारखाना छोडी गाउँ जान्छिन् ।

पाभेल जेलबाट छुट्छ । उक्राइनी (आन्द्रेई) र साथीहरू मई दिवसको तयारीमा जुट्छन् । कारखाना मालिकहरू डराउन थाल्छन् । पुलिस सक्रिय हुन्छ । जासुसहरू व्यस्त हुन्छन् । सिभिलियनहरूले जासुसको काम गर्छन् । उनीहरूले क्रान्तिकारीहरूको गतिविधिको सूचना पुलिसलाई पुऱ्याउँछन् ।

पाभेल हातमा झन्डा समाएर मई दिवसको दिन अग्रपङ्क्तिमा उभिएको छ । सांस्कृतिक टिमले अन्तर्राष्ट्रिय गीत गाउँछ, 'उठ जाग भोका नाङ्गा, अब उठाऊ रातो तरबार ।' पाभेलले मजदुरहरूलाई सम्बोधन गर्छ । मजदुरहरू नारा घन्काउँदै अघि बढ्छन् । प्रहरीले जुलुस तितरबितर पार्न खोजे पनि शान्तिपूर्वक अघि बढ्छ । गोली चलाएपछि जुलुसको पछिल्लो भागमा भागदौड चल्छ । तर पाभेलसहितको अघिल्लो टिम दृढतापूर्वक अघि बढ्छ । प्रहरीद्वारा पाभेल पुनः गिरफ्तार पर्छ । आमा भीडको बीचमा लडेको झन्डा उठाएर चिच्याउँदै भन्छिन्, 'साथीहरू हो ! प्रहरी दमनबाट तपाईंहरू नआत्तिनुस् । न्यायका निम्ति मेरो छोरा, मेरो कलेजोको टुक्रा मैदानमा निस्केको छ । उसले सबैको जीवनलाई खुसी बनाउन यो झन्डा उठाएको हो । ऊ एउटा नयाँ जीवन चाहन्छ- सत्य र न्यायको । उसलाई साथ दिन नछोड्नुस् ।'

त्यो घटनापछि आमालाई पक्राउ गर्ने डरले सुरक्षाका निम्ति सहरका इबानोबिच नामको साथीकहाँ बस्ने व्यवस्था गरिन्छ । इबानोबिच सरकारी नोकरी गरेर पनि आफ्नी बिधुवा दिदी सोफियासँग गुप्त रूपमा क्रान्तिकारी गतिविधि गर्ने मान्छे हो । उसको घर पनि आमालाई आफ्नैजस्तो लाग्छ । त्यहाँ पनि गुप्त बैठकहरू हुन्छन् तर सङ्गठनको काम नपाएको कारणले उनी असन्तुष्ट हुन्छिन् । उनी काममा दिनरात व्यस्त रहन चाहन्छिन् ।

एक दिन आमाले किसानहरूका लागि प्रकाशित गरिएको पर्चा र अखबार गाउँ पुऱ्याउने मानिस नभएको कुरा थाहा पाउँछिन् । त्यो काम आमाले पूरा गर्ने विश्वास इबानोबिचलाई दिलाउँछिन् । पहिलोपटक आमा सोफियासँगै गाउँ जान्छिन् । त्यसपछि गुप्त पर्चा, अखबार र पुस्तक गाउँका जनतासम्म पुऱ्याउने काम आमा एक्लै गर्छिन् । आमालाई जान्नेबुझ्ने सबैले माया एवम् सम्मान गर्छन् । गाउँमा आमालाई 'कमरेड' भनी बोलाउँदा निकै खुसी हुन्छिन् ।

०००

रुसी अक्टोबर क्रान्तिको तयारीकालमा भूमिगत कार्यहरूमा सामेल भएर कहिले कारखानाका मजदुर हरूका बीचमा त कहिले दूरदराजमा बस्ने गाउँका किसानहरूका बीचमा तीर्थयात्रीको भेषधारण गरेर पर्चा, अखबार र पुस्तकहरू पुऱ्याउने र क्रान्तिमा योगदान दिने कार्यमा पेलागिया निलोभ्ना नामकी आमा एक्लैले होइन, कैयौँ रुसी आमाहरूले ठूलाठूला जिम्मेवारीहरू वहन गरेका थिए । तिनै आमाहरूको प्रतिनिधि पात्रका रूपमा पेलागिया निलोभ्ना नामकी आमालाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

रुसी क्रान्तिको समयमा इबानोबिचजस्ता योद्धा हुन्छन् जो बारम्बार जेलमा कैद हुन्छन्, निर्वासित हुन्छन् । फेरि उही उत्साहका साथ क्रान्तिमा प्रतिबद्ध भई लाग्छन् । क्रान्तिमा येगेरजस्ता नौजवानहरू हुन्छन् जो गरिबी र भोकका कारण बिरामी भएर पनि दिनरात काम गर्छन् र हाँस्दाहाँस्दै मृत्युवरण गर्छन् । क्रान्तिमा सासा र नातासाजस्ता केटीहरू हुन्छन् जो जमिनदार र सरकारी अफिसरका छोरीहरू भएर पनि क्रान्तिकारी योद्धा बनेका हुन्छन् र सबै सुख त्यागेर अभाव, कष्ट, जेल र निर्वासनको जीवन बिताउँदै सुखी र उत्साहित हुन्छन् । क्रान्तिमा रिविनजस्ता योद्धा हुन्छन् जो किसानहरूमा जागृति ल्याउने काम गरेको आरोपमा प्रहरीको दमनबाट रक्ताम्मे हुन्छन् र थुनिन्छन् तर क्रान्तिको लक्ष्यप्रति निष्ठावान् रहन्छन् । सोफिया र लुदमिलजस्ता महिला योद्धाहरू हुन्छन्, उनीहरू कठिन समयसँग जुधिरहेका हुन्छन् तर एक क्षण पनि कर्तव्यपथबाट विचलित हुँदैनन् ।

पाभेल र उसका साथीहरूविरुद्ध अदालतमा मुद्दा चल्छ । मुद्दा त नाटक मात्र हो भन्ने कुरा आमा राम्रोसित बुझ्छिन् । प्रहरीले न्यायका नाममा गरेको पाखण्डी व्यवहारप्रति आमाको हृदयमा घोर वितृष्णा जाग्छ र पाभेलको लक्ष्यप्रति दृढ विश्वास पलाउँछ । मई दिवसमा पक्रिएका सबैजनालाई निर्वासनको सजाय सुनाइन्छ । मजदुरहरूले अदालतको 'न्याय' को विरोध गर्छन् र पाभेलको भाषण छापिनुपर्ने राय व्यक्त गर्छन् ।

पाभेलको भाषण जनतासम्म पुऱ्याउने जिम्मा पनि आमाले लिन्छिन् । एक दिन सुटकेस लिई आमा बस स्टेसनमा बसिरहेकी हुन्छिन् । निकै दिनदेखि पिछा गरिरहेको जासुस आमाको दृष्टिमा पर्छ । जासुस गएको केही समयपछि प्रहरी आइपुग्छ ।

आमाले झोलाबाट पर्चा निकाल्छिन् र बेन्चमा उभिएर पर्चाको चाङ उठाउँदै भन्छिन्, 'हिजो राजनीतिक कैदीहरूविरुद्ध मुद्दा चलाए र उनीहरूमा मेरो छोरो पाभेल पनि छ । पाभेलले अदालतमा दिएको भाषण यो पर्चामा छापिएको छ ।' स्टेसनमा रहेका सबै यात्रुहरू उनीतर्फ हेर्छन् । आमा पर्चाको चाङ हावामा उडाइदिन्छिन् । सबैजना उत्सुकतावपूर्वक पर्चा टिप्छन् र लुगाभित्र लुकाउँछन् । आमा भन्छिन्, 'बुझ्यौ ? मेरो छोरा र उसका साथीहरूविरुद्ध किन मुद्दा चलाएका छन् ? किनकि उनीहरू सत्य बोल्छन् ।'

०००

'ए ! बूढी ! तल ओर्ली र आफ्नो मुख बन्द गर !' प्रहरीले आमालाई टाउकोमा हिर्काउँदै भुइँमा झार्छ । प्रहरीले आमालाई घिसार्दै भीडलाई तितरबितर पार्छ । आमा छुट्नका निम्ति प्रयास गर्छिन् तर घिसारिँदै जान्छिन् । उनी भन्छिन्, 'साथीहरू ! नडराउनुहोस्, हामी अति गएगुज्रेको जिन्दगी व्यतित गर्दैछौँ, त्योभन्दा खराब अरू केही हुन सक्दैन ।' आमाको आवाज सुनेर 'चुप होऊ कुकुर्नी' भन्दै प्रहरीले आमाको टाउकोमा हिर्काउँछ । उनी रगताम्य भएर बेहोस हुन्छिन् । मान्छेहरूको कोलाहल सुनेर उनको होस फर्कन्छ । मानिसहरू क्रोधमा हुन्छन् र चिच्याउँछन्- 'खबरदार ! आमालाई पिट्न पाइँदैन ।'

प्रहरीले आमाको पीठ र गर्धनमा मुक्का हिर्काउँछन् । चिच्याहट र क्रन्दनले वातावरण कोलाहलमय हुन्छ । आमाको शरीरभरि आगोले पोलेझैँ पीडा हुन्छ । अशक्त शरीर लल्याकलुलुक हुन्छ । तर उनको आँखामा चमक हुन्छ अर्थात् क्रान्तिप्रति आशा, विश्वास र प्रतिबद्धताको आगोजस्तै चमक ।

प्रहरीले आमालाई ढोकाभित्र हुल्छ । आमा चिच्याउँछिन्, 'ए उल्लुहरू हो ! रगतको खोलाले पनि सत्यलाई दबाउन सक्दैनौ । तिमीहरू जति बढी दमन गर्छौ, तिमीहरूप्रतिको घृणा उति नै बढ्नेछ र एक दिन आक्रोशको पहाड तिम्रो टाउकोमा बज्रिनेछ ।' आमाले आफ्नो आवाज बुलन्द गर्दै क्रान्तिकारी परिवर्तनका निम्ति लड्न आह्वान गरेकी छिन् ।

क्रान्तिकारी जीवन सङ्घर्षको शौर्यगाथा कोरिएको उपन्यासमा समाजका शोषक र शोषित वर्गबीचको वर्गसङ्घर्षलाई अत्यन्तै मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । निजी जीवनभन्दा क्रान्तिलाई आत्मसात गर्नेहरू यथार्थमा समाजवादी हुने, निजी सम्पत्ति र शोषणमा आधारित पुँजीवादी सत्ता अन्त्य नहुँदासम्म क्रान्तिलाई जारी राख्नुपर्ने कुरा उपन्यासमा रहेको छ । यो उपन्यास विश्वभरका सर्वहारा श्रमजीवी तथा मजदुर वर्गका पक्षमा लेखिएको छ ।

'सपनाको भन्ज्याङतिर' प्रकाशित

अखिल नेपाल लेखक सङ्घका महासचिवसमेत रहेका कवि एवम् निबन्धकार खोमा तरामु मगरको निबन्ध सङ्ग्रह 'सपनाको भन्ज्याङतिर' बजारमा आएको छ । निबन्ध सङ्ग्रहमा २६ वटा रचनाहरू रहेका छन् । बुटवलमा रहेर कविता र निबन्धको क्षेत्रमा कलम चलाउँदै आएका तरामु मगरको निबन्ध सङ्ग्रहमा विद्यमान शोषणकारी समाजको परिवर्तन र नयाँ समाजको निर्माणका सपनाहरूलाई सजाइएको छ ।

समाजका सबैभन्दा पिँधमा रहेका वर्गले भोग्दै आएका दुःख, पीडा र उनीहरूको सुन्दर सपनाहरूलाई निबन्धहरूमा समेटिएको छ । निबन्धबारे वरिष्ठ साहित्यकार दिल साहनीले भनेका छन् "नयाँ समाजको निर्माण तथा शान्ति र प्रगति नै उनको निबन्धको मूल सार हो ।"

पुस्तकभित्रका निबन्धहरूले स्थान, पात्र, परिवेश, घटना सबैका माध्यमबाट नयाँ र उन्नत समाज निर्माणलाई केन्द्रमा राखेका छन् । निबन्धकार खोमा भन्छन्, "मैले सत्य, न्याय, दमित, शक्तिहीनहरूका पक्षमा र सबैखालका अमानवीय प्रवृत्तिविरुद्ध निबन्धमार्फत आवाज उठाएको छु ।" उनले भने, "सहिद, बेपत्ता तथा घाइते योद्धाहरूका अलपत्र सपनाहरूभित्र रहेका निःसृत उद्वेलन र उनका प्रियजनहरूभित्र थाम्नै नसकिने गरी उर्लिएको विद्रोह र नयाँ समाज निर्माण गर्ने उत्कट आकाङ्क्षाहरूको बयानीलाई निबन्धहरूमा समेटेको छु ।"

पुस्तकको प्रकाशन अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समितिले गरेको हो । सहिद, बेपत्ता र घाइते योद्धाहरूले देखेको अधुरो सपनाहरूलाई समेटिएका निबन्धहरूमा नयाँ समाज-व्यवस्थाको दुरुस्त ऐना देखाइएको छ । पुस्तक १५२ पृष्ठ रहेको छ । तरामु मगरको यो पहिलो निबन्ध सङ्ग्रह हो ।

नेकपाका अर्का घाइते नेता राजीव पनि गिरफ्तारपछि बेपत्ता ! अमानवीय र क्रूर बन्दै सरकार

रातो खबर साप्ताहिकका निर्देशक अनिल शर्मा 'विरही' लाई बिरामी अवस्थामै अस्पतालबाट गिरफ्तार गरेको तीन दिनमै केपी वली-रामबहादुर थापा सरकारले युवा सङ्गठन नेपाल सिन्धुलीका अध्यक्ष राजीव सुनुवार 'अखण्ड' लाई पनि खुट्टा भाँचिएर उपचार गराइरहेको अवस्थामा काठमाडौँबाट आइतबार गिरफ्तार गरेको छ ।

पार्टी कामको सिलसिलामा केही दिनअघि दुर्घटनामा परेर खुट्टा भाँचिई काठमाडौँ जोरपाटीस्थित अर्थोपेडिक आयुर्वेदिक अस्पताल जनरल बेड नं. २३५ मा भर्ना भएर खुट्टामा रड हाली उपचार गराइरहेको अवस्थामा रामबहादुर गृह प्रशासनले राजीवलाई गिरफ्तार गरी बेपत्ता बनाएको पारिवारिक स्रोतले जनाएको छ । गिरफ्तार गरी आइतबार बौद्धस्थित प्रहरीचौकीमा राखिएका राजीवलाई सिन्धुली लग्ने भन्दै बेपत्ता बनाएको परिवारका सदस्यहरूले बताएका छन् । बिरामी परेर उपचार गराइरहेका नेकपाका नेता-कार्यकर्तालाई पनि गिरफ्तार गरी बेपत्ता बनाउने सरकारी कार्य अमानवीय र क्रूर रहेको भन्दै चौतर्फी आलोचना भएको छ ।

यसैबीच नेपाल कम्युनिस्ट पार्टी सिन्धुलीले आफ्नो पार्टीका जिल्ला नेता-कार्यकर्ताहरूलाई प्रहरीले कुटपिट गरेर खुट्टा भाँचिदिएको र अमानवीय तरिकाले गिरफ्तार गर्ने कार्य जारी राखेको भन्दै सबैको ध्यानाकर्षण गराएको छ । साथै नेकपाले आफ्नो पार्टीका गिरफ्तार गरिएका नेता-कार्यकर्ताहरूलाई बिनासर्त रिहाइको माग पनि गरेको छ ।

नेकपा सिन्धुलीका तर्फबाट प्रसिद्धका नाममा सोमबार जारी प्रेस विज्ञप्तिमा आफ्नो पार्टीका जिल्ला सदस्य अखण्डलाई प्रहरीले गिरफ्तार गर्नका लागि गोली प्रहार गर्नुका साथै खुट्टा भाँचिदिएको भन्दै काठमाडौँको जोरपाटीमा रहेको एक अस्पतालमा उपचार गराइरहेको बेला अमानवीय ढङ्गले गिरफ्तार गरेकाले बिनासर्त रिहाइको माग गरिएको छ ।

नियमित

हृदयमा कोरिएका अजम्मरी तस्बिरहरू

✍ अम्बिका चन्द

कहिलेकहीँ सपनाहरूको बाढी उर्लिएर हो वा स्मृतिहरू दोहोरिएर हो, मन एकोहोरो हुन पुग्छ। बैंसको उकालो चढ्ने बेला जूनसँग लुक्ने र फूलसँग लजाउने, मसिना तर गाढा र खँदिला सम्झनाहरू अहिले पनि तँछाडमछाड गर्दै मनको मझेरीमा ओर्लन्छन् । ती यादहरू बल्झँदा यस्तो लागिरहेको हुन्छ- यो दिनमा रात कहिल्यै नओर्लीयोस् अर्थात् यो रातमा बिहान कहिल्यै नउदाओस् किनकि दिनमा गरेको कल्पना र रातमा देखेको सपनाको सिलसिला नटुटोस् अनि सुखद अन्त्य होस्। यो लाखौँ मान्छेहरू बसेको सहरमा रात डुबेको बेला मेरो स्मृतिपटलमा कुनै आकृतिहरू र बिम्बहरू यसरी पल्टिल्छन्, तिनले मलाई लगातार बेचैन बनाउँछन् । कहिलेकहीँ त पानीपानी हुन्छु र आफूले आफैँलाई समाल्न पनि हिम्मत बटुल्नुपर्ने हुन्छ। कुनै घटना परिघटना वा सन्दर्भहरू यस्ता हुने गर्दछन् जसले मनमा निकै आक्रोश, आवेग वा उत्साहले तरङ्गित बनाउँछन् । मनमा पैदा हुने यस्ता संवेगहरू उद्वेलनहरू जसको मलाई शब्दमा बयान गर्न मुस्किल हुन्छ।

आज फेरि अपरिचित भए पनि परिचितझैँ लाग्ने एउटा प्रेमिल अनुहारको प्रतिबिम्ब बेस्सरी नै हृदयको गहिराइमा गढेको छ जुन तस्बिरले मलाई रातमा निदाउन मुस्किल बनाएको छ। त्यो स्वप्नील तस्बिर हो एब्रु तिम्तिकको नेपाली समयअनुसार भदौ १४ गते आइतबार पृथ्वीबाट एउटा तारा अस्तायो । टर्कीकी एक होनहार क्रान्तिकारीको एक सफेद र स्निग्ध अनुहार भौतिक रूपमा यो संसारबाट बिदा भयो। उनको फूलजस्तो भौतिक शरीर र जुनजस्तो मुखाकृति आगोमा बलेको छ। टर्कीको माटोमा जन्मिएर विश्व-सर्वहारा वर्ग र सिङ्गो मानव जातिको न्यायका निम्नि लड्दालड्दै ४२ वर्षीय अधिकारकर्मी जो २३८ दिनदेखि भोक हडतालमा थिइन् । हेलिन बोलेकको निधन भएको केही समयपछि २३८ दिनको भोक हडतालबाट इब्रु तिम्तिकको निधन भएको भयो । रिभ्युलुसनरी पिपुल्स लिबरेसन फ्रन्टको सदस्य भएको आरोपमा सरकारले टर्कीका क्रान्तिकारीहरूलाई गिरफ्तार गरेर कठोर कारावास सजाय दियो र उनीहरू बन्द जेलभित्रबाट न्यायको लडाइँ लडिरहेका छन् र अहिलेसम्म ५ जनाले जीवनको आहुती दिइसकेका छन् तर उनीहरूले पहाडभन्दा गह्रौँ मृत्युवरण गरेका छन्।

शासकहरूको अन्याय, अत्याचार र शोषण-दमनका विरुद्ध २३८ दिन लामो भोक हडतालपछि तिम्तिकको भौतिक शरीर टर्कीको माटोमा मिलेको दिन टर्कीका शासकहरूलाई लाग्यो होला- टर्कीको माटोमा एउटा रातो लालटिन निभेको छ तर उनको विचार क्रान्तिको मसाल बनेर दन्किएको छ। उनको आस्था झनै अजम्मरी बनेको छ। उनको उद्देश्य जूनजस्तै चम्किलो बनेर आकाशगङ्गा नापिरहेको छ जसलाई संसारका करोडौँ मुक्तिकामीहरूले एकैपटक चम्किएको जून नियालिरहेका छन् र श्रद्धाले शिर निहुराइरहेका छन्। मानव जाति र विश्वभरिका न्यायका पक्षपातीहरूलाई छोडेर गएको इब्रु तिम्तिकको यो साहस र महान् कार्य युगौँयुगसम्म बाँचिरहनेछ। महान् मान्छेले छोडेर गएका सपना र उद्देश्यहरू तिनको भौतिक जीवनभन्दा हजार गुणा अजम्मरी हुने गर्दछन्। मर्छ त केवल भौतिक शरीर तर उसको आस्था र विचार अजम्मरी हुने गर्दछ।

महान् मान्छेहरूको सपना र लक्ष्य अक्सर उचो हुने गर्दछ। महान् मान्छेहरू एउटा उचो लक्ष्य लिएर गन्तव्य चुम्न अघि बढ्छन्। कार्ल मार्क्सले भन्नुभएको छ- मलाई त एउटा महान् र उचो लक्ष्य चाहिन्छ। त्यसका लागि आजीवन सङ्घर्षको अटुट सिलसिला चाहिन्छ । महामानव कार्ल मार्क्सले १८ वर्षको युवाअवस्थामा करिब २ सय वर्षअघि हामीलाई छोडेर गएको यो कविताको उचाइ र महत्व आज पनि उत्तिकै महत्वको र सान्दर्भिक छ। मलाई लाग्छ- पृथ्वीमा मार्क्सवाद प्रयोगमा सफल हुन कति समय लाग्ला तर मार्क्सको यो ओजस्वी विचार जबसम्म मानवसभ्यता रहन्छ त्यति बेलासम्म अमर रहनेछ। कार्ल मार्क्सको जस्तै अजम्मरी लक्ष्य बोकेर अजम्मरी यात्रामा मिसिएका छन्- अधिकारकर्मी इब्रु तिम्तिक, गायक हेलिन बोलेक र उनका अरू तीन सहकर्मीहरू । साम्राज्यवादको जुठोपुरो खाने टर्कीको फासिवादी सरकारले टर्कीका श्रमजीवी जनताको मुक्तिका निम्ति आवाज उठाउँदै आएका क़ानुन व्यवसायी तथा मानवअधिकारकर्मीहरू, संस्कृतिककर्मीहरू इब्रु तिम्तिक, हेलिन बोलेकहरूको आवाजमा प्रतिबन्ध लाउने कोसिस गरेको छ। शासकहरूले राता मान्छेहरूको शरीर बन्धक बनाए पनि आस्थाको राँको झन् प्रज्वलनशील बनेको छ, बरु फासिवादी शासकहरूको नाङ्गो रूप र असली चरित्र उदाङ्गो भएको छ। टर्कीलगायत विश्वमै मरणासन्न अवस्थामा रहेको साम्राज्यवाद मर्ने बेलाको कमिलाले प्वाँख उमारेजस्तै दारा-नङ्ग्रा उमारिहेको छ तर यसको अवसानको घडी नजिकनजिक आइरहेको छ । हेलिन बोलेक र तिम्तिकलाई श्रद्धाञ्जली दिन टर्कीका सहरमा निस्किएका जनताहरूको भीड हेर्दा यस्तो लाग्छ- त्यो भीडले साम्राज्यवादको जुठोपुरो खाने शासकहरूको आयु धेरै लामो छैन र त्यो भीड टर्कीका शासकहरू र शासन व्यवस्था अन्त्य गर्ने मलामीको भीड हो।

टर्कीका क्रान्तिकारी छोरीहरूलाई त्यहाँको शासन सत्ताले मारेको छ। ठीक यस्तै हाम्रो देशका शासकहरूले पनि कलम समातेको र कविता लेखेको आरोपमा कृष्ण सेनहरू र गीत गाएको आरोपमा चुनु गुरुङहरूलाई मारेका छन्। आज पनि क्रान्तिको गीत गाएको आरोपमा माइला लामाहरू र वैज्ञानिक समाजवादको बहस सिर्जना गरेको आरोपमा सुदर्शनहरू जेलको चिसो छिँडीमा फलामे साङ्लोमा बेरिएका छन् । क्रान्तिकारीहरूले यस्ता कठिनाइहरू अनिवार्य सामना गर्नुपर्दछ। कमरेड गोन्जालोले 'यात्राका घुम्तीहरूमा भौतिक शरीर कतै धरापमा पर्नसक्छ' भनेझैँ भौतिक शरीर त कतै अस्ताउन सक्दोरहेछ तर सपना उचो भएमा त्यो जून बनेर उदाउँदो रहेछ भन्ने साक्षी हुन हेलिन बोलेक र इब्रु तिम्तिक अनि कृष्ण सेन र चुनु गुरुङहरू। त्यसैले म माइला लामा र सुदर्शनहरूलाई नेकपाका महासचिव कमरेड विप्लवको शब्द सापटी लिएर भन्न चाहन्छु :

मेरो रगत बग्यो भने
यही पवित्र माटोमा मिलोस्
शरीर ढल्यो भने
प्रिय सहिद–सपूतहरूसँगै सुतोस् !
नलागोस् खोट, आदर्श बाँचिरहोस्
खपेर सारा चोट सपना चम्किरहोस् !

कार्ल मार्क्सले भनेझैँ कठिनाइहरूबिनाको शून्य जीवन राता मान्छेहरूका लागि कदापि स्वीकार्य हुँदैन। उनीहरूका तुफानी मनहरूलाई एउटा महान् र उचो लक्ष्य चाहिन्छ र त्यसका लागि जीवनभर सङ्घर्षको अटुट क्रम । उत्पीडन र लाचारीहरूका विरुद्ध उचो उद्देश्य लिएर बाँच्ने आकाङ्क्षा, आक्रोश, आवेग र अभिमानले असल मानिस भएर बाँच्ने यात्रामा हेलिन बोलेक र तिम्तिकहरूले आफ्नो नाम दर्ता गराएका छन्। हृदयमा गरिहाइका कहिल्यै नमेटिने आकृति छोडेर गएका तिनै राता मान्छेहरूलाई नेपाली भूमिबाट रातो सलाम। राता मान्छेहरूकै सम्मानमा एउटा गीतको हरफ :

संसारभरि कहाँ झुके खै क्रान्तिका राता सिपाही
झुकेनन् ती पेरूमा, झुकेनन् ती टर्कीमा
झुकेनन् ती फिलिपिन्समा, लड्दैछन् ती भारतमा...

'भ्रष्टहरूलाई जनताले खोजीखोजी कारबाही गर्छन्'

ललितपुर : नेपाल कम्युनिस्ट पार्टी ललितपुरले ललितपुरमा नेवार समुदायले मनाउँदै आएको रातो मच्छिन्द्रनाथको जात्रामा सरकारले बल प्रयोग गरी हस्तक्षेप गर्नुका साथै केहीलाई गिरफ्तार गरेको भन्दै बिनासर्त रिहाइको माग गरेको छ।

ललितपुरका सेक्रेटरी विदुषीले प्रेस विज्ञप्ति जारी गर्दै ऐतिहासिक महत्व रहेको नेवार समुदायको आस्था र विश्वासमाथि कुल्चिएर सरकारले आफ्नो चरित्र उदाङ्गो पारेको भन्दै जनतासँग समन्वय गरेर अगाडि बढ्नुको साटो प्रशासनले बल प्रयोग गरेको भन्दै आपत्ति जनाएका छन्।

सीसीटीभी फुटेज हेरीहेरी जनताका छोराछोरीहरूलाई घरघरमा गएर लछारपछार गरी झूट्टा मुद्दा लगाएर दुःख दिने कार्य गरेको भन्दै जनप्रतिनिधिहरूको घरघरमा गएर भ्रष्टहरूलाई खोजीखोजी जनताले कारबाही गर्ने चेतावनी विज्ञप्तिमा दिइएको छ।

नेकपा बाँकेद्वारा शाहीप्रति श्रद्धाञ्जली

काठमाडौँ : नेपाल कम्युनिस्ट पार्टी बाँकेले दैलेखी कम्युनिस्ट आन्दोलन र जनयुद्धमा महत्वपूर्ण योगदान पुऱ्याएका रामबहादुर शाहीको निधन भएको जानकार ीसहित श्रद्धाञ्जली व्यक्त गरेको छ।

नेकपाका बाँके जिल्ला सेक्रेटरी सुशील सिंहले शुक्रबार शोक वक्तव्य जारी गर्दै हाल बाँकेको कोहलपुरमा बस्दै आएका शाहीको साउन १८ गते ६३ वर्षको उमेरमा निधन भएको जनाएका छन् । उनले मृतकप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारप्रति समवेदना प्रकट गरेका छन्।



नगरबासीमा अनुरोध

१) व्यक्तिगत घटना (जन्म, विवाह, बसाई-सराई, सम्बन्ध बिच्छेद, मृत्यु) को ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा निःशुल्क दर्ता गराइ प्रमाणपत्र लिऔँ।
२) नगरपालिका कार्यालयमा बुझाउनुपर्ने विभिन्न प्रकारका कर/सेवा शुल्क समयमै बुझाऔँ।
३) आफ्नो टोल, चोक, घर, आँगन, हामी आफैले सफा सुग्घर राखी स्वच्छ र हराभरा नगरपालिका निर्माणमा योगदान गरौँ। घर अगाडीको सडक तथा फुटपाथमा निर्माण समाग्री तथा अन्य कुनै पनि सामाग्री नराखौँ।
४) नगरपालिका क्षेत्रमा प्लटिङ्ग व्यवसाय गर्नेहरूले सम्बन्धित निकायसँग अनुमती लिएर मात्र प्लटिङ्ग गरौँ।

तारकेश्वर नगरपालिकाको कार्यालय, काठमाडौँ

नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरूलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔँ। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौँ। सुताएर, घोप्ट्याएर प्रयोग नगरौँ।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौँ। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौँ। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौँ र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौँ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौँ।

ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौँ।
२. ग्यास हावाभन्दा गह्रौँ हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौँ र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौँ। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔँ।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौँ। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौँ।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ